दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

आवद्धता

# बागमती प्रोस्कून

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.

**Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.**




# 3rd Annual Report

December 1, 2023

# तेस्रो वार्षिक प्रतिवेदन

## २०७९/०८०

२०८० मंसिर १५ गते, शुक्रवार


Head Office: Banepa-07. Kavrepalanchok
Tel: 011-665368. Email: bagmatiproscun@gmail.com
www.bagmatiproscun.org.np

# संचालक समिति



**उद्धव सापकोटा**
अध्यक्ष



**श्री प्रकाश श्रेष्ठ**
वरिष्ठ उपाध्यक्ष



**श्री कल्पना श्रेष्ठ**
महिला उपाध्यक्ष



**श्री जिवसराज खड्का**
महासचिव



**श्री गोविन्द प्रसाद काफ्ले**
सचिव



**श्री केशव प्रसाद ढंगाल**
कोषाध्यक्ष



**श्री इन्द्र घिमिरे**
सदस्य



**श्री तेजेन्द्र बहादुर खड्का**
सदस्य



**श्री जगन्नाथ दाहाल**
सदस्य



**श्री ठाकुर प्रसाद बास्कोटा**
सदस्य



**श्री कृष्णगोविन्द लाखाजु**
सदस्य



**श्री प्रदिप थापा**
सदस्य



**श्री ओम प्रसाद आचार्य**
सदस्य



**श्री कृष्णहरि कोईराला**
सदस्य



**श्री राधा कडरिया**
सदस्य



**श्री तारानाथ सापकोटा**
सदस्य



**श्री कृष्ण प्रसाद सुवेदी**
सदस्य

## लेखा सुपरीवेक्षण समिति



**श्री देव प्रसाद त्रिपाठी**
संयोजक



**श्री रमेश श्रेष्ठ**
सदस्य



**श्री रमिला शाक्य श्रेष्ठ**
सदस्य

## सल्लाहकार



**श्री मिनराज कँडेल**



**श्री के.वि. उप्रेती**



**श्री डि.वि. बस्नेत**



**श्री परितोष पौड्याल**



**श्री ऋषिराज घिमिरे**



**श्री चन्द्रप्रसाद ढकाल**



**श्री दिपक पनेरु**



**श्री रामहरि के. सी.**

## कार्यालय व्यवस्थापन



**केशबप्रसाद दाहाल**
प्रमुख कार्यकारी अधिकृत



**नवराज घोरासाइने**
कार्यक्रम अधिकृत



**सुर्दशन दाहाल**
व्यवसाय अधिकृत



**बिमला पुडासैनी**
कार्यक्रम अधिकृत



**शिबप्रसाद शर्मा**
सहायक अधिकृत



**लक्ष्मी पन्थ तिवारी**
व्यवस्थापन सहायक



**सोनी थापा**
व्यवस्थापन सहायक



**सानुमैया दाहाल**
सदस्य सेवा सहायक



**रामकृष्ण ढुलाल**
व्यवसाय सहायक



**अन्जु गुरागाई**
सहयोगी



**लक्ष्मी खड्का**
सहयोगी


दोस्रो वार्षिक साधारण सभा
२०७९ पौष २ गते शनिबार
काठमाडौं
बागमती प्रोस्कून
बागमती प्रोस्कून








'सुरक्षित सहकारी सञ्चालनमा आन्तरिक परीक्षणको महत्व'
विषयक १ दिवसीय कार्यशाला गोष्ठी


बागमती प्रोस्कून तेस्रो स्थापना दिवस
3rd BAGMATI PROSCUN DAY
२०८० श्रावण १३ गते, शनिबार (29th July 2023)
भोज बैन्क्वेट, नयाँबानेश्वर, काठमाडौं
बागमती प्रोस्कून
www.bagmatiproscun.org.np



मिति : २०८०/०७/१३
प.सं. : २०८०/०८१
च.नं. : १७८

श्रीमान अध्यक्ष ज्यू,
संघमा आवद्ध सम्पूर्ण सदस्य संघ/संस्थाहरु

**विषय : तेश्रो वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को विनियम २०७७ को दफा ३० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०८० भाद्र ११ गते बसेको सञ्चालक समितिको १९ औं पूर्ण बैठकको निर्णयानुसार देहाए बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि संघको तेश्रो वार्षिक साधारण सभा देहाएको मिति, स्थान र समयमा हुने भएको हुँदा यस संघमा आवद्ध सम्पूर्ण सदस्य संघ संस्थाहरुका प्रतिनिधीज्यूहरुलाई तोकिएको मिति, स्थान र समयमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने :**

मिति : २०८० मंसिर १५ गते शुक्रवार
समय : बिहान ९:०० बजे (प्रतिनिधी नामदर्ता बिहान ८:१५ बजे देखि)
स्थान : काठमाडौ बैंङ्क्वैट, नयाँ बानेश्वर, काठमाडौं

**साधारण सभाका प्रस्तावहरु :**

१. निर्णय पुस्तिका प्रमाणिकरण गर्ने प्रतिनिधी चयन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन र आ.व २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. आर्थिक वर्ष २०७९/०८० को आर्थिक प्रतिवेदन र आ.व २०८०/०८१ को प्रस्तावित बजेट सम्बन्धमा ।
४. आर्थिक वर्ष २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
६. संघको विनियम संशोधन सम्बन्धमा ।
७. आन्तरिक नीति तथा कार्यविधीहरु पारित सम्बन्धमा ।
८. आ.व २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
९. विविध ।

जिवसराज खड्का
महासचिव

नोट :

१. साधारण सभामा उपस्थित हुँदा संघ/संस्थाले संघको लागि आधिकारिक प्रतिनिधी तोक्न गरेको निर्णय र संलग्न प्रतिनिधी मनोनयन फारम प्रमाणित गरी पेश गर्नु हुन अनुरोध गर्दछौं । सभाको दिन बिहानको खाजा र दिवा खानाको संघले व्यवस्था गरेको छ । अन्य खर्च संस्था स्वयम्ले व्यहोर्नु पर्नेछ ।
२. आ.व २०८०/०८१ को नियमित बचत २०८० कार्तिक मसान्त भित्र जम्मा गरिदिनु हुन ।

# यस भित्र .........

संघको तेश्रो वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य

संघको तेश्रो वार्षिक साधारण सभा समक्ष प्रस्तुत आ.व २०७९/०८० को प्रगति प्रतिवेदन तथा आ.व २०८०/०८१ का लागि प्रस्तावित कार्ययोजना (नीति तथा कार्यक्रम)

संघको तेश्रो वार्षिक साधारण सभा समक्ष प्रस्तुत आ.व २०७९/०८० को यथार्थ आयव्यय विवरण तथा आ.व २०८०/०८१ का लागि प्रस्तावित आयव्यय विवरण तथा बजेट

संघको तेश्रो वार्षिक साधारण सभा समक्ष लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व २०७९/०८० को आन्तरिक लेखा परीक्षण प्रतिवेदन

आ.व २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन

# अध्यक्षको मन्तव्य



अध्यक्ष – उद्धव सापकोटा

'सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल' को परिकल्पना बोकेको बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को गरिमामय तेश्रो वार्षिक साधारण सभालाई अत्यन्त महत्व प्रदान गरी आफ्नो अमूल्य समय उपलब्ध गराई सभाको गरिमा वृद्धिका लागि समुपस्थित श्रद्धेय प्रमुख अतिथी ज्यू, सभाका विशिष्टी अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, संघका सल्लाहकार ज्यूहरु, संघका सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारी एवम् सदस्य ज्यूहरु, संघका विभिन्न उपसमितिका सदस्य ज्यूहरु, प्रमुख कार्यकारी अधिकृत लगाएत संघमा कार्यरत कर्मचारी मित्रहरु, पत्रकार एवम् सञ्चारकर्मी मित्रहरु संघको प्रगतिका लागि प्रत्यक्ष र परोक्ष रुपमा मार्गदर्शन गर्नु हुने, सहयोग गर्नु हुने र बचत तथा ऋण सहकारी अभियानको भविष्य प्रति चिन्तन गर्ने सम्पूर्ण व्यक्ति व्यक्तित्वहरुमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै सहकारी अभिवादन व्यक्त गर्दछु ।

सहकारीले सदस्यको जीवन र समाजको रुपान्तरण गर्न सक्यो भने मात्र अभियानले सार्थकता प्राप्त गर्दछ । अभियानले सार्थकता प्राप्त गर्दा मात्र देश निर्माणमा सहकारी क्षेत्रको योगदानले निर्णायक स्थान प्राप्त गर्न सक्दछ । यस तथ्यमा आधारित रही सहकारी अभियानमा आफ्नो छुट्टै पहिचान स्थापित गराउनका लागि तल्लिन यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) ले आफ्नो स्थापनाको तेश्रो वर्षमा आईपुग्दा आफ्नो अपरिवर्तित भूमिका स्थापित गर्न सकेकोमा खुशी व्यक्त गर्दै यस अवस्थासम्म ल्याउनका लागि अहम् भूमिका खेल्नु हुने सम्पूर्ण सदस्य संघसंस्थाहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

बिगत २ वर्ष देखि लगातार आर्थिक मन्दीको प्रभावले वित्तीय क्षेत्र संकटग्रस्त बन्दै गई रहेको छ । मन्दीको शुरुवातमा सहकारी क्षेत्रको कारण आर्थिक संकट आउन लागेको भाष्य सृजना गर्ने अनेकन कुचेष्टाहरु भए । त्यसो त समुदायलाई आधार नमानी व्यक्तिगत महत्वकाँक्षा पूरा गर्ने व्यवसायिक प्रयोजनका लागि सञ्चालन भएका, सहकारी खोलि स्वरोजगार बन्ने हेतुले स्थापना भएका र आर्थिक पारदर्शिता तथा आर्थिक परिचालनका सामान्य मूल्य मान्यता पनि थाहा नपाई सहकारीका सिद्धान्त तथा मूल्य मान्यताको पालना गर्न अनिक्ष्या व्यक्त गर्ने केही व्यक्तिहरुले सञ्चालन गरेका सहकारी संस्थाहरुबाट अर्बौ रुपैया संकटमा पर्दा आम जनमानसमा पर्ने नकारात्मक प्रभावलाई हामीले चाहेर पनि छोप्न सक्दैनौं, तर वित्तीय संकटको अवस्था सहकारीमा मात्र पैदा भएको नभई सम्पूर्ण वित्तीय क्षेत्रमा संकट देखिएको र सहकारीमा भन्दा अझ ज्यादा अन्य क्षेत्रमा देखिएको कुरा भने हामीले विर्सनु हुदैन् । यस तथ्यलाई शेयर बजारमा आएको गिरावट, बीमा तथा बैंकिङ्ग क्षेत्रमा परेको प्रभाव, वस्तु तथा सेवाको बजारमा बढेको महंगी र नेपाल सरकारको भुक्तानी सन्तुलन क्षमतामा आएको ह्रासले पुष्टी गर्दछ ।

यस विषम परिस्थितिको मिलेर सामना गर्नुको कुनै विकल्प छैन् । 'संकट पछि परिवर्तन सम्भव छ' यो हाम्रो विश्वास हो । त्यसैले हामीले कार्डिनल गिवन्सको "सुधार भित्रबाटै हुनु पर्दछ, कानुन बनाएर मानिसमा सद्‌गुण विकास गर्न सकिदैन" भन्ने भनाईलाई आत्मसाथ गर्दै संघलाई अगाडि बढाउदै आइरहेका छौं । अर्काको कद घटाएर आफुलाई अग्लो बनाउने कुरामा हामी विस्वास गर्दैनौं र आगामी दिनमा पनि यो कुरामा विश्वास गर्ने छैनौं । आफ्नो बलबुताले भ्याएसम्मको सबै शक्ति खर्च गरेर आफ्नो नियमित काम नै छाडेर अर्काले गरेको कामको टिकाटिप्पणी गर्ने, अरुलाई कमजोर करार गर्नका लागि सबै किसिमको हत्कण्डा अपनाउने र आफु मात्रै सबल, सक्षम र पूर्ण सम्झेर अरुको भूमिका स्वीकार नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै आफुसंग भएको श्रम, सीप, दक्षतालाई अभियान सुध्रिढीकरणका लागि विभिन्न विषयहरुमा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्न, अभियानका लागि आवश्यक सक्षम जनशक्ति विकासका लागि पाठ्यक्रममा आधारित गुणस्तरीय तालिमहरु सञ्चालन गर्न, सहकारी शिक्षाको गुणस्तर वृद्धिका लागि खोजपूर्ण श्रोत सामाग्री विकास र प्रमाणिकरण गर्न, सदस्यको प्रभावकारी सूचनाका लागि भ्ीष्दचबचथ को विकास र सञ्चालन गर्न, सुशासन प्रर्वद्धनका लागि संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस) Cooperatives self (regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रमको

विकास, स्वीकृति पछि कार्यक्रमको आवद्धतामा निरन्तर वृद्धि गर्न र संघको सञ्जालमा आवद्ध सदस्यहरु संघसंस्थाहरुको अनुगमन गरी सुधारका लागि रचनात्मक पृष्ठपोषण प्रदान गर्नमा खर्च गर्ने रणनीति संघले लिएको छ र यही विश्वास र तथ्यलाई अभियानमा स्थापित गराउन आफ्नो शक्ति र सामर्थ्य खर्च गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

अबको हाम्रो कार्यदिशा सञ्जाल व्यवस्थापन र सहकार्य हो । यस मार्फत संघहरुको भूमिकाको किटानी, सदस्य संस्थाहरुसम्म सेवाको पहुँच विस्तार, गुणस्तरीय र अर्थपूर्ण सेवा, अभियान मार्फत राज्यसम्म सहकारीका समस्याहरुको समाधान गर्न सक्ने क्षमताको विकासमा सबै शक्ति खर्चिनु पर्ने परिस्थिति रहेको छ । यसका लागि यस संघले आफ्नो स्थानबाट भूमिका निर्वाह गर्नमा कुनै कसर बाँकी राख्ने छैन् । अर्को तर्फ संघको सञ्जालमा आवद्ध सदस्य सहकारी संस्थाहरुको पूँजीको संरचना, वित्त परिचालनको अवस्था, सुशासनको पालना, कानुनी व्यवस्थाको पालना लगायतका सूचकहरुको निर्माण गरी वर्गिकरण गर्नु पर्ने र वर्गिकरण अनुसारको सेवा विकास गर्नु पर्नेमा संघले भूमिका निर्वाह गर्नु पर्ने अवस्था रहेकोले यस तर्फ पनि हाम्रो चासो बढ्दै गएको छ र चालु आ.व मा वर्गिकरणका लागि पूर्वाधार तयार गर्ने काममा ध्यान केन्द्रित गरिने छ, साथै यस वर्ष देखि प्रत्यके २/२ वर्षमा संघको आयोजनामा प्रदेश स्तरीय साकोस समिटको आयोजना गरी सहकारी अभियानको राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुको सहकारी संस्थाहरुसम्म सम्प्रेषण गर्नुको साथै बागमती प्रदेश भित्रको साकोस अभियानको मार्गचित्र निर्माण गर्ने र संस्थाहरुको स्तर वृद्धिमा योगदान पुऱ्याउने योजना रहेको छ ।

संघलाई बागमती प्रदेशको सहकारीको श्रोतकेन्द्रको रुपमा स्थापित गराउनका लागि संघले यस वर्ष पनि नयाँ विषयवस्तुमा तालिमका पाठ्यक्रम विकास र प्रमाणिकरणका लागि कृयाकलापहरु अगाडि बढाउने लक्ष्य लिएको छ । यसबाट सहकारी क्षेत्रमा सञ्चालन हुने तालिम तथा शिक्षालाई विषयवस्तुमा केन्द्रित बनाउन र अभियानमा उस्तै बुझाई विकासका लागि सहयोग पुग्ने हामीले विस्वास लिएका छौं यस अभियानलाई आगामी वर्षमा पनि निरन्तरता प्रदान गर्ने संघले लक्ष्य लिएको छ ।

संस्था सुधार र शुद्धिकरणको थालनी आफैंबाट हुनु पर्दछ भन्ने मान्यताको साथ यस वर्ष देखि संघको सञ्चालक समिति र लेखा समितिमा प्रतिनिधित्व भएका संघसंस्थाहरुको अनुगमनको थालनी गरिएको छ । आफु सवल र सुरक्षित भए मात्र अरुलाई संस्था सुधार गर्न अनुरोध गर्न जायज हुन्छ भन्नेमा हामी सचेत छौं र अझैं सचेतना विकास र वृद्धिमा हामी प्रतिवद्ध छौं ।

बागमती प्रदेश भित्रको सहकारी संस्थाहरुको तथ्याङ्कको भरपर्दो श्रोत नहुँदा हामीलाई सहकारी क्षेत्रले पुऱ्याएको योगदानको आधारमा पैवरी गर्नका लागि कठिन भई रहेको तथ्यलाई मध्य नजर गरी यस वर्ष तथ्याङ्क संकलन र सम्पादनका लागि हामीले योजना निर्माण गरेका छौं । तथ्याङ्कको अभावका कारण हामीले सहकारी अभियानको नेतृत्व गरिरहँदा केही गम्भिर विषयवस्तुमा तत्समयमा प्राप्त गर्नु पर्ने उपलब्धीहरु प्राप्त गर्न सकेका छैनौं । जसले गर्दा आज सहकारी संस्थाहरुले राम्रो काम गर्दा गर्दै पनि बदनाम हुनु परेको छ । हुनतः केही सहकारी संस्थाहरुको खराब प्रवृति, व्यक्तिगत स्वार्थ साधनाको माध्यम, परिवारवाद, सञ्जाल बाहिर रमाउने एकालकाँटे स्वभावका कारण सदस्यहरुको रकम असुरक्षित नभएको होइन तर सिमित सहकारीहरुको खराब रवैयालाई देखाई हजारौ सहकारी संस्थाहरुको व्यवस्थापनमा औला ठडिनु राम्रो पक्ष होइन् । खराब गर्नेलाई कारबाही हुनु पर्दछ यसमा अभियानको तर्फबाट हामी सकारात्मक छौं र कारबाहीका लागि सहयोग गर्न प्रतिवद्ध छौं तर राम्रो काम गर्ने सहकारी संस्थाहरुको सन्दर्भमा राज्यको हेर्ने दृष्टीकोणमा परिवर्तन ल्याउनु आजको पहिलो आवश्यक्ता हो भन्ने कुरामा जोडदार आवाज बुंलन्द गर्न चाहान्छौं ।

अन्तमा, संघ स्थापना भएको भर्खरै ३ वर्ष पूरा गरेको छ । स्थापनाको छोटो अवधीमा संघले गरेको प्रगति अंगिकार गरेको नीति तथा संघले बनाएको योजनाको संकल्पबाट यो सबै सम्भव भएको छ । समग्रमा संघले आफ्नो स्थापनाको औचित्य प्रमाणित गर्दै अगाडि बढी रहेको हामीले अनुभूति गरिरहेका छौं । आगामी दिनमा संघले आफ्ना सञ्जालमा आवद्ध भएका सहकारी संस्थाहरुको लागि आवश्यक वहस पैरवीलाई अझै गति दिँदै सञ्चालन क्षमता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने कुरामा हामी प्रतिवद्ध छौं । संघको प्रगतिको सारथी बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, बागमती प्रदेश सहकारी संघ, संघमा आवद्ध सबै जिल्लासंघ तथा प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरु, सञ्चारकर्मी तथा आम सहकारी अभियान्ताहरुलाई मुक्त कण्ठले कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँहरुको यस्तै साथ सहयोग र शुभभावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

# संघको तेश्रो वार्षिक साधारण सभा समक्ष प्रस्तुत आ.व २०७९/०८० को प्रगति प्रतिवेदन तथा आ.व २०८०/०८१ का लागि प्रस्तावित कार्ययोजना (नीति तथा कार्यक्रम)



**महासचिव- जिवसराज खड्का**

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को तेश्रो वार्षिक साधारण सभाका सभाध्यक्ष एवम् संघका श्रद्धेय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथी ज्यूहरु, अतिथि ज्यूहरु, संघका पदाधिकारी एवम् सञ्चालक ज्यूहरु, लेखा संयोजक तथा सदस्य ज्यूहरु, सल्लाहकार ज्यूहरु, संघका विभिन्न उपसमितिका सदस्य ज्यूहरु, सदस्य संघसंस्थाबाट पाल्नु हुने प्रतिनिधी ज्यूहरु, पत्रकार एवम् सञ्चारकर्मी मित्रहरु तथा संघमा कार्यरत प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारी मित्रहरु सबैमा सहकारी अभिवादन व्यक्त गर्न चहान्छु ।

नेपालको संविधान २०७२ को भाग-५, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ को राज्यको संरचनाले राज्यलाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरे पश्चात सोही संविधान बमोजिम नेपाल राज्यलाई सात प्रदेशमा विभाजन गरी तीन तहका जनप्रतिनिधीमूलक संरचनाहरु स्थापित भई कार्यन्वयनमा आएका छन् । सोही बमोजिम स्थापित बागमती प्रदेश सरकारले पनि सहकारी सम्बन्धी कानुन निर्माण गरी प्रदेशस्तरका संघहरु गठन गर्ने व्यवस्था गर्‍यो । सोही कानुनको अधिनमा रही मिति २०७७ श्रावण १३ गते यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. ( बागमती प्रोस्कून) को औपचारिक रुपमा दर्ता गरेको इतिहाँस हामी सबैलाई अवगत नै छ ।

प्रदेश भित्रका सहकारी संघसंस्था सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६ ले सहकारी संघसंस्थाको सञ्चालन व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्‍याउने उद्देश्यले यस संघको दर्ता गरेको हो । हामीले प्रदेश सरकारले लिएको उक्त उद्देश्य प्राप्तीका लागि संघ स्थापना भएको दिन देखि नै सञ्चालनमा प्रभावकारिता वृद्धि गर्दै ल्याईरहेका छौं भने सरकारले लिएको उद्देश्य प्राप्तीका लागि सहकारी संघसंस्थाहरुको व्यवसाय विकासका लागि विभिन्न कृयाकलापहरु सञ्चालन गर्दै आईरहेका छौं । यस तथ्यको पुष्टी संघको सञ्चालक समितिको तर्फबाट प्रस्तुत यस प्रतिवेदनले पुष्टी गर्दछ भन्ने कुरामा हामी विश्वास राख्दछौं ।

स्थापनाको हिसाबले हामीले ३ बर्ष पूरा गरेका छौं । स्थापनाको वर्ष देखि नै समग्र राज्यव्यवस्थाले विभिन्न किसिमका उत्तारचढावहरु पार गर्दै आईरहेको छ । हामीले पनि त्यस्ता उत्तारचढावहरुको प्रभावलाई सामना गर्दै आईरहेका छौं । संघ स्थापना भएको मितिबाट आजका मितिसम्म पनि वित्तीय क्षेत्र सामान्य गतिमा अगाडि बढीरहेको छैन् । त्यसमाथि पनि पछिल्लो एक वर्षमा वित्तीय क्षेत्रमा देखिएको तरलता संकटको अवस्थाले सिङ्गो सहकारी अभियान माथि नै अविश्वास पैदा हुने गरी केही सहकारी संस्थाहरुको अनियमितताका घटनाहरु बाहिरीएका छन् । अर्को तर्फ वित्तीय क्षेत्रको सवेनशिलता सम्बन्धमा कति पनि हेक्का नराखी मौलाएको वित्तीय अराजकताको स्थितिले सम्पूर्ण वित्तीय क्षेत्रको लगानी जोखिममा पार्ने खतरा बढेको छ । त्यसैले आज सहकारी अभियान निर्धक्कले लगानी गर्ने र व्यवसायिक विकासमा दिलो ज्यानले लाग्ने परिस्थिति परिवर्तन भई पर्ख र हेर भन्ने विन्दुमा पुगेको छ । सदस्यलाई बचत गर्ने संस्था प्रति अविश्वास र सहकारी संस्थाहरुलाई ऋण लगानी गर्न सदस्य प्रति अविश्वासको अवस्थाले वित्तीय बजारमा पूँजीको वास्तवमा नै खाँचो हुने वर्गका मानिसहरुको पहुँचमा संकुचन ल्याएको छ । यस्तो परिस्थितिमा पनि संघले आफुलाई सक्षम र सुरक्षित बनाउने कुरामा दृढतापूर्वक लागेको र यहाँहरुको विश्वास वृद्धि गर्दै गई रहेको छ । यसरी संघको श्रीवृद्धि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने तमाम सदस्य संघसंस्थाहरु, संघको सल्लाहकार ज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिहरु, संघको व्यवस्थापन समूह, उपल्ला छाता सहकारी संघहरु, नियामक निकाय, सञ्चारकर्मी तथा आम सुभचिन्तक, शुभेच्छुकहरुमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

स्वभावैले देशभरीका कूल सहकारीहरुको करिब ४० प्रतिशत सहकारी हिस्सा ओगट्ने वागमती प्रदेशमा संघको

भूमिका, जिम्मेवारी र जवाफदेहिता पनि महत्वपूर्ण रहने छ । सहकारी मार्फत सामाजिक न्याय, आर्थिक समानता र सदस्यहरुको सम्वृद्धिमा अहम् भूमिका निर्वाह गर्नका लागि सहकारी संस्थाहरुलाई सशक्त, जीवनन्त र सक्षम बनाउने अभिभारा हामी माथि रहेको छ । त्यसमाथि आम जनमानसमा सहकारी प्रति विकास भएको नकारात्मक भावनालाई घटाउदै सहकारीलाई नागरिकको जीवन दर्शनको आर्दश बनाउने चुनौती हामी माथि थपएिको हामीले महशुस गरेका छौं । आगामी दिनमा यी अभिभाराहरु पूरा गर्नका लागि वर्तमान गतिलाई तीव्र बनाउनु पर्नेमा कृतसंकल्पित छौं ।

अध्यक्ष ज्यू तथा प्रतिनिधी साथीहरु,

मैले यस प्रतिवेदन मार्फत संघले व्यतित गरेको आ.व २०७९/०८० मा गरेको प्रगतिहरुको विवरण र चालु आ.व २०८०/०८१ का लागि सञ्चालक समितिले तयार गरेको प्रस्तावित वार्षिक योजना तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## खण्ड-क

**आ.व २०७९/०८० को प्रगति समिक्षा :**

**१. वार्षिक साधारण सभा तथा दिवसहरु सम्पन्न :**

क. संघको दोश्रो वार्षिक साधारण सभा मिति २०७९ पौष २ गतेको दिन काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३१ स्थित अर्पण बैंङ्कक्वेटमा कूल नविकरण गरेको ३३३ सहकारी संस्था मध्येबाट १८४ वटा सदस्य संघसंस्था वा नविकृत संस्था संस्थाको कूल ५५.२५ प्रतिशत सदस्य संघसंस्थाका प्रतिनिधीहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो । संघको दोश्रो वार्षिक साधारण सभा समितिका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता र राष्ट्रिय सहकारी महासंघका अध्यक्ष श्री मिनराज कंडेल ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

ख. संघको तेश्रो वार्षिक उत्सव मिति २०८० श्रावण १३ गतेका दिन काठमाडौ जिल्ला का.म.न.पा वडा नं. ३१ स्थित भोज बैंङ्क्वेटमा नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्रीमान गोकर्णमणी दुवाडीको प्रमुख आतिथ्यता र संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा सम्पन्न गरिएको थियो । कार्यक्रममा विभिन्न जिल्ला भित्रका सदस्य संघसंस्था र संघका पदाधिकारी एवम् सञ्चालक गरी कूल ३०३ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमले संघको स्वीकृत सम्मान तथा पुरस्कार नीति बमोजिम विभिन्न विधामा संघसंस्था तथा व्यक्तिहरुलाई सम्मान घोषणा गरेको थियो । घोषित सम्मानित संघसंस्था तथा व्यक्तिहरुलाई आजै सम्मान तथा पुरस्कार वितरण गर्ने कार्यक्रम समेत रहेको छ ।

२. व्यवसायिक लक्ष्य र प्राप्तीको अवस्था :

संघको दोश्रो वार्षिक साधारण सभा समक्ष प्रस्तुत भएको वार्षिक योजना तथा कार्यक्रमबाट संघले तरलता संकटको प्रभावका बाबजुत पनि देहाएका व्यवसायिक लक्ष्य प्राप्ती गर्न संघ सक्षम भएको छ ।

| क्र.स | शीर्षक | लक्ष्य | उपलब्धी | |
|---|---|---|---|---|
| | | | अंकमा | प्रतिशतमा |
| १. | सदस्यता वृद्धि | २७३ | १०२ | ३७.३६ |
| २. | शेयर पूँजी | ४८३२८२०० | १८४७५१०० | ३२.२३ |
| ३. | बचत निक्षेप | ५७३८७८७७७.४ | १०९९६६३२६१ | १९१.६२ |
| ४. | ऋण लगानी | ५८८१९२८३६.५ | ९६२७६०२८.९६ | १६.३७ |
| ५. | वित्तीय लगानी | १५३३६९९२१.७ | १०४३००३०३५ | ६८०.०६ |
| ६. | सञ्चालन मुनाफा | ८०६२२०६.५ | ४२५१७०१.४४ | ५२.७४ |
| ७. | कूल सम्पत्ति | ५७८७१३८४५.६ | १०७०७०८१०९ | १८५.०२ |

### ३. जनशक्ति व्यवस्थापन :

संघले आफ्ना कृयाकलाप तथा कारोबार सञ्चालन गर्नका लागि आ.व २०७९/०८० सम्ममा देहाएको तहमा देहाए बमोजिमको कर्मचारीहरु पदपूर्ति गरी कार्यसञ्चालन गर्दै आईरहेको छ ।

| क्र.स | पद | दरबन्दी संख्या | तह | नियुक्ति भएको मिति |
|---|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | १ जना | आठौं | २०७८ भाद्र १ |
| २. | कार्यक्रम अधिकृत | १ जना | छैटौं | २०७९ फाल्गुण १० |
| ३. | सहायक अधिकृत | ३ जना | पाँचौ (द्धितीय) | २०७८ आषाढ १ |
| | | | पाँचौ (तृतीय) | २०७९ आषाढ १ |
| | | | | २०७९ भाद्र १ |
| ४. | व्यवसाय सहायक | १ जना | चौथो | २०७७ माघ २३ |
| ५. | सदस्य सेवा सहायक | १ जना | चौथो | २०७७ माघ २३ |
| ६. | व्यवसाय सहायक | १ जना | दोश्रो | २०७९ भाद्र ८ |
| ७. | कार्यालय सहयोगी (केन्द्रिय कार्यालय र सेवा कार्यालय) | १ जना | श्रेणी विहिन | २०७९ आषाढ १ |
| | | १ जना | श्रेणी विहिन | २०७९ चैत्र १ |
| | जम्मा | १० जना | | |

यस आ.व मा संघका कार्यरत अधिकृतस्तर छैटौं तहको एक जना कर्मचारीले संघको सेवाबाट राजिनामा दिई रिक्त भएको पदमा र सहयोगी स्तरको १ जना थप गरी अघिल्लो वर्षमा कूल ९ जना कर्मचारी कार्यरत रहेकोमा यो संख्या १० जना पुगेको छ ।

### ४. आन्तरिक व्यवसायिक प्रकृयामा संघको भूमिका :

**क. संघका आधारभुत सञ्चालन नीति निर्देशिकाहरुको विकास र कार्यन्वयन :**

वर्तमान अवस्थामा संघ देहाएका नीतिहरुको आधारमा सञ्चालनमा रहेको छ । यी नीतिहरु यस अघिका साधारणसभाले स्वीकृति गरेको छन् ।

| क्र.स | नीतिहरुको नाम | कैफियत |
|---|---|---|
| १. | अन्तरलगानी नीति २०७७ | |
| २. | मानव संशाधन व्यवस्थापन नीति २०७७ | |
| ३. | महामारीमा साधारण सभा सञ्चालन कार्यविधी २०७७ | |
| ४. | आर्थिक तथा प्रशासनिक नीति २०७८ | |
| ५. | सम्मान तथा पुरस्कार नीति २०७८ | |
| ६. | सञ्जाल गठन तथा परिचालन नीति २०७८ | |
| ७. | कोष बाँडफाँड नीति २०७८ | |
| ८. | निर्वाचन नीति २०७८ | |
| ९. | तालिम तथा शिक्षा नीति २०७८ | |
| १०. | गुणस्तर सुनिश्चितता कार्यक्रम नीति २०७८ | |
| ११. | साधारण सभा सञ्चालन कार्यविधी २०७८ | |
| १२. | संरक्षित पूंजी फिर्ता कोष वितरण नीति २०७९ | |
| १३. | सम्पत्ति शुद्धीकरण निवारण ऐन कार्यन्वयन नीति २०७९ | |
| १४. | संगठन तथा सञ्चालन नीति २०७८ | |

**ख. सेवा अभिमुखिकरण कार्यक्रमहरु :**

संघको सदस्यता विस्तार तथा संघको सेवाको प्रभावकारिता विकासका लागि संघले संघका सदस्य र भावी सदस्य संघसंस्थाका प्रतिनिधीहरु उपस्थित गराई संघले उपलब्ध गराउने सेवा र संघको भावी रणनीतिको सम्बन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले बागमती प्रोस्कून सेवा अभिमुखिकरण कार्यक्रम र संघले विकास गरेको स्तरीकरण कार्यक्रम 'कोशिस' को अभिमुखिकरण कार्यक्रम देहाए बमोजिम सम्पन्न गरेको थियो ।

| क्र.स | कार्यक्रमको विवरण | आयोजना भएको मिति | उपस्थित | | | कार्यक्रम भएको स्थान |
|---|---|---|---|---|---|---|
| | | | सहकारी संघसंस्था बाट | संघबाट | जम्मा | |
| १. | बागमती प्रोस्कून सेवा अभिमुखिकरण कार्यक्रम (५ वटा) | २०७९/०५/०८ | १८ | ४ | २२ | आयाम साकोस |
| | | २०७९/०५/०८ | २२ | ४ | २६ | नागार्जुन, काठमाडौं |
| | | २०७९/११/२० | १५ | १५ | ३० | काठमाडौ सेवा कार्यालय |
| | | २०८०/०२/१६ | ३९ | ०६ | ४५ | पाँचतारा साकोस, काठमाडौ |
| | | २०८०/०३/०२ | ५३ | ०६ | ५९ | विदुर, नुवाकोट |

**ग. तालिम शिक्षा कार्यक्रम :**

सदस्य संघसंस्थाका सञ्चालक समिति तथा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि मार्फत सहकारी प्रतिको बुझाई तथा धारणामा परिवर्तन गरी सहकारी संस्थामार्फत समुदाय र सदस्यको वित्तीय साक्षरताका लागि योगदान पुऱ्याउने अभिप्रायले देहाय बमोजिमका तालिम कार्यक्रम सम्पन्न गरेको थियो ।

संघको आयोजनामा सशुल्क र निशुल्क :

| क्र.स | तालिमको विवरण | आयोजना भएको मिति | उपस्थित | | | कार्यक्रम भएको स्थान |
|---|---|---|---|---|---|---|
| | | | सहकारी संघसंस्था बाट | संघबाट | जम्मा | |
| १. | उच्चस्तरीयर पर्ल्स अनुगमन प्रणाली तालिम | २०७९/०५/२२-२४ | ११ | २ | १३ | धुलिखेल तालिम केन्द्र |
| २. | प्रमाणित आन्तरिक लेखा परीक्षक तालिम (Certified Internal Auditors Training (CIA) | २०७९/१२/२२-२४ | २४ | ३ | २७ | डाइमण्ड हिल रिसोर्ट, पनौती |
| ३. | प्रभावकारी सहकारी सञ्चालनमा समिति, उपसमिति र व्यवस्थापनको भूमिका | २०८०/०२/०६ | ४१ | ३ | ४४ | स्वर्णिम भविष्य साकोस, सिन्धुली |
| ४. | युवाको लागि वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण कार्यक्रम | २०८०/०२/१८-२० | २७ | २ | २९ | रत्नागिरी होटल, नगरकोट |

## सदस्य संघसंस्थाको आयोजनामा निशुल्क सहजीकरण :

| क्र.स | तालिमको विवरण | आयोजना भएको मिति | उपस्थित | | | कार्यक्रम भएको स्थान |
|---|---|---|---|---|---|---|
| | | | सहकारी संघसंस्था बाट | संघबाट | जम्मा | |
| १. | वार्षिक योजना तर्जुमा कार्यशाला गोष्ठी | २०७९/०४/२६ | | २ | | चक्रेश्वर साकोस, काभ्रे |
| २. | वार्षिक योजना तथा बजेट तर्जुमा कार्यशाला | २०७९/०४/२८ | | | | स्पष्ट साकोस, काठमाडौं |
| ३. | स्थानीय तहका निर्वाचित जनप्रतिनिधीहरुसंग सहकारी सम्बन्धी अर्न्तक्रिया | २०७९/०५/०४ | | | | जनहित कोष साकोस, रामेछाप |
| ४. | लेखा समितिको क्षमता अभिवृद्धि तालिम | २०८०/०१/२९ | ५४ | २ | | उद्योग वाणिज्य संघको सभा हल, मन्थली |

**घ. क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम :**

संघको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिहरु र व्यवस्थापनको क्षमता अभिवृद्धि हुदा संघको व्यवसायिक क्षमतामा पनि वृद्धि हुने हुँदा संघले प्रत्यक्ष संघ सञ्चालनमा जोडिनु भएका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा उच्च व्यवस्थापनको क्षमता अभिवृद्धिका लागि नियमित योजनाहरु राखि कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ । यस आ.वमा यससंग सम्बन्धित देहाए बमोजिमका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रहरु सम्पन्न भएका छन् ।

| क्र.स | तालिम/गोष्ठीको विवरण | आयोजना भएको मिति | उपस्थित | कार्यक्रम भएको स्थान | आयोजक |
|---|---|---|---|---|---|
| १. | कोपोमिस तालिम | २०७९/०८/ १२–१५ | सहायक लेखा अधिकृत | | सहकारी विभाग |
| २. | पर्ल्स तालिम | २०७९/०९/२४–२७ | व्यवसाय सहायक | | बागमती प्रदेश सरकार |
| ३. | सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम कार्यक्रम | २०७९/१२/२६ –२७ | संचालक, लेखा समिति र व्यवस्थापन | होटल कन्ट्री भिल्ला, नगरकोट | संघ स्वयम् |
| ४. | राष्ट्रिय सहकारी महासम्मेलन | २०८०/०२/१८–२१ | अध्यक्ष, महासचिव र सचिव | होटल हायत | राष्ट्रिय सहकारी महासंघ |
| ५. | साकोस व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय कार्यशाला | २०७९/११/२४–२५ | प्र.का.अ | सोल्टी होटेल | नेफ्स्कून |
| ६. | सहकारी क्षेत्रमा देखिएको समस्या र निराकरण विषयक प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठी | २०८०/०२/३०–३१ | अध्यक्ष, महासचिव र प्र.का.अ | हेटौंडा, मकवानपुर | बागमती प्रदेश सहकारी विकास बोर्ड |

५.नियामक निकायसंगको बहस पैरवी :

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावली २०७६ बीच बाभिएका दफा तथा नियमहरु संशोधनका लागि संघको आ.व २०७९/०८० मा देहाए बमोजिमका पैरवी सम्बन्धी कार्यक्रमहरु सम्पन्न गरेको छ ।

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम भएको मिति | लक्षित सहभागीता | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | संघिय सहकारी ऐन र प्रदेश सहकारी ऐनमा बाभिएका व्यवस्था संशोधनका लागि अर्न्तक्रिया | २०८० जेठ ८ | जिल्ला बचत तथा ऋण सहकारी संघहरु क्रमश : काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक | ३० |
| | | २०८० जेठ २१ | मकवानपुर र चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ | ३१ |
| | | २०८० आषाढ २ | धादिङ, नुवाकोट र रसुवा जिल्ला बचत तथा ऋण सहकारी संघ | ५९ |
| | | २०८० आषाढ ५ | दोलखा, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघ | २४ |
| | | २०८० आषाढ ९ | बागमती प्रास्कुन संचालक तथा सल्लाहकार | १८ |
| २. | संघिय सहकारी ऐन र प्रदेश सहकारी ऐनमा बाभिएका व्यवस्था संशोधनका गाष्ठी | २०८० आषाढ १० | बागमती प्रदेश सहकारी संघ र बागमती प्रोस्कूनको संयुक्त आयोजनामा बागमती प्रदेश सरकार, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लि, नेफस्कून, १३ वटै जिल्ला सहकारी संघहरु, १३ वटै जिल्ला बचत तथा ऋण सहकारी संघका प्रतिनिधीहरु | ७५ |

४. **स्तरीकरण कार्यक्रम (कोशिस) सम्बन्धित कृयाकलापहरु :**

बागमती प्रोस्कूनले विकास गरी बागमती प्रदेश सरकार साविक भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय हाल संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयले स्वीकृति प्रदान गरेको संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस) Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रममा आ.व २०७९/०८० मा देहाए बमोजिमको सहकारी संस्थाहरुलाई कार्यक्रममा आवद्ध गराई द्धिपक्षीय सम्भौता भएको छ र आवद्ध सहकारी संस्थाहरुसंग सम्बन्धि र आवद्धताको लागि देहाए बमोजिमको कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

**४.१ द्धिपक्षीय सम्भौता भएका सदस्य संस्थाहरु :**

आ.व २०७९/०८० मा विभिन्न ४ जिल्लाबाट १७ वटा सहकारी संस्थाहरु बीच संघको स्वीकृत गुणस्तर सुनिश्चितता कार्यक्रम नीति २०७८ बमोजिम हुने गरी द्धिपक्षीय सम्भौता गरी संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस) Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रम सञ्चालन निर्देशिका बमोजिमका कृयाकलापहरु सञ्चालन गरिएको छ ।

| क्र.स | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लि. | सुनकोशी गा.पा-६, सिन्धुपाल्चोक |
| २. | एकीकृत ठोकर्पा बचत तथा ऋण सहकारी संस्था लि. | सुनकोशी गा.पा-१, सिन्धुपाल्चोक |
| ३. | महिला मातृशिशु बचत तथा ऋण सहकारी संस्था लि. | सुनकोशी गा.पा-७, सिन्धुपाल्चोक |
| ४. | शिक्षकहित बचत तथा ऋण सहकारी संस्था लि. | चौतारा साँगोचकगढी -७, सि.पा |
| ५. | आयाम बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा न.पा -७, काभ्रेपलाञ्चोक |
| ६. | चक्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | बेथानचोक गा.पा-१, काभ्रे |
| ७. | स्पष्ट बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -७, काठमाडौं |
| ८. | लरेन्स बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -७, काठमाडौं |
| ९. | सामूहिक परिवर्तनशिल बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -१३, काठमाडौं |
| १०. | प्रोभिजन बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -३१, काठमाडौं |
| ११. | कुम्भेश्वर महिला बचत तथा ऋण सहकारी संस्था लि. | ल.पु.म.न.पा -११, ललितपुर |
| १२. | श्रीलाभ बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -२२, काठमाडौं |
| १३. | रिजर्भ बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -१०, काठमाडौं |
| १४. | अरनिको मजदुर बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -३१, काठमाडौं |
| १५. | विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि. | गोकर्णेश्वर न.पा -६, काठमाडौं |
| १६. | जोरपाटी बचत तथा ऋण सहकारी संस्था लि. | गोकर्णेश्वर न.पा -६, काठमाडौं |
| १७. | नेचुरल बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा -७, काठमाडौं |

**४.२ कोशिस कार्यक्रम सम्बन्धी कृयाकलापहरुहरु :**

| क्र.स | कार्यक्रमको विवरण | आयोजना भएको मिति | उपस्थित | | | कार्यक्रम भएको स्थान |
|---|---|---|---|---|---|---|
| | | | सहकारी संस्था | संघ | जम्मा | |
| १. | कोशिस कार्यक्रम अभिमुखिकरण कार्यक्रम (४ वटा) | २०७९/०५/०६ | २० | ५ | २५ | आत्मनिर्भर साकोस, सिन्धुपाल्चोक, |
| | | २०७९/०५/०६ | ४० | ५ | ४५ | जि.एस होटल, रामेछाप |
| | | २०७९/११/२० | १५ | १५ | ३० | काठमाडौं सेवा कार्यालय |
| | | २०८०/२/१६ | ४० | ५ | ४५ | पाँचतारा साकोस, |
| २. | कोशिस आवद्ध सहकारी संस्थाहरुको WE Can Workshop (सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला) (२ वटा) | २०७९/१०/२९ | ४० | १५ | ५५ | होटल उग्रचण्डी, बनेपा |
| | | २०८०/०१/२२ | २९ | ६ | ३५ | आत्मनिर्भर साकोस, सिन्धुल्चोक |

कार्यक्रमको शुरु वर्षमा हामीले आवद्धताको लागि लिएको लक्ष्य पूरा गर्न नसके पनि उत्साहित रुपमा संस्थाहरुको आवद्धता वृद्धि हुदै गईरहेको छ ।

**६. सदस्य सूचना प्रणाली व्यवस्था :**

**क. संघको वेवसाइटको विकास :**

संघले सदस्य संघसंस्था, नियामक निकाय, सरोकारवाला निकाय र सहकारीहरुको विश्वव्यापी सञ्जाललाई मध्यनजर गरी वेवसाइट (https://bagmatiproscun.org.np/) को विकास गरी संघको आधिकारिक सूचना वेवसाईट मार्फत प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

**ख. संघको आधिकारिक फेसबुक पेज :**

संघले गरेको कृयाकलापहरुको नियमित अपडेट गर्दै संघमा आवद्ध सदस्य संघसंस्थाहरुको जानकारीका उद्देश्यले संघले https://www.facebook.com/bagmati.proscun/ को फेसबुक पेजको विकास गरी नियमित अध्यावधिक गर्ने गरिएको छ ।

**ग. विद्युतिय पुस्तकालय (e-library) को विकास :**
सदस्य संघसंस्थालाई सहकारी सम्बन्धित सहकारी सम्बन्धि नीति, नियमहरुको नमूना, लेखापालनका लागि आवश्यक पर्ने नमूना फारमहरु, क्षमता विकासका लागि अध्ययन सामग्रीहरुको सहजताका लागि संघले https://elibrary.bagmatiproscun.org.np बाट सेवा लिन सक्ने गरी विद्युतिय पुस्तकालय (e-library) विकास गरी प्रयोगमा ल्याईएको छ ।

**७. सञ्चालकिय सक्रियता :**
गरिमामय प्रारम्भिक साधारण सभाले ४ वर्षे कार्यकालका लागि निर्वाचित गरेको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको सक्रियता देहाए बमोजिम कायम रहेको छ ।

<u>तपसिल</u>

| क्र.स | समिति/उपसमितिको नाम | बैठक संख्या | | | औषत उपस्थित दर | |
|---|---|---|---|---|---|---|
| | | नियमित | विशेष | जम्मा | जना | प्रतिशत |
| १. | सञ्चालक समिति | ८.०० | ०.०० | ८.०० | १२.३७ | ७२.७९ |
| २. | पदाधिकारी समिति | ०.०० | १०.०० | १०.०० | ४.१० | ६८.३२ |
| ३. | लेखा सुपरीवेक्षण समिति | ३.०० | ०.०० | ३.०० | २.६६ | ८८.८८ |
| ४. | शिक्षा तथा तालिम उपसमिति | १.०० | ०.०० | १.०० | ४.०० | ८०.०० |
| ५. | अन्तर लगानी उपसमिति | २.०० | ०.०० | २.०० | २.०० | ६६.६६ |
| ६. | सेवा केन्द्र व्यवस्थापन उपसमिति | ३.० | ०.०० | ३.०० | ४.०० | ८०.०० |

**८. सदस्य सम्मान तथा पुरस्कार :**
संघ स्थापनाको दोश्रो वर्ष संघको व्यवस्थापन, विकास र प्रर्वद्धनमा महत्वपूर्ण भूमिका खेल्ने देहाएका सदस्य संघसंस्था तथा सहकारी अभियान्ताहरुलाई संघको दोश्रो वार्षिक साधारण सभाको उपलब्धमा सम्मानित गरिएको थियो । संघको सम्मान तथा प्रोत्साहन नीति बमोजिम यी सम्मान तथा पुरस्कार प्रदान गरिएको हो ।

<u>तपसिल</u>

| क्र.स | सम्मान तथा पुरस्कारको विद्या | सम्मानित वा पुरस्कृत संघसंस्था वा व्यक्ति |
|---|---|---|
| १. | उत्कृष्ट सहकारी अभियान्ता | मिनराज कंडेल, अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ |
| २. | उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. |
| ३. | उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था लि. | ज्योति मिर्मिरे सामूहिक साकोस, पनौती ६, काभ्रे |
| ४. | उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था (महिला) | सामूहिक परिवर्तनशिल महिला साकोस, काठमाडौ, कालिमाटी |
| ५. | सहकारी सञ्चारकर्मी | काजी श्रेष्ठ, सहकारी खबर |
| ६. | प्रदेश उत्कृष्ट व्यवस्थापक | बालकृष्ण ध्वजु, जिल्ला बचत तथा ऋण सहकारी संघ लि, भक्तपुर |
| ७. | उत्कृष्ट बचतकर्ता सम्मान | मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. |
| ८. | उत्कृष्ट सेवा उपयोग सम्मान | हाम्रो साकोस, लगनखेल, ललितपुर |
| ९. | उत्कृष्ट लगानीकर्ता सम्मान | एकीकृत फ्रेण्डसिप साकोस, जिरी, दोलखा |
| १०. | साकोस अध्यक्ष सम्मान | एकराज ओली, ग्रामीण साकोस, चितवन |
| ११. | संघको उत्कृष्ट कर्मचारी | सुर्दशन दाहाल, सहायक अधिकृत |

**९. नियामक निकायसंगको सहकार्य र निर्देशन कार्यन्वयन :**

संघको नियामक निकाय बागमती प्रदेश सरकार, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले विभिन्न समयमा लिखित रुपमा प्रदान गरेको निर्देशन बमोजिम तोकिएका कृयाकलापहरु सम्पन्न गर्नुका साथै विभिन्न समयमा सहकार्यमा सञ्चालन गरेको कृयाकलापहरुमा संघको उपस्थिति भई आफ्नो भूमिका प्रर्दशन गर्दै आईरहेको छ ।

क. संघसंस्थाको संयुक्त अनुगमन :

बागमती प्रदेश सरकार साविक भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले विकास गरेको एकीकृत अनुगनम निर्देशिका अनुसार संघको सहकार्यमा ललितपुर र काठमाडौका ३ वटा सहकारी संस्थाहरुको अनुगमन सम्पन्न भएको छ ।

**ख. निर्देशनको कार्यन्वय :**

बागमती प्रदेश सरकार साविक भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहकारी रजिष्ट्रारले सिन्धुपाल्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को साधारण सभा सम्पन्न गरी नयाँ नेतृत्व तय गर्नका लागि दिएको जिम्मेवारी अनुसार २०७९ फाल्गुण १३ गते संघको आयोजनामा साधारण सभा सम्पन्न गरी नेतृत्व चयन गरिएको छ ।  त्यसैगरी सिन्धुली जिल्ला बचत तथा ऋण सहकारी संघको रोकिएको निर्वाचन सम्पन्न गर्न दिएको निर्देशन बमोजिम संघले समन्वय गरी निर्वाचन सम्पन्न गरी नेतृत्व चयन गरिएको छ ।

**१०. श्रोत विकास :**

संघले सञ्जालमा आवद्ध सदस्य संघसंस्थाहरुको क्षमता विकासका लागि निर्धारित पाठ्यक्रममा आधारित भई तालिम तथा शिक्षा दिने योजनोका औपचारिक थालनी गरेको छ । संघलाई श्रोतकेन्द्रको रुपमा स्थापित गराउने संघको लक्ष्यलाई सार्थक बनाउन यस आ.वमा देहाए बमोजिमको पाठ्यक्रमहरुको विकास गरी कार्यान्वियन आरम्भ गरेको छ ।

| क्र.स | विवरण | कैफियत |
|---|---|---|
| १. | युवाको लागि वित्तीय साक्षरता तालिम श्रोत पुस्तिका | ३ दिवसीय तालिम |
| २. | संगठनात्मक विकास तालिम श्रोत पुस्तिका | ३ दिवसीय तालिम |
| ३. | प्रमाणित आन्तरिक लेखा परीक्षक तालिम श्रोत पुस्तिका | ३ दिवसीय तालिम |

उल्लेखित पाठ्यक्रमहरु सहकारी विभागबाट प्रमाणीकरण गर्ने गरी पूर्वाधार तयार गर्दै गएको व्यहोरा पनि यसै प्रतिवेदन मार्फत जानकारी गराउन चाहन्छु ।

**११. विपत्तीमा शीघ्र उद्धार कार्यक्रम** (Rapid rescue from distress)

विपत्तीमा संघ मार्फत न्यूनतम सहयोग पुऱ्याउने उद्देश्यले लिएको लक्ष्य बमोजिम संघले गत आ.व. मा विद्युतिय सर्किटबाट आगलागि भई भौतिक क्षति व्यहोरेको काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. मा अवस्थित मोडल बचत तथा ऋण सहकारी संस्थालाई प्रिन्टर १ थान उपब्ध गराई सहयोग गरेको छ ।

**१२.  संघको नियमित तथा बिशेष बैठक :**

संघको दैनिक कृयाकलापहरु सञ्चालन गर्न तथा दोश्रो वार्षिक साधारण सभाबाट स्वीकृत योजनाको प्राप्तीका लागि तथा सहकारी अभियानका सम्बन्धमा संघको भूमिका स्तरीय बनाउनका  लागि संघ सञ्चालन गर्न बनेको विनियम २०७७ को दफा ४३ को १ (शंशोधन सहित) को व्यवस्था बमोजिम कूल ८ वटा बैठक बसी कूल ६० वटा निर्णय गरी कार्यन्वयन गरिएको छ । समितिका उक्त बैठकका निर्णयहरु यस गरिमामय साधारण सभा समक्ष अनुमोदनका लागि समेत अनुरोध गर्दछु ।

**१३. सञ्जाल सहकार्य र समन्वय :**

संघले आफ्नो सञ्जालमा आवद्ध भएका संघहरुको सक्रियता, ऐक्यवद्धता, प्रभावकारी बहस र पैरवी, सिकाई र बुझाईमा एकरुपता कायम गर्नुका साथै प्रदेशको बचत तथा ऋण सहकारी अभियानमा प्रयोग हुने उपकरणहरु (शिक्षा, सूचना) मा समेत एकरुपता कायम गर्ने उद्देश्यले गोष्ठीको आयोजना गरी सञ्जाल सहकार्यका मोडल तयार गरेको छ । साथै माथिल्ला संघहरुसंग सहकारी अभियान र सञ्जाल व्यवस्थापनका सवालमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कून) र राष्ट्रिय सहकारी महासंघसंग पटक पटक छलफल र अन्र्तक्रिया कार्यक्रमहरुमा भाग लिई संघको स्पष्ट विचार प्रस्तुत गर्दै आई रहेको छ ।

## खण्ड-ख

आ.व २०८०/०८१ को योजना :

**आदरणीय अध्यक्ष ज्यू,**

अब म संघले यस चालू आ.व २०८०/०८१ को लागि सञ्चालक समितिले तयार गरेको चार वर्षिय रणनीतिक व्यवसायिक योजना र वार्षिक योजनामा लिएको लक्ष्यका आधारमा यस वर्षमा सम्पन्न गर्नका लागि प्रस्ताव गरिएको योजनाहरु पेश गर्ने अनुमति चाहन्छु ।

**१. पुरस्कार र सम्मान कार्यक्रम** (Awards & honors program)

संघका सदस्य संघसंस्था, सहकारी अभियान्ता, सहकारी क्षेत्रमा कलम चलाउने सञ्चारकर्मी, सहकारी संघसंस्थाको व्यवस्थापनमा संलग्न भई उच्चस्तरको लक्ष्य प्राप्ती गर्ने सहकारी कर्मचारी लगाएत संघसंग उत्कृष्ट कारोबार गर्ने सदस्य संघसंस्थाहरुको लागि संघले स्थापना दिवसमा देहाए बमोजिमको विधाहरुमा सम्मान तथा पुरस्कारको घोषणा भएको छ र आजैका मितिमा सो सम्मान तथा पुरस्कार प्रदान गर्ने कार्यक्रम रहेका छ ।

**तपसिल**

| क्र.स | सम्मान तथा पुरस्कार विधा | संख्या |
|---|---|---|
| १. | उत्कृष्ट सहकारी अभियान्ता | १ जना |
| २. | उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ लि | १ वटा |
| ३. | उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था | १ वटा |
| ४. | उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था (महिला) | १ वटा |
| ५. | सहकारी सञ्चारकर्मी | १ वटा |
| ६. | प्रदेश उत्कृष्ट व्यवस्थापक | १ वटा |
| ७. | उत्कृष्ट बचतकर्ता सम्मान | १ वटा |
| ८. | उत्कृष्ट लगानीकर्ता सम्मान | १ वटा |
| ९. | उत्कृष्ट सेवा उपयोग सम्मान | १ वटा |
| १०. | साकोस पदाधिकारी एवम् सञ्चालक सम्मान | १ जना |
| ११. | संघको वर्षको उत्कृष्ट कर्मचारी | १ जना |

**२. दिगो सहकारी सञ्जालका लागि वृहत एकीकरण अभियान** (Big Amalgamation campaing for sustainable cooperative network)

संघको सञ्जालमा आवद्ध सदस्यहरु संस्थाहरुको सञ्चालन क्षमता विकासका लागि एकीकरणमा प्रोत्साह गर्ने उद्देश्यले देहाएका कार्यक्रमहरु प्रस्तावित गरिएको छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या |
|---|---|---|
| १. | एकीकरण जागरण गोष्ठी | १ |
| २. | वर्षमा अधिकतम एकीकरण गर्ने संस्था सम्मान | १ |

**३. ग्रामीण विकासका लागि सहकारी कार्यक्रम** (Credit union for rural development)

संघले विकास गरेको क्षमता विकास सम्बन्धी पाठ्यक्रममा नेतृत्वको सामाजिक उत्तरदायित्व विषयको विषयवस्तु अनिवार्य समावेश गरी जागरण अभियान शुरु गर्ने लक्ष्य लिएको छ ।

**४. बचत तथा ऋण सहकारीको लागि तथ्याङ्क केन्द्र** (Data center for SACCOS)

यस वर्ष कम्तीमा प्रदेश भित्र बचत तथा ऋण सहकारी संस्थाहरुको अवस्था के कस्तो छ ? प्रदेशका बचत तथा ऋण सहकारी संस्थाहरुको योगदान र वर्तमान समयको जोखिम मापनमा समेत सहयोग पुगोस भन्ने उद्देश्यले देहाएका कार्यहरु गर्ने लक्ष्य लिएको छ । यसका लागि सबै जिल्लाका जिल्ला बचत तथा ऋण सहकारी संघहरुलाई साझेदार बनाउने नीति संघले लिएको छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | संख्या |
|---|---|---|
| १. | एकीकरण जागरण गोष्ठी | १ |
| २. | वर्षमा अधिकतम एकीकरण गर्ने संस्था सम्मान | १ |

**५. उद्यमशीलता विकास कार्यक्रम** (Entrepreneurship Development Program (EDP)

बचत तथा ऋण सहकारी मार्फत सञ्चालन गर्न सक्ने उद्यमहरुको पहिचान गरी सहकारी संस्था मार्फत सदस्यहरुलाई उद्यमशिलतामा जोड्न संघले देहाएका कार्यहरु सञ्चालन गर्ने योजना बनाएको छ । यस वर्ष उद्यमशिलता विकासका योजना निर्माणको आधारवर्षको रुपमा कार्य गर्ने योजना रहेका छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम |
|---|---|
| १. | उद्यम विकासका कार्यक्रम छनौटका लागि सरोकारवालाहरुसंग अर्न्तक्रिया |
| २. | लघु उद्यम कार्यक्रम विकास योजना निर्माण गर्ने, |

**६. गरिबी विरुद्ध वित्तीय साक्षरता कार्यक्रम** (Financial Literacy against Poverty)

'गरिबीको कारण हुन्छ, गरिबी अन्त्य गर्न सकिन्छ' भन्ने उद्देश्यले संघले आवद्ध सदस्य प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरु मार्फत वित्तीय चेतना विकास गराउने उद्देश्यले देहाएका कार्यक्रमहरु संघले आयोजना गर्ने लक्ष्य लिएको छ

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम संख्या |
|---|---|---|
| १. | गरिबी विरुद्धको वित्तीय साक्षरता कार्यक्रम प्रशिक्षक प्रशिक्षण | १ |
| २. | युवाको लागि वित्तीय साक्षरता कार्यक्रम प्रशिक्षक प्रशिक्षण | १ |

**७. अन्तराष्ट्रिय महिला सञ्जाल विस्तार** (Global woman Network extent)

आ.व २०८०/०८१ मा संघ मार्फत अन्तराष्ट्रिय महिला सञ्जाल विस्तारको पूर्वाधार विकास स्वरुप महिला सञ्जाल विस्तार र सञ्चालनको प्रारुप तयार गर्नका लागि देहाए बमोजिमको कृयाकलापहरु सञ्चालन गर्ने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम संख्या |
|---|---|---|
| १. | महिला सञ्जाल गठन र सञ्चालन प्रारुपका लागि अर्न्तक्रिया कार्यक्रम | १ |

**८. मानव श्रोत विकास** (Human Resource Development)

दक्ष, योग्य एवम् इमान्दार युवाहरुलाई सहकारी अभियानमा रोजगारीको गन्तव्यको रुपमा छनौट गराउने उद्देश्यले संघले मानव श्रोत विकासका क्षेत्रमा यस आ.व. देखि देहाएका कार्यक्रहरु भौतिक तथा अभौतिक रुपमा सञ्चालन गर्ने लक्ष्य लिएको छ । यसले सहकारी अभियानका लागि आवश्यक जनशक्ति विकासमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | संख्या |
|---|---|---|
| १. | सञ्चालन तहका कर्मचारीहरुको सेवा प्रवेश पूर्वको तालिम कार्यक्रम (खुल्ला) | १ |
| २. | सञ्चालन तहका कर्मचारीहरुको सेवा प्रवेश पूर्वको तालिम कार्यक्रम (संस्थाहरुको आवेदकलाई) | १० |

**९. अन्तर लगानी कार्यक्रम** (Inter landing Program)

संघको अन्तरलगानी कार्यक्रम अर्न्तगत व्यवसायिक लक्ष्य तथा कृयाकलापहरुलाई केन्द्रित गरिएको छ । जसअर्न्तगत आ.व २०८०/०८१ का लागि देहाए बमोजिमको व्यवसायिक लक्ष्य लिएको छ ।

तपसिल

| क्र.स | शीर्षक | वास्तविक | थप गर्ने लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | अंकमा | प्रतिशतमा | कूल पुग्ने |
| १. | सदस्यता | ४५१.०० | ११३ | २५ | ५६४.०० |
| २. | शेयर पूँजी | ७१२५९८००.०० | २३८१४२०० | ३३.४१ | ९५०७९५००.०० |
| ३. | कूल बचत निक्षेप | २४०९७१७०२६.०३ | ६०४५९७३८१.८५ | २५.०८ | ३०१४३१४४०७.८८ |
| ४. | कूल ऋण लगानी | ८१४३२५४७२.१४ | ७६२०१४४८९.५ | ९३.५७ | १५७६३३९९६१.६४ |
| ५. | कूल सम्पत्ति | २५१२०३७१४२.८५ | ६५७०९३८००.१५ | २६.१५ | ३१६९१३०९४३.०० |
| ६. | खुद बचत (मुनाफा) | १०१२४०१२.९२ | १४५७५१२१.४३ | १२७.४९ | २६००७१४०.४३ |

**१०. पुस्तकालय मार्फत ज्ञान विकास (प्रविधीमा आधारित श्रव्यदृश्य सहित)** (Knowledge development through the Library (e-library with audio visual)

सदस्य सहकारी संघसंस्थाको लागि आवश्यक नमूना नीति, योजना र सहकारी संस्थाका लागि आवश्यक नमूना फारमहरु एवम् सहकारीका लागि भविष्यमा आवश्यक जनशक्ति विकासका लागि आवश्यक अध्ययन सामाग्रीहरु संघले विकास गरेको प्रविधीमा आधारित पुस्तकालयमा संग्रहित गरी सदस्य संघसंस्थाहरुका लागि आवश्यक श्रोत उपलब्ध गराईने लक्ष्य लिएको छ । यस आ.वमा संघको प्रविधीमा आधारित पुस्तकालयमा यस अघि संग्रहित गरिएको ५२ वटा श्रोत सामाग्रीको अलवा यस आ.वमा देहाए बमोजिमकाका श्रोत सामाग्रीहरु थप गर्ने लक्ष्य लिएको छ ।

तपसिल

| क्र.स | श्रोत सामाग्री | न्यूनतम संख्या |
|---|---|---|
| १. | अध्ययन सामाग्री (सशुल्क र निः शुल्क) | १० वटा |
| २. | नमूना फारमहरु | १० वटा |
| ३. | नमूना नीतिहरु | ५ वटा |

**११. नियामक निकायसंग बहस र पैरवी** (Lobbying & Advocacy with Regulator)

नेपाल सरकार एवम् बागमती प्रदेश सरकारको जारी गरेको ऐन, नियमावली, मापदण्ड र निर्देशनहरुको कार्यन्वयनका लागि सदस्य सहकारी संघसंस्थाहरुलाई प्रोत्साहन गर्नुका साथै देहाए बमोजिमको कार्यक्रम मार्फत ऐन, नियमावली र मापदण्डहरुको संशोधन, कार्यन्वयन तथा थप व्यवस्थाका लागि बहस र पैरवी गरिने छ ।

तपसिल

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रमको लक्ष्य | लक्षित समूह |
|---|---|---|---|
| १. | सहकारीका साझा सवालमा साझा पहल | सहकारीका ज्वलदाबल्दा समस्या समाधानका लागि समान र साझा धारणा विकास गर्ने, | बागमती प्रदेश भित्रका सबै छाता संघ, जिल्ला बचत संघ र सबै प्रदेश संघहरु |
| २. | प्रदेश साकोस समिट | बागमती प्रदेशका बचत तथा ऋण सहकारी अभियानका नविनतम विषयमा साझा धारणा विकास | संघमा आवद्ध संघसंस्थाका प्रतिनिधीहरु |

**१२. सुशासनका लागि अनुगमन** (Monitoring for Good Governance)

सहकारी नेतृत्वको विश्वासको आधार, सबल, सक्षम र सामूदायिक सहकारीको पूर्वाधार भन्ने मुख्य उद्देश्यले यस आ.वमा देहाए बमोजिम सूचकको आधारमा सदस्य संघसंस्थाहरु अनुगमन गरी सुधारको लागि पृष्ठपोषण गरिने छ ।

तपसिल

| क्र.स | अनुगमन क्षेत्र | संख्या | कैफियत |
|---|---|---|---|
| १. | संघको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारी एवम् सञ्चालकहरुले प्रारम्भिक संस्था तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २० वटा | |
| २. | जोखिममा आधारित अनुगमन | १० वटा | |
| ३. | नियामक निकायसंगको सहकार्यमा अनुगमन | आवश्यक | |

१३. **सञ्जाल सहकार्य र साझेदारी कार्यक्रम** (Network cooperation and Collaboration)

बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको श्रोतकेन्द्रको रुपमा बागमती प्रोस्कूनलाई स्थापित गराउने उद्देश्यले प्रदेश भित्रका सबै जिल्ला बचत तथा ऋण सहकारी संघहरुसंग क्रमश: ९ वटा विषयमा कम्तीमा ६ वटा जिल्ला बचत तथा ऋण सहकारी संघहरुसँग सञ्जाल साझेदारी गरी कार्यक्रमको सम्झौता गरी सञ्चालन शुरुवात गरिने छ ।

१४. **समष्टीगत प्रमाणीकरण सेवा** (Overall Verification Service)

सदैव सहकारी संस्थाहरु अन्य निकायबाट अनुगमन गरेर वा अन्य कुनै निकायको प्रत्यक्ष निगरानीबाट व्यवस्थापन गर्न कठिन हुन्छ । सहकारी संघसंस्थाहरुको दिगो सुरक्षाका लागि आफैमा सञ्चालन दक्षता, अनुशासन, स्वनियन्त्रण विधीको प्रभावकारी कार्यन्वयन, स्वतन्त्रतापूर्वक काम गर्ने अवसर आदिको सुनिश्चितता हुनु जरुरी हुन्छ । त्यसका लागि संघले विकास गरेको आन्तरिक लेखा परीक्षण कार्यक्रम मार्फत देहाए बमोजिमको कार्यहरु यस वर्ष सञ्चालन गरिने छ ।

**तपसिल**

| क्र.स | कृयाकलापहरु | लक्षित संख्या | कैफियत |
|---|---|---|---|
| १. | आन्तरिक लेखा परीक्षण शाखा स्थापना | २३ वटा संघसंस्था | |
| २. | आन्तरिक लेखा परीक्षण कार्यक्रम कार्यन्वयन परीक्षण | २३ वटा संघसंस्था | |

१५. **भुक्तानी केन्द्र** (Payment Platform)

संघिय संघहरुले कानुनी प्रावधान मार्फत भुक्तानी केन्द्रको विकास नगरी सहकारी संस्थाहरुको कारोबारको भुक्तानी केन्द्रको विकास गरी कार्यन्वयन गर्न सकिने अवस्था रहेको छैन् । तथापी संघका सदस्यहरुको संघसंघको कारोबारको भुक्तानी प्रकृयालाई प्रभावकारी बनाउनका लागि देहाए बमोजिमको भुक्तानी प्रकृयाको विकास गरी प्राविधिकरण गरिने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रम | लक्षित संख्या | कैफियत |
|---|---|---|---|
| १. | एन.सि.एच.एल मार्फत कर्पोरेट पे भुक्तानी सेवा | १०० | |

१६. **गुणस्तर सुनिश्चितता कार्यक्रम** (Quality Assurance Programme)

**स्तरीकरण कार्यक्रमकाको प्रर्वद्धन :**

बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुका लागि बागमती प्रोस्कूनले विकास गरी बागमती प्रदेश सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७८ चैत्र २० गतेका दिन स्वीकृती प्राप्त संगठनात्मक दिगोपना र संस्थागत सेवाहरुको लागि सहकारी स्व:नियमन कार्यक्रम (कोशिस) Cooperative self-regulation program for Organizational sustainability and Institutionalized Service (COSIS) कार्यक्रम यस आ.व देखि सञ्चालन गर्नका लागि देहाए बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कोशिस (COSIS) कार्यक्रमको अभिमुखिकरण कार्यक्रम | ५ वटा | |
| २. | कोशिस (COSIS) कार्यक्रमका लागि साकोससंग सम्झौता | २० वटा | |
| ३. | We can workshop | १२ वटा | |
| ४. | स्थलगत निरिक्षण | १०८ पटक | |

यस कार्यक्रमलाई जिल्ला बचत तथा ऋण सहकारी संघहरुसंग समझदारी भएमा सम्बन्धित जिल्लाको सहकारी संस्थाहरुलाई जिल्ला बचत तथा ऋण सहकारी संघ लि. लाई हस्तान्तरण गर्न सकिने छ । यसरी हस्तान्तरण हुँदा शुरु शुल्कमा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को कुनै अंश हक लाग्ने छैन् तर समझदारी भएको मिति पछि भएको गतिविधीहरुको हकमा सञ्जाल साझेदारी नीति बमोजिमको आम्दानी बाँडफाँड गरिने छ ।

१७. **विपत्तीमा शीघ्र उद्धार कार्यक्रम** (Rapid rescue from distress)

सदस्य सहकारी संस्थाहरुमा अप्रत्यासित रुपमा आउने समस्याहरुको समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले संस्थाले देहाएका कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

| क्र.स | कृयाकलाप | मापदण्ड | सुविधा |
|---|---|---|---|
| १. | चोरी भई नगदको क्षती भएमा | १० करोड भन्दा साना सहकारीहरु | १५० के.जीको सेफ |
| २. | आगलागी | सम्पूर्ण कागजपत्र नोक्शान भएमा | कम्प्यूटर |
| | | ५ लाखसम्मको सामान क्षती भएमा | प्रिन्टर |

यसका लागि घटना भएको संस्थाले घटनाको पूर्ण विवरण सहित घटना भएको १ महिना भित्रमा लिखित रुपमा संघलाई जानकारी प्रदान गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**१८. सहकारी संगालो** (Sahakari Sangalo)

संघका गतिविधीहरु सदस्य संघसंस्था, अभियान तथा नियामक निकायसम्म पुऱ्याउनका लागि संघले यस आ.व देखि वर्षमा २ वटा अर्धवार्षिक सहकारी संगालो बुलेटिन प्रकाशन गरी वितरण गर्ने छ ।

**१९. तालिम तथा शिक्षा कार्यक्रम** (Training and Education)

तालिम तथा शिक्षा र अनुसन्धानः

संघमा आवद्ध संघसंस्थाहरुको क्षमता विकास, सहकारी अभियानका अशल अभ्यासहरुको प्रारम्भिक सहकारी संस्थाहरुसम्म सम्प्रेषण गर्नका लागि संघले चालु आ.वमा देहाएका तालिम शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने छ ।

बागमती प्रोस्कूनले विभिन्न विषयका तालिमका श्रोत सामाग्रीहरुको विकासका लागि संघको प्राविधिक जनशक्तिलाई प्रयोग गर्ने छ ।  प्राविधिक जनशक्तिको अपुग भएमा संघसंग 'सञ्जाल सहकार्य' का लागि दोहोरो सम्झौता गरेका जिल्ला बचत तथा ऋण सहकारी संघहरुको व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतलाई समाहित गरी प्राविधिक समिति गठन गर्ने छ । प्राविधिक समितिले तयार पारेको पाठ्यक्रमलाई संघको स्वीकृती प्रदान गर्ने छ । तीन दिन वा सो भन्दा बढी अवधीको तालिम श्रोत पुस्तिकाहरु बागमती प्रोस्कून मार्फत नियामक निकायमा पेश गरी प्रमाणित गरी लागु गरिने छ ।

**(क) श्रोत सामाग्री विकास :**

तपसिल

| क्र.स | श्रोत सामाग्रीको नाम |
|---|---|
| १. | गरिबी बिरुद्धको वित्तीय साक्षरता तालिम श्रोत पाठ्यपुस्तक |
| २. | भाखा नाघेको ऋण व्यवस्थापन तालिम श्रोत पाठ्यपुस्तक |
| ३. | व्यवस्थापक क्षमता अभिवृद्धि तालिम श्रोत पाठ्यपुस्तक |
| ४. | सघन अनुगमनको प्रतिवेदन ढाँचा |
| ५. | जोखिममा आधारित अनुगमन प्रतिवेदन ढाँचा |
| ६. | प्रारम्भिक तथ्याङ्क संकलन फारम |
| ७. | विस्तृत तथ्याङ्क संकलन फारम |
| ८. | साधारण सभा सञ्चालन निर्देशिका |

**(ख) तालिम कार्यक्रमहरु**

तपसिल

| क्र.स | तालिमको नाम | संख्या | आयोजनाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १. | गरिबी विरुद्धको वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम | १ | आवासिय | |
| २. | ऋण व्यवस्थापन तालिम | १ | गैह्र आवसिय | |
| ३. | व्यवस्थापक क्षमता अभिवृद्धि तालिम | १ | आवासिय | |
| ४. | NFRS अनुशिक्षण | ३ | गैह्र आवसिय | |
| ५. | NFRS व्यवहारिक तालिम | १ | गैह्र आवसिय | |
| ६. | युवाको लागि वित्तीय प्रविधी (Fintech) तालिम | १ | गैह्र आवसिय | |
| ७. | उद्यमशिलता पहिचान (Startup Promotion & entrepreneurship Strategy Building) तालिम | १ | गैह्र आवसिय | |
| ८. | लेखा सुपरीवेक्षण समिति क्षमता अभिवृद्धि तालिम | १ | गैह्र आवसिय | |
| ९. | भाखा नाघेको ऋण व्यवस्थापन तालिम | २ | गैह्र आवसिय | |
| १०. | पर्ल्स अनुगमन तालिम | २ | गैह्र आवसिय | |
| ११. | ६ सि विश्लेषण तालिम | ३ | गैह्र आवसिय | |
| | जम्मा तालिम तथा अभिमुखिकरण | १७ | | |

**२०. एकरुपता प्रणाली कार्यक्रम** (Unification Program)

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. ले निर्धारण गरेको एकरुपता प्रणाली कार्यक्रम देहाए बमोजिम कार्यन्वयन गरिने छ ।

तपसिल

| क्र.स | कार्यक्रमको नाम | लक्षित संख्या | सञ्चालन प्रकृया |
|---|---|---|---|
| १. | दृष्यमा एकरुपता | ४० वटा | कोशिस कार्यक्रममा आवद्ध सबै सहकारी संस्थाहरु |

२१. **योग्य सहकारी शिक्षाको लागि भ्रमण कार्यक्रम** (Visit for cooperative worthy education)

यस आ.व. मा संघको आयोजना र व्यवस्थापनमा संघको पदाधिकारी, सञ्चालक एवम् लेखा समिति, विभिन्न उपसमितिका सदस्यहरु, उच्च व्यवस्थापन र संघमा आवद्ध सदस्य संघसंस्थाका प्रतिनिधीहरुको देहाए बमोजिमको अध्ययन भ्रमण कार्यक्रम राखिने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रम | भ्रमण स्थान |
|---|---|---|
| १. | संघ तथा साकोस व्यवस्थापकहरुको अध्ययन अवलोकन भ्रमण | राष्ट्रिय, अन्तराष्ट्रिय |
| २. | सदस्य संघसंस्थाका सञ्चालकहरुको अध्ययन अवलोकन भ्रमण | राष्ट्रिय, अन्तराष्ट्रिय |

२२. **सहकारी सदस्यको आजिवन जीवन सुरक्षा कार्यक्रम** (whole-life Security of cooperative Member)

सहकारीमा आवद्ध सदस्यहरुलाई सहकारीमा आवद्ध भए बापत जन्म देखि मृत्यपरान्त सम्मको सुरक्षा र सहकार्यको अनूभूती गराउनका लागि संघले देहाए बमोजिमको आजिवन जीवन सुरक्षा कार्यक्रम सञ्चालन गर्ने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | |
|---|---|---|
| १. | ऋण बीमा कार्यक्रम | |
| २. | सदस्य सुरक्षा कार्यक्रम सम्बन्धी अभिमुखिकरण | |

२३. **सहकारी मार्फत सत्कारपूर्ण संस्कृतिको विकास** ((X) Genial culture development from co-operative)

संघले सदस्य संघसंस्थाले अनुभूति गर्ने गरी सत्कारपूर्ण संस्कृतिको विकास गरि प्रर्दशन गर्ने र सदस्य संघसंस्थालाई पनि अनुसरण गराउनका लागि देहाएका कृयाकलापहरु संघको आदर्शको रुपमा कार्यन्वयन गरिने छ । यसका लागि संघले जानकारी मूलक, सन्देश मूलक भिडियो, अडियो तथा आर्कषक डिजाइनमा सूचनाहरु प्रकाशन र प्रसारण गरिने छ ।

**तपसिल**

| क्र.स | कृयाकलापहरु | विकास गरिने संस्कृति |
|---|---|---|
| १. | समयको प्रयोग | तोकिएको समय भन्दा अगावै |
| २. | कार्यालय भाषा | आदारार्थी, औपचारिक र मर्यादित |
| ३. | टिप्पणी वा आलोचना | स्वस्थ, मर्यादित र सुधारात्मक |
| ४. | पोशाक | औपचारिक, सफा, चटक्क मिलेको |

२४. **युवा नेतृत्व विकास** (Youth Ledership development)

सहकारीको भावी नेतृत्वका लागि युवाहरुलाई नेतृत्वमा आर्कषण गर्न नसकेमा भविष्यमा सहकारीमा नेतृत्व हस्तान्तरण पर्नसक्ने समस्याको पूर्व आँकलन गरी संघ मार्फत विकास भएको क्षमता विकासका तालिम श्रोत पुस्तिकामा युवा नेतृत्व सम्बन्धी विषयवस्तु समावेश गराउनुका साथै देहाए बमोजिमको अन्य कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम |
|---|---|
| १. | यूवा सम्मेलन (बागमती प्रदेश सहकारी संघको संयुक्त आयोजनामा) |
| २. | नयाँ नेतृत्व चयन गर्ने सहकारी संस्थामा कम्तीमा १ जना युवा नेतृत्वको लागि अनुरोध गर्ने |

२५. **प्रोस्कुनसंग शुन्य समय** (Zero hour with PROSCUN)

बागमती प्रोस्कूनको सेवा प्रवाहमा सुधार गर्नु पर्ने अवस्था, सेवामा थप गर्नु पर्ने विषयवस्तुहरु, सेवामा जोडिदा प्राप्तहुने लाभहरु तथा तत्समयको सहकारीका समस्याहरुका विषयमा अनौपचारिक छलफल गर्नका लागि देहाएको विधी अवलम्बन गरिने छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन प्रकृया | कैफियत |
|---|---|---|---|
| १. | प्रोस्कून पदाधिकारीसंग सहकारी | मासिक रुपमा तोकिएको १ दिन, संघका कार्यालयमा | |
| २. | अनौपचारिक भेटघाटमा प्रोस्कून | जुनसुकै सञ्चालकले जनुसुकै दिन जहातहाँ | |
| ३. | प्रोस्कून सेवा अभिमुखिकरण | विभिन्न जिल्लामा ब्यानर कार्यक्रमका रुपमा | |

यसको अतिरिक्त संघले आफ्नो आन्तरिक क्षमता विकासका लागि देहाएका कृयाकलापहरु सञ्चालन गरिने छ ।
क. मानव संशाधन व्यवस्थापन :
गत आ.व सम्म संघका दुई कार्यालयमा विभिन्न पदमा विभिन्न तहमा १० जना कर्मचारी नियुक्ति प्रदान गरी कार्यन्वयन गर्दै आईरहेकोमा चालु आ.वमा देहाए बमोजिमको पदमा देहाए बमोजिमको पद तथा श्रेणीमा कर्मचारी नियुक्ति गर्ने लक्ष्य लिएको छ ।

**तपसिल**

| कर्मचारीको पद | तह | श्रेणी | संख्या |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | ९ | प्रथम | १ |
| कार्यक्रम अधिकृत | ६ | तृतीय | २ |
| व्यवसाय अधिकृत | ६ | तृतीय | १ |
| सहायक व्यवसाय अधिकृत | ५ | तृतीय | २ |
| सहायक लेखा अधिकृत | ५ | तृतीय | १ |
| व्यवसाय सहायक | ४ | तृतीय | १ |
| सदस्य सेवा सहायक | ४ | तृतीय | १ |
| व्यवसाय सहायक | २ | तृतीय | २ |
| सहयोगी | – | - | २ |
| सुरक्षा गार्ड | – | - | २ |
| जम्मा | | | १५ |

## ख. कार्यालय स्थापना र मर्मत सम्भार सम्बन्धी योजना

सदस्य संघसंस्थाहरुलाई नजिकबाट सेवा प्रवाह गर्नका लागि संघको दोश्रो सेवा कार्यालय स्थापनाका लागि यस आ.वमा देहाएका कृयाकलापहरु सञ्चालन गरिने छ । संघको तेश्रो कार्यालय चितवन जिल्लाको उपयुक्त स्थानमा स्थापना गरिने छ ।

## ग. अनिवार्य कार्यक्रमहरु

संघले प्रचलित कानुन बमोजिम र संघको इतिहाँसलाई जीवित राख्नका लागि गर्नु पर्ने देहाएका कृयाकलापहरु सम्पन्न गर्ने छ ।

| क्र.स | कृयाकलाप |
|---|---|
| १. | सम्भाव्यता अध्ययन |
| २. | कार्यालयका लागि भवन छनौट तथा निर्माण |

## तपसिल

| क्र.स | कार्यक्रमको नाम | आयोजना हुने मिति | आयोजना हुने स्थान |
|---|---|---|---|
| १. | तेश्रो स्थापना दिवस | २०८० श्रावण १३ गते | काठमाडौ |
| २. | संघको तेश्रो वार्षिक साधारण सभा | २०८० मंसिर १५ गते | काठमाडौ |
| ३. | राष्ट्रिय सहकारी दिवस | २०८० चैत्र २० गते | काठमाडौ |
| ४. | अर्ध वार्षिक समिक्षा बैठक | २०८० माघ महिना | काठमाडौं |

यी योजनाहरु संग सम्बन्धित बजेटहरु संघको कोषाध्यक्ष ज्यूको प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यी कार्यक्रमहरु सहितको संघको लक्ष्य प्राप्तीका लागि यहाँहरुको रचनात्मक र आजसम्म प्राप्त गरेको स्नेहलाई निरन्तरता दिई अभियानमा संघको विशिष्ट स्थान प्रदान गर्न सहयोग गर्नु हुने छ भन्ने विस्वास एवम् अपेक्षा गर्दछु । साथै प्रस्तावित योजना र नीति कार्यक्रममा कुनै सुधार गर्नु पर्ने भएमा रचनात्मक सुझाव दिनु हुने छ भन्ने विश्वास गर्दछु ।

अन्तमा,

संघले प्रस्तावित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यन्वनय गर्दै जाँदा अवश्य पनि बागमती प्रदेश भित्रको बचत तथा ऋण सहकारी अभियानका लागि महत्वपूर्ण सहयोग पुग्ने छ । यस किसिमको कार्यक्रमले सञ्जालको आवश्यक्ता र औचित्यताको थप पुष्टी गर्ने कुरामा हामी विश्वस्त छौं ।

एक्लै एक्लै हिडेर बागमती प्रदेशको बचत तथा ऋण सहकारी अभियानको सुद्धिकरण, सुध्रिढीकरण गर्न सकिदैन र सहकारी भित्र स्वःनियमन कायम गर्न सकिदैन भन्ने कुरामा बागमती प्रोस्कून स्पष्ट छ । स्वःनियमनको अर्थ आफुले जे पनि गर्न पाउनु पर्दछ र कानुनको पालना गर्नु पर्दैन भन्ने मान्यता होइन भन्ने कुरामा हामी स्पष्ट छौं र त्यही मान्यतालाई स्थापित गराउनका लागि आन्तरिक व्यवस्थापन र अभियानलाई जागरण गर्न उत्तिकै जिम्मेवार छौं । अभियानको साझा बुझाई, साझा बोली र साझा संकल्पका लागि सदैव हातमा हात र काँधमा काँध थाप्न संघ तत्पर रहेको कुरा यस प्रतिवेदन मार्फत गरिमामय साधारण सभामा प्रस्तुत गर्दै पुनः सबैमा हार्दिक आभार र धन्यवाद सहित यस संघको उन्नती प्रगति र दिगो विकासका लागि सदैव आर्थिक, प्राविधिक र जनशक्तिका क्षेत्रमा सहयोग गर्नु हुने राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक लि., बागमती प्रदेश सहकारी संघ लि. संघमा आवद्ध जिल्ला बचत तथा ऋण सहकारी संघहरु र प्रारम्भिक साकोसहरु सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा थप सहयोगका लागि यस प्रतिवेदन मार्फत हार्दिक अनुरोध गर्दछु यसको साथै संघलाई निकटमा राखि मार्गदर्शन गर्नु हुने बागमती प्रदेश सरकार संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सहकारी विकास बोर्ड प्रति पनि हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत प्रतिवेदनको गहनतापूर्वक छलफल गरी पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै विदा हुने अनुमति चाहन्छु ।

धन्यवाद

जय सहकारी



## संघको तेश्रो वार्षिक साधारण सभा समक्ष प्रस्तुत आ.व २०७९/०८० को यथार्थ आयव्यय विवरण तथा आ.व २०८०/०८१ का लागि प्रस्तावित आयव्यय विवरण तथा बजेट

**कोषाध्यक्ष–केशबप्रसाद दंगाल**

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को गरिमामय तेश्रो वार्षिक साधारण सभाका आदरणीय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, संघका पदाधिकारी एवम् सञ्चालक ज्यूहरु, लेखा सुपरीवेक्षण समितिका संयोजक एवम् सदस्य ज्यूहरु, सल्लाहकार ज्यूहरु, विभिन्न उपसमितिका सदस्य ज्यूहरु, सभामा उपस्थित हुनु हुने सदस्य संघसंस्थाका प्रतिनिधी ज्यूहरु, संघमा कार्यरत प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारी साथीहरु र पत्रकार ज्यूहरुमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) स्थापना भएको ३ वर्ष पूरा भएको छ । संघले तीन वर्षमा नै बागमती प्रदेशको बचत तथा ऋण सहकारी अभियानमा आफुलाई गतिशिल र चलायमान संघको रुपमा स्थापित गरेको छ । कुनै पनि संघसंस्था गतिशिल हुनका लागि मुख्यतया आर्थिक श्रोत बलियो हुनु पर्दछ । यो संघ स्थापना भएको पहिलो वर्ष देखि नै आफ्ना गतिविधीहरु सञ्चालन गर्न आर्थिक हिसाब खर्च गर्न सक्षम रहयो । यसको सम्पूर्ण श्रेय संघलाई विश्वास गरी कारोबार गर्ने संघमा आवद्ध सदस्य संघ संस्थाहरुलाई जान्छ ।

सदस्य संघसंस्थाको विश्वासले भएको कारोबारको उचित प्रतिफल प्रदान गर्दै उनीहरुको लगानीको सुरक्षा गर्नु संघको प्रमुख दायित्व हो । यस तर्फ संघ सदैव चिन्तीत छ र दिनप्रतिदिन संघ सञ्चालन पद्धतीलाई व्यवस्थित र पारदर्शी बनाउदै अगाडि बढी रहेको छ । आगामी दिनमा संघले अझै आफुलाई व्यवस्थित बनाउनका लागि आफ्नो प्रयन्त जारी राख्ने विषय यस गरिमामय साधारण सभा समक्ष प्रतिवद्धता व्यक्त गर्दछु ।

श्रद्धेय अध्यक्ष ज्यू,

संघको दिगोपना, निरन्तर वृद्धि र विकासका लागि संघ स्वयम्ले पनि स्वःअनुशासनमा बस्नु अनिवार्य छ । यस तथ्यलाई आत्मसाथ गर्दै संघले आ.व २०७९/०८० मा गरेको वित्तीय कृयाकलापहरुको यथार्य अवस्थाको जानकारी सञ्चालक समितिको तर्फबाट यस सभा समक्ष उपलब्ध गराउनु मेरो प्रमुख दायित्व हो । यस कुरालाई शिरोपर गरी बागमती प्रोस्कूनको तेश्रो साधारण सभाले स्वीकृत गरेको बजेट कार्यन्वयनको सम्बन्धमा विश्लेषण सहितको प्रतिवेदन पेश गर्ने अनुमति चाहान्छु ।

**कार्यक्रमिक खर्च विश्लेषण :**

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम संख्या | विनियोजित रकम | भएको खर्च रकम | विनियोजन भन्दा घटी बढी |
|---|---|---|---|---|---|
| १ | सम्मान तथा पुरस्कार | ७ वटा | ६७,५००.०० | ६४,७०६.०० | २७९४.०० |
| २ | सञ्चालक क्षमता विकास तालिम | १ वटा | ३,०७,०००.०० | ३,४३,२३०.०० | –३६,२३०.०० |
| ३ | व्यवस्थापन क्षमता विकास | १ वटा | ७०,०००.०० | ५२,२००.०० | १७,८००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | उपसमिति सदस्य क्षमता विकास | १ वटा | ४,२६,०००.०० | ०.०० | ०.०० |
| ५ | संघ तथा साकोस व्यवस्थापकहरुको अध्ययन अवलोकन भ्रमण | १ वटा | ५०.०००.०० | ०.०० | ०.०० |
| ६ | सदस्य संघसंस्थाका सञ्चालकहरुको अध्ययन अवलोकन भ्रमण | १ वटा | ५०,०००.०० | ०.०० | ०.०० |
| ७ | जिल्ला सञ्जाल विस्तार | ३ वटा | ९०,०००.०० | ०.०० | ०.०० |
| ८ | प्रत्येक पालिकाको बचत तथा ऋण सहकारी संस्थाहरुको लगत संकलन | १५ वटा | १२०००.०० | ०.०० | ०.०० |
| ९ | प्रदेशस्तरीय गोष्ठी | १ वटा | ४,००,०००.०० | ०.०० | ०.०० |
| १० | एकीकरण सम्बन्धी गोष्ठी | ३ वटा | ८२,५००.०० | ०.०० | ०.०० |
| ११ | युवा नेतृत्व विकासका लागि युथ फोरम | २ वटा | १,६०,०००.०० | ०.०० | ०.०० |
| १२ | प्रदेश नेतृत्व मञ्च गठन | १ वटा | १,०५,०००.०० | ०.०० | ०.०० |
| १३ | प्रदेश सहकारी ऐन संशोधनका लागि गोष्ठी | १ वटा | १,००,०००.०० | ०.०० | ०.०० |
| १४ | छानिएको स्थानीय निकायहरु संगको सहकारी सम्बन्धी गोष्ठी | ३ वटा | ९०,०००.०० | ०.०० | ०.०० |
| १५ | प्रदेश आर्थिक अध्यादेश संशोधनका लागि अर्न्तक्रियात्मक गोष्ठी | १ वटा | १,००,०००.०० | ०.०० | ०.०० |
| १६ | कोशिस (COSIS) कार्यक्रमको अभिमुखिकरण कार्यक्रम | ६ वटा | २,३७,०००.०० | १,३२,३३४.०० | १,०४,६६६.०० |
| १७ | सहकारी सम्बन्धी ऐन, नियमावली र निर्देशनहरुको सन्दर्भमा अभिमुखिकरण/ छलफल/जिल्ला बचत संघ साझेदारी | ६ वटा | २,२२,०००.०० | १४६३९६.५० | ७५६०३.५० |
| १८ | बागमती प्रोस्कून सेवा अभिमुखिकरण | ६ वटा | २,९४,०००.०० | ३८,९८८.०० | २,५५,०१२.०० |
| १९ | नियामक निकायसंगको नियमित पैरवी | १० वटा | २,५०,०००.०० | ३५,२४७.०० | २,१४,७५३.०० |
| २० | बागमती प्रदेश सहकारी संघ लि.संगको सहकार्यमा कार्यक्रम | १ वटा | १,५०,०००.०० | ८०१२४.०० | ६९८७६.०० |
| २१ | साधारण सभा | १ वटा | ५,००,०००.०० | ३,५३,८३२.०० | १,४६,१६८.०० |
| जम्मा | | ६० वटा | ३७,६३,०००.०० | १२४७०५७.५० | २५१५९४२.५० |

| क.स | खर्च शीर्षक | विनियोजित रकम | भएको खर्च रकम | विनियोजन भन्दा घटी बढी |
|---|---|---|---|---|
| १ | मर्मत संभार खर्च | ५००००.०० | २३४१२.०० | २६५८८.०० |
| २ | स्टेशनरी तथा मसलन्द खर्च | ४०००००.०० | २६३९९७.६८ | १३६००२.३२ |
| ३ | बैठक व्यवस्थापन खर्च | १५००००.०० | १०१२३१.०५ | ४८७६८.९५ |
| ४ | अतिथी सत्कार खर्च | १५०००.०० | ७५६६७.६६ | –६०६६७.६६ |
| ५ | सदस्यता शुल्क खर्च | ८४९०.०० | १०८४९०.०० | –१०००००.०० |
| ६ | घरभाडा खर्च | १२५४०००.०० | १३७३०४०.०४ | –११९०४०.०४ |
| ७ | सरसफाई खर्च | ६००००.०० | ३४७९३.०० | २५२०७.०० |
| ८ | विद्युत खर्च | ५००००.०० | ६४६३२.०० | –१४६३२.०० |
| ९ | टेलिफोन तथा इन्टनेट खर्च | ७५०००.०० | ७४२१२.५५ | ७८७.४५ |
| १० | बीमा खर्च | १९००००.०० | १८२०३८.८३ | ७९६१.१७ |
| ११ | लेखा परीक्षण खर्च | ३००००.०० | ४५२४५ | –१५२४५.०० |
| १२ | बजारीकरण खर्च | ७५०००.०० | ०.०० | ७५०००.०० |
| १३ | पिउने पानी खर्च | १००००.०० | १०९६०.०० | –९६०.०० |
| १४ | सफ्टवेयर/नविकरण खर्च | १०००००.०० | ५६५००.०० | ४३५००.०० |
| १५ | दैनिक भ्रमणभत्ता खर्च | ५२१०००.०० | ४६९४४०.०० | ५१५६०.०० |
| १६ | यातायात तथा इन्धन खर्च | २५००००.०० | ११६२५२.०० | १३३७४८.०० |
| १७ | पत्रपत्रिका/सूचना/शुभकामना | १०००००.०० | ६८३५४.०० | ३१६४६.०० |
| १८ | अन्य विविध खर्च | ३०००००.०० | ६५९४३.९७ | २३४०५६.०३ |
| कूल जम्मा | | ३६३८४९०.०० | ३१३४२१०.७८ | ५०४२८०.२२ |

उल्लेखित बजेटको कार्यन्वयन गर्दा बजेट अपुग भएको शीर्षकमा अर्को समान शीर्षकको बजेटबाट संघको ०८० आषाढमा भएको नियमित बैठकले रकमान्तर गरी खर्च व्यहोरेको छ । समग्रमा उपलब्धी हेर्दा समग्र योजनाको ७८.७१ प्रतिशत उपलब्ध हाँसिल गरेको छ । बजेट खर्च कार्यन्वयन तर्फ ८६.१४ प्रतिशत लक्ष्य प्राप्त गरेको छ ।

श्रद्देय अध्यक्ष ज्यू,
यस पछि म संघको व्यवस्थापकीय क्षेत्रमा संघले अगिकार गरेको नीति, प्रकृयाहरुको संक्षिप्तमा गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

**१. संघको लेखा पद्धती र सुरक्षात्मक व्यवस्था :**

क. संघको लेखा आर्थिक आ.व वर्ष २०७९/०८० देखि ISO Certified प्रिमियम सि.बि.एस एप्लीकेशन सफ्टवेयर प्रयोग गर्दै आएको छ ।

ख. संघको कारोबारको सुरक्षा र गोपनियताका लागि आफ्नै सर्भर खरिद गरी सफ्टवेयरको डाटाको सुरक्षा व्यवस्था गरिएको छ ।

ग. आफ्नो डाटाको सुरक्षाको लागि दैनिक खाता बन्दी पछि ब्याकप लिने व्यवस्था मिलाईएको छ ।

घ. संघको कारोबार दोहोरो लेखा प्रणालीमा आधारित रही नेपाल लेखामान बोर्डले तोकेको ढाँचामा राख्ने गरिएको छ र गत वर्ष देखि नै संघको लेखा परीक्षण प्रतिवेदन Nepal Financial Reporting Standards (NFRSs) अनुसार तयार गरिएको भए पनि यस वर्ष देखि उक्त विधीलाई पूर्ण कार्यन्वयन गरी सोही ढाँचामा लेखा परीक्षण गरिएको छ ।

**२. बचत खाताको सुरक्षा र गोपनियता :**

क. संघका सदस्य संघसंस्थाहरुको खातामा रहेको मौज्दात खाता खोल्दा व्यवस्था गरेको हस्ताक्षर अनुसारका व्यक्तिहरुको आधिकारित पत्रबाट मात्र कारोबार कथन (Statement) हेर्न मिल्ने व्यवस्था गर्नुका साथै संघसंस्थाको आधिकारिक व्यक्तिको इमेलमा मात्र उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

ख. स्वयम् उपस्थित नभई भुक्तानी गर्नु पर्ने अवस्थामा भुक्तानीका लागि भुक्तानी पूर्जाको व्यवस्था गरिएको छ ।

ग. सबै किसिमको बचत स्वीकार गर्दा अनिवार्य श्रोतको स्वघोषणा गर्ने व्यवस्था गरिएको छ ।

घ. सदस्य संघसंस्थाको बचतको सुरक्षाको लागि ऋण लगानी प्रकृयालाई कडा गर्दै लगिएको छ ।

**३. नगदको सुरक्षा तथा जिम्मेवारी :**

क. संघको कारोबारमा प्राप्त हुने नगदको सुरक्षाका लागि सिद्धार्थ इन्स्योरेन्स कम्पनी लि.मा देहाए बमोजिमको सुरक्षा बीमा गरिएको छ । जस मध्ये केन्द्रिय कार्यालयको बीमा अवधी २०८० फाल्गुण १२ गते सम्म रहेको छ भने काठमाडौ सेवा कार्यालयको बीमा अवधी २०८१ आषाढ ५ गतेसम्म रहेको छ ।

| | | |
|---|---|---|
| अ. | केन्द्रिय कार्यालय भल्ट तथा काउन्टर बीमा | १ करोड |
| आ. | काठमाडौं सेवा कार्यालय भल्ट तथा काउन्टर | ५० लाख |

(मार्गस्थल प्रतिदिन २ पटकको रक्षवरण, चोरी, सेधमरी, होल्डअप, डकैती जोखिमको सुरक्षण गरिएको छ ।)

**४. ऋण स्वीकृती सम्बन्धी व्यवस्था :**

क. संघको प्रमुख कार्यकारी अधिकृतलाई व्यवस्थापन समूहको निर्णयबाट १ करोडसम्म लगानी गर्ने अधिकार प्रत्यायोजन गरिएको छ ।

ख. व्यवस्थापन समूहले स्वीकृत गर्ने ऋणको सिमा भन्दा बढी १५ करोड रुपैयासम्म अन्तर लगानी उपसमितिले स्वीकृति गर्न सक्ने अधिकार प्रत्यायोजन गरेको छ भने सो भन्दा माथिको ऋण सञ्चालक समितिले स्वीकृति गर्ने व्यवस्था गरिएको छ ।

ग. धितो सुरक्षणका आधारमा हुने धितो मूल्याङ्कन गर्नका लागि ५ वटा कम्पनीलाई संस्थागत मूल्याङ्कनकर्ता कम्पनीहरुलाई बाह्य मूल्याङ्कनकर्ताका सूचिकृत गरी २ वटा कम्पनीसंग सम्भौता समेत गरी काममा लगाईएको छ ।

**५. बैंक खाता सञ्चालन सम्बन्धी व्यवस्था :**

क. संघका सबै बैंक वित्तीय संस्था वा विषयगत संघहरु र राष्ट्रिय सहकारी बैंकमा रहेको खाताको हस्ताक्षर सञ्चालक समितको तर्फबाट अध्यक्ष र कोषाध्यक्ष एवम् व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतको अनिवार्य र कार्यक्रम अधिकृत र व्यवसाय अधिकृतको हस्ताक्षरबाट चल्ने गरी सञ्चालन गरिएको छ ।

ख. सबै बैंक खाताहरुको मासिक भिडान गर्ने व्यवस्था गरिएको छ ।

ग. सबै बैंकबाट ई बैकिङ्ग सुविधा लिईएको छ । कर चुक्ता लगाएतका कारोबारका लागि कनेक्ट आइपिएस सुविधा लिईएको छ ।

घ. संघको विद्युतिय कारोबारको प्रभावकारिताका लागि कर्पोरेट पे मार्फत तत्काल बैंक जम्मा तथा भुक्तानीको सहजता कायम गरिएको छ ।

**६. कर्मचारीहरुको सेवा सुविधा तथा समिति उपसमिति बैठक भत्ता तथा सुविधा सम्बन्धी व्यवस्था :**

क. संघमा कार्यरत कर्मचारीहरुलाई श्रेणी विहीन कर्मचारी बाहेक अन्य तहका कर्मचारीको नेपाल सरकारले प्रदेश तथा स्थानिय तहका कर्मचारीको तलबमान अनुसार कायम गरिएको छ । यसका अतिरिक्त निरन्तर ६ महिना भन्दा बढी काम गरेका कर्मचारीहरुलाई पोशाक भत्ता, खाईपाई आएको तलबको १ महिनाको तलब बराबर पर्व खर्च तथा मुनाफाको आधारमा २ महिनाको बोनसको व्यवस्था गरिएको छ ।

ख. संघको प्रमुख कार्यकारी अधिकृतको हकमा सञ्चालक समितिले संघको तिर्नसक्ने क्षमताको आधारमा मासिक ७०९८५ आधार तलब, सोही रकमको आधारमा २० प्रतिशत सामाजिक सुरक्षा कोष, मासिक १५ हजार प्रमुख भत्ता तथा प्रचलित बजार दरको आधारमा प्रति महिना इन्धन बापत १३० लि. पेट्रोलका लागि रकम उपलब्ध गराउने गरिएको छ । यस बाहेक निजलाई पोशाक भत्ता, पर्व खर्च एक महिनाको तलब बराबर र मुनाफाको आधारमा बोनसको व्यवस्था गरिएको छ ।

ख. संघको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिलाई बैठक भत्ता बापत कर सहित २ हजार पाँच सय रुपैया र काठमाडौ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकका सञ्चालक सदस्यहरुलाई बैठकमा आउँदा जाँदाको खर्च बापत प्रति बैठक ६ सय र उल्लेखित जिल्ला बाहिरका सञ्चालक तथा पदाधिकारीहरुलाई प्रति बैठक १ एजार ५ सय यातायात खर्च उपलब्ध गराईदै आईएको छ,

**७. कार्यालय व्यवस्थापन सम्बन्धी खर्च व्यवस्था :**

क. संघको केन्द्रीय कार्यालय तथा काठमाडौं सेवा कार्यालयमा यस वर्ष थप भएको भौतिक सामाग्री खरिद रितपूर्वक कोटेशन लिई न्यूनतम मूल्यका आधारमा खरिद गर्ने तथा निर्माण गरिएको छ ।

ख. रु. २ हजार भन्दा कम मूल्यका सम्पत्ति सामानहरु सोही वर्ष खर्च लेखि प्रयोगमा ल्याउने गरिएको छ ।

**८. वार्षिक योजना तथा बजेटको तर्जुमा र कार्यन्वयन :**

संघले नयाँ आर्थिक वर्ष शुरुहुनु भन्दा पहिल्यै तर्जुमा गर्ने र सञ्चालक समितिमा गहन छलफल गरी पारित गरी साधारण सभा समक्ष पेश गरेको छ । वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा संघको विगतको विश्लेषण गर्दै प्रतिष्पर्धीहरुको स्थान र उनीहरुले दिने सेवाको स्तर, वर्तमान वित्तीय बजारको अवस्था समेतको ख्याल गरी तर्जुमा गरिएको छ ।

श्रद्धेय अध्यक्ष ज्यू,
अब म चालु आ.व २०८०/०८१ का लागि संघले अघि सारेका कार्यक्रमहरुको कार्यक्रमिक बजेट तथा संघको यस आ.वको अनुमानित आयव्यय विवरण र खर्च सम्बन्धी प्रस्ताव यस गरिमामय साधारण सभा समक्ष पेश गर्ने अनुमति चहान्छु ।

**१. कार्यक्रमिक बजेट :**

संघमा आवद्ध सदस्य संघसंस्थाहरुको विकास र बागमती प्रदेश सहकारी सञ्जालमा सञ्जालिकृत गराउनका लागि संघले विभिन्न किसिमका अर्न्तक्रिया, छलफल, गोष्ठी सेमिनारहरु तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्नका लागि देहाए बमोजिमको खर्च विनियोजन गरेको छु ।

(आ.व २०८०/०८१ का लागि प्रस्तावित)

| क्र.स | योजनाको नाम | संख्या | विनियोजन रकम |
|---|---|---|---|
| १. | पुरस्कार तथा सम्मान कार्यक्रम | १ | १२००००.०० |
| २. | एकीकरण जागरण गोष्ठी | १ | ३९६७५.०० |
| ३. | अधिकतम एकीकरण गर्ने सदस्य संस्था सम्मान | १ | ११०००.०० |
| ४. | बचत तथा ऋण सहकारी संस्थाहरुको तथ्याङ्क संकलन र सम्पादन | १ | ११५०००.०० |
| ५. | उद्यम विकासका लागि सरोकारवालाहरु संगको अन्र्तक्रिया | १ | ३९६७५.०० |
| ६. | लघु उद्यम कार्यक्रमको योजना तर्जुमा गोष्ठी | १ | ३९६७५.०० |
| ७. | महिला सञ्जाल विस्तारको कार्यक्रम प्रारुप तयारी सम्बन्धी अन्तरक्रिया | १ | १५०००.०० |
| ८. | पूर्व सेवा प्रवेश परामर्श (प्रतिष्पर्धी) हरुका कार्यक्रम | ३ | ५५०००.०० |
| ९. | पूर्व सेवा प्रवेश परामर्श कार्यक्रम (अभौतिक प्रशिक्षण) | | २५०००.०० |
| १०. | सहकारीका साझा सवालमा साझा पहल | १ | १९८०००.०० |
| ११. | प्रदेश साकोस समिट | १ | ११७०००.०० |
| १२. | सदस्य संघसंस्था अनुगमन | २० | १७००००.०० |
| १३. | जोखिममा आधारित अनुगमन | १० | ८५०००.०० |
| १४. | आन्तरीक लेखा परीक्षण शाखा स्थापनाका लागि अन्तरक्रिया कार्यक्रम | १ | ४१९००.०० |
| १५. | आन्तरीक लेखा परीक्षण कार्यक्रम कार्यन्वयन परीक्षण | २३ | १९५५००.०० |
| १६. | कोशिश कार्यक्रममा आवद्ध सहकारीहरुसंगको अन्तरक्रिया कार्यक्रम | १ | ८३१००.०० |
| १७. | कोशिस कार्यक्रम अभिमुखिकरण | ५ | ९००००.०० |
| १८. | विपत्तिमा शिघ्र उद्दार कार्यक्रम | | १६००००.०० |
| १९. | सहकारी संगालो | २ | १५००००.०० |
| २०. | तालिम श्रोत पुस्तिकामा विज्ञसंगको परामर्श कार्यक्रम | ३ | २९५००.०० |
| २१. | व्यवस्थापकहरुको अवलोकन भ्रमण | १ | ६२४००.०० |
| २२. | सञ्चालकहरुको अवलोकन भ्रमण | १ | ६२४००.०० |
| २३. | सदस्य सुरक्षा रणनीति तर्जुमा कार्यशाला | १ | ५३९००.०० |
| २४. | युवा सम्मेलन | १ | ५०००.०० |
| २५. | सहकारी सञ्चारकर्मीहरुलाई वित्तीय बुझाई अभिवृद्धि तालिम | १ | ८३४५०.०० |
| २६. | बागमती प्रोस्कून सेवा अभिमुखिकरण | ५ | १२९०००.०० |
| जम्मा | | | २१,७६,१७५.०० |

| क्र.स | खर्च शीर्षक | विनियोजित रकम |
|---|---|---|
| १ | मर्मत संभार खर्च | ७५००० |
| २ | स्टेशनरी तथा मसलन्द खर्च | ४००००० |
| ३ | बैठक व्यवस्थापन खर्च | २२५००० |
| ४ | अतिथी सत्कार खर्च | १००००० |
| ५ | सदस्यता नविकरण शुल्क खर्च | ६०९५१० |
| ६ | घरभाडा खर्च | १५९०००० |
| ७ | सरसफाई खर्च | ७५००० |
| ८ | विद्युत खर्च | ८०००० |
| ९ | टेलिफोन तथा इन्टनेट खर्च | ८०००० |
| १० | बीमा खर्च | १९०००० |
| ११ | लेखा परीक्षण शुल्क | १५०००० |
| १२ | लेखा परीक्षण खर्च | ५०००० |
| १३ | बजारीकरण खर्च (सूचना, शुभकामना) | १२५००० |
| १४ | पिउने पानी खर्च | २०००० |
| १५ | सफ्टवेयर/नविकरण खर्च | ५०००० |
| १६ | दैनिक भ्रमणभत्ता खर्च | ५२१००० |
| १७ | यातायात तथा इन्धन खर्च | ४५०००० |
| १८ | पत्रपत्रिका | २५००० |
| १९ | अन्य विविध खर्च | ३००००० |
| २० | इ बैंकिङ | १२४३०० |
| २१ | छपाई तथा मसलन्द(क्यालेण्डर,डायरी) | ३००००० |
| २२ | अन्तराष्ट्रिय सम्बन्ध विस्तार खर्च | ३००००० |
| कूल जम्मा | | ५८३९८१० |

# अतिरिक्त योजनाको लागि बजेट

## १. कर्मचारी खर्च :

| क.स | तह | कूल विनियोजन |
|---|---|---|
| १. | कर्मचारी तलब भत्ता | ८५८८६८७.६ |
| २. | इन्धन खर्च | ३०६००० |
| ३. | कर्मचारी भत्ता (कार्यालय इन्चार्ज) | २४०००० |
| ४. | कर्मचारी ग्रेड | ४३२०० |
| जम्मा | | ९१,७७,८८७.६ |

## २. कार्यालय स्थापना र मर्मत संभार खर्च

| क.स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १. | सम्भाव्यता अध्ययन | ३५०००.०० |
| जम्मा | | ३५०००.०० |

## ३. अनिवार्य कार्यक्रम

| क.स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १. | तेश्रो स्थापना दिवस कार्यक्रम | १६६६००.०० |
| २. | तेश्रो वार्षिक साधारण सभा | ४९७६००.०० |
| ३. | ६७ औं राष्ट्रिय सहकारी दिवस | ११९१००.०० |
| ४. | समिक्षा बैठकहरु | १२७५५०.०० |
| जम्मा | | ९१०८५०.०० |

## ४. स्वयम्सेवी परिचालन

| क.स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १. | बैठक भत्ता | १२१४०००.०० |
| २. | सञ्चार खर्च | ६७२००.०० |
| ३. | इन्धन खर्च | २५५०००.०० |
| ४. | दैनिक भ्रमण भत्ता | ७८००००.०० |
| ५. | यातायात खर्च | १६००००.०० |
| ६. | पोशाक | २५००००.०० |
| जम्मा | | २७२६२००.०० |

## आकास्मिक कार्यक्रमका लागि विनियोजना

| क.स | कार्यक्रमहरु | संख्या | विनियोजन |
|---|---|---|---|
| १. | निशुल्क परमर्श कार्यक्रमहरु | ६ | १८००००.०० |
| २. | निशुल्क १ दिवसिय तालिम कार्यक्रम | ६ | ३०००००.०० |
| ३. | निशुल्क सहजीकरणका लागि दै. भ | | १५००००.०० |
| जम्मा | | | ४९५०००.०० |

## स्थिर सम्पत्ति खरिद योजना

**१. केन्द्रीय कार्यालय :**

| क.स | सामाग्रीको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | क्यामेरा (Canon EOS R10 or Canon EOS 90D ) | २५००००.०० | |
| २. | सि सी क्यामेरा थप | २००००.०० | |
| ३. | ल्यापटप | ८५०००.०० | |
| ४. | प्रिन्टर | ४००००.०० | |
| ५. | भिजिटर कुर्सी (५ वटा) | २००००.०० | |
| ६. | ब्लर मेशिन | ३०००.०० | |
| ७. | नेक माइक | ७०००.०० | |
| ८. | प्वाइन्टर | ५०००.०० | |
| जम्मा | | ४३००००.०० | |

**२. बानेश्वर सेवा कार्यालय :**

| क.स | सामाग्रीको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | प्रोजेक्टर | १०००००.०० | |
| २. | दराज | ३५०००.०० | |
| ३. | ल्यापटप | ८५०००.०० | |
| ४. | प्रिन्टर | ६५०००.०० | |
| ५. | पलङ | ३५०००.०० | |
| ६. | ओड्ने ओछ्याने | २००००.०० | |
| ७. | किचेन सामाग्री (फ्रिज सहित) | ६००००.०० | |
| जम्मा | | ४०००००.०० | |

४. अनुमानित आयव्यय विवरण :

चालु आ.व २०८०/०८१ मा संघले आफ्नो वित्तीय कारोबारबाट देहाए बमोजिम आम्दानी गरी सञ्चालन तथा वित्तीय खर्चमा देहाए बमोजिम खर्च भई मुनाफा हुने आयव्यव विवरण प्रस्तुत गर्दछु ।

| विवरण | आ.व ०७९/०८० को यथार्थ | आ.व २०८०/०८१ को लागि अनुमानित |
|---|---|---|
| वित्तीय कारोबारबाट आम्दानी र खर्च | | |
| ब्याज आम्दानी | १७२५९७९६१.४० | २९९७८९५२८.०० |
| ब्याज खर्च | १४६८६७२६८.९० | २४६८०५६१९.३ |
| वित्तीय कारोबारबाट खुदआम्दानी र खर्च | २५७३०६९२.५० | ५२९८३९०८.७४ |
| अन्य आम्दानी | ३८२२८०२.४८ | ११११९८८१ |
| कुल सञ्चालन आम्दानी (क) | २९५५३४९४.९८ | ६४१०३७८९.७४ |
| खर्चहरु | | |
| कर्मचारी खर्च | ५८९३६१३.५४ | ९०३३१५९.६ |
| अन्य सञ्चालन खर्च | ५६३७०९९.८९ | १२२१७८३५ |
| ह्रासकट्टी खर्च | १५००२५५.१९ | १०००००० |
| परिशोधन खर्च | ० | ० |
| अपलेखन खर्च | ० | ० |
| कर्जा नोक्सानी व्यवस्था | ५३७६७७२.१० | १५८४५६५४.७२ |
| जम्मा खर्च (ख) | १३०३०९६८.६२ | ३८०९६६४९.३२ |
| नाफा वा (नोक्सान) (क-ख) | १११४५७५४.२६ | २६००७१४०.४३ |
| कर्मचारी बोनस व्यवस्था खर्च | ५५३८५१.२६ | १३२२८७१.०० |
| आयकर अधिको खुद नाफा वा (नोक्सान) | १०५९१८६३.०० | २४६८४२६९.४३ |
| आयकर खर्च | | |
| यस वर्षको कर व्यवस्था | ९५३१००१.९८० | ९२४६८४२६.९४० |
| यस वर्षको स्थागतकर आम्दानी | ६३१५१.९० | ७१३६१.६४ |
| खुद नाफा वा (नोक्सान) | १०१२४०१२.९२ | २२२८७२०४.१३ |

५. अनुमानित वित्तीय स्थिती विवरण :

चालु आ.व २०८०/०८१ मा संघले सदस्य संघसंस्थाहरुलाई कारोबारमा जोडी देहाए बमोजिमको सम्पत्ति तथा दायित्व निर्माण हुने गरी कारोबार गर्ने लक्ष्य लिएको छ ।

(आ.व २०८०/०८१ का लागि प्रस्तावित)

| विवरण | आ.व ०७९/०८० को यथार्थ | आ.व ०८०/०८१ को लागि अनुमानित |
|---|---|---|
| **पूँजी तथा दायित्व हिसाब** | | |
| शेयरपूँजी | ७१२५९८००.०० | ९५०७९५००.०० |
| संचित मुनाफा वा नोक्सान | ०.०० | २६००७१४०.४३ |
| जगेडा तथा अन्यकोष | १६५४०९९५.५६ | १३९०२५८७.५२ |
| बचत हिसाब | २४०९७१७०२६.०३ | ३०१४४४८३५३.१० |
| बाह्य ऋण तथा सापटी | ०.०० | ०.०० |
| पूँजीगत अनुदान | ०.०० | ०.०० |
| चालु दायित्व तथा व्यवस्था | ८९१६७८९.८९ | ८५०७८६१.९५ |
| कर दायित्व | ५३१००१.९८ | १११८५५००.०० |
| दिर्घकालिन दायित्व | ०.०० | ०.०० |
| स्थगन कर दायित्व | ०.०० | ०.०० |
| अन्य दायित्व | ५०७१५२९.३९.०० | ०.०० |
| **जम्मा** | **२५१२०३७१४२.८५** | **३१६९१३०९४३.००** |
| **सम्पत्ति तथा जायदात हिसाब** | | |
| नगद हिसाब | २७१४५५.३१ | ३१६९१३०.९४ |
| बैंक मौज्दात | ५३७३५७६३२.२५ | ६३३८७७५०२.६२ |
| लगानी हिसाब | ११३४२२४९१२.८९ | ९१४२९४२७७.०६ |
| कर्जा लगानी खुद | ८१४३२५४७२.१४ | १५८४५६५४७१.५० |
| चालु सम्पत्ति | ६६७५०९.९३ | २५४४७३५७.६३ |
| स्थिर सम्पत्ति | ६०१०४९८.९९ | ७६१२००३.२५ |
| अन्य सम्पत्ति | १९३६१२.०५ | १६५२००.०० |
| अन्य दिर्घकालिन सम्पत्ति | ५८७२५१३.१४ | ०.०० |
| चालु कर सम्पत्ति | १३०७२२८१.३२ | ०.०० |
| स्थगन कर सम्पत्ति | ४१२५४.८३ | ०.०० |
| **जम्मा** | **२५१२०३७१४२.८४** | **३१६९१३०९४३.००** |

श्रीमान अध्यक्ष ज्यू,
तथा सम्पूर्ण प्रतिनिधी साथीहरु,

यहाँहरुको साथ सहयोगले नै संघले आफ्नो कार्यक्रमहरु सञ्चालन गर्दै संघमा आवद्ध सदस्य संघसंस्थाहरुको हितका लागि कार्यक्रमहरु सञ्चालन गर्न सक्षम हुने छ । मलाई विश्वास छ बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा १२ को उपदफा ६ बमोजिम बागमती प्रदेश भित्रका सबै बचत तथा ऋण सहकारी संघसंस्थाहरु बागमती प्रदेश बचत तथा ऋण सहकारी संघमा आवद्ध हुनका लागि अनिवार्य व्यवस्था गरेकोले हाम्रो वरपरका अरु बचत तथा ऋण सहकारी संस्थाहरुलाई पनि संघमा आवद्ध हुनका लागि सबैले पहल गरिदिनु हुनेछ भन्ने विस्वासका साथ प्रस्तुत प्रतिवेदन उपर गहन छलफल गरी पारित गरिदिनु हुन अनुरोध साथ आफ्नो प्रतिवेदन यही अन्त्य गर्दछु ।

जय सहकारी ।

## संघको तेश्रो वार्षिक साधारण सभा समक्ष लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व २०७९/०८० को आन्तरिक लेखा परीक्षण प्रतिवेदन



**संयोजक : देवप्रसाद त्रिपाठी**

तेश्रो वार्षिक साधारण सभाका सभाध्यक्ष संघको अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरु, लेखा सुपरीवेक्षण समितिका सदस्यहरु मित्रहरु, वागमती प्रोस्कुन सेवामा कार्यरत प्रमुख कार्यकारी अधिकृत सहित व्यवस्थापनका साथीहरु, संचारकर्मी मित्रहरु एवम् यस सम्मानित सभामा विभिन्न संघ संस्थाको प्रतिनिधित्व गर्दै उपस्थित हुनु हुने प्रतिनिधिज्यूहरुमा संघको गरिमामय तेश्रो वार्षिक साधारणसभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु।

मिति २०७९ पौष २ गते काठमाडौ बानेश्वर स्थित अर्पण बैङ्क्वैटमा सम्पन्न संघको दोश्रो वार्षिक साधारणसभा पछि बसेका संचालक समितिका विभिन्न वैठकबाट संघको व्यवस्थापकीय  नीतिगत, प्रशासनिक र आर्थिक कार्य सम्पादन सम्बन्धी अनुगमन र सुपरीवेक्षणबाट देखिएका राम्रा पक्ष एवम् कैफियतहरुलाई तथ्यगत बुँदाका रुपमा तेश्रो वार्षिक साधारणसभा समक्ष प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहान्छौं।

१. दोश्रो वार्षिक साधारण सभाका निर्णयहरु र कार्यान्वयनको अवस्था :

२०७९ पौष २ गते, काठमाडौ सम्पन्न संघको दोश्रो वार्षिक साधारणसभाका सम्पूर्ण निर्णयहरु पूर्णतः कार्यान्वयन भएका छन्। त्यसका मुख्य निर्णयहरु देहाए बमोजिम रहेका छन्।

- क. संघको विनियमको संशोधन प्रस्ताव सम्बन्धित नियामक निकायबाट स्वीकृति गरी कार्यन्वयन गरिएको पाइयो।
- ख.  साधारण सभाले नियुक्ति गरेको लेखा परीक्षकबाट समयमा नै लेखा परीक्षण गरिएको पाइयो।
- ग. दोश्रो वार्षिक साधारण सभाले पारित गरेका सबै निर्णयहरु सभाले छनौट गरेको प्रतिनिधीहरुबाट प्रमाणित गरि राखिएको पाइयो।
- घ. दोश्रो वार्षिक साधारण सभाले पारित गरेको सबै प्रतिवेदनहरुको अभिलेख चुस्त दुरुस्त कायम गरेको पाइयो।

२. संचालक समितिको बैठक संख्या, निर्णयहरु र कार्यान्वयनको अवस्थाः

आ.ब. २०७९/०८० मा संचालक समितिको बैठक कूल ८ पटक बसेको छ। संचालक समितिले गरेका अधिकांश निर्णयहरु कार्यान्वयन भएका छन्।

३. सदस्यता बृद्धि :

संघमा आ.ब. २०७९/०८० मा जम्मा सदस्य संख्या ४५१ पुगेको छ। प्रतिवेदन दिएको आ.व. भित्र संघले अघिल्लो आ.वको सदस्य संख्या ३४९ मा १५० ले वृद्धि गरी कूल ४९९ पुऱ्याउने लक्ष्य लिएकोमा १०२ वटा संघसंस्था थप गरी कूल ४५१ पुगेको हो। जुन संघले लिएको लक्ष्यको ९०.२% मात्र हुन आउँदछ।

४. तालिम तथा गोष्ठीहरुः

संघको स्वीकृत वार्षिक योजनाले आ.व. २०७९/०८० भित्र जम्मा ४० वटा तालिम, अभिमुखिकरण तथा गोष्ठीहरु आयोजना गर्ने लक्ष्य लिएकोमा जम्मा ३२ वटा तालिम तथा गोष्ठीहरु सम्पन्न भएको पाइयो। जुन लक्ष्यको ८०.% मात्र

हो । तसर्थ समयमै लक्ष्य मुताविक तालिम तथा गोष्ठीहरु सम्पन्न गर्न सुझाव पेश गर्दछौं । समग्रमा सम्पन्न भएका तालिम तथा गोष्ठीहरु अत्यन्त प्रभावकारी र उपलब्धीमूलक रहेको पाईयो ।

५. वार्षिक योजना तथा प्रगतिको अवस्था:
संघले आ.व २०७९/०८० मा लिएको लक्ष्य र प्रगतिको अवस्था देहाए बमोजिम देखिन्छ ।

| सि.नं. | विवरण | आ.व. २०७९/०८० | | | कैफियत |
|---|---|---|---|---|---|
| | | खुद लक्ष्य | प्रगति | प्रतिशत | |
| १. | सदस्य संख्या | ४९९ | ४५१ | ९०.२ | |
| २. | शेयर पुँजी | १०१११२९०० | ७१२५९८००.०० | ७०.४८ | |
| ३. | बचत हिसाव | १८८४०६६४८८ | २४०९७१७०२६.०३ | १२७.९० | |
| ४. | सदस्यमा ऋण लगानी | १३१४४६७७८९.५४ | ८१४३२५४७२.१४ | ६१.९५ | |
| ५. | बाहय ऋण | ०.०० | ०.०० | ०.०० | |
| ६. | जगेडा कोष | ७७६१३५१.८४ | ८३४९२६८.६२ | १०७.५७ | |

योजनामा लक्ष्य लिएको जति ऋण लगानी गर्न नसक्दा समग्र व्यवसायमा प्रभाव परेको देखिन्छ तसर्थ लक्ष्य अनुसार ऋण लगानी गरी व्यवसाय प्रर्वद्धन गर्न सुझाव दिइन्छ ।

६. वित्तीय विश्लेषण (PEARLS MONITORING SYSTEM) को आधारमा:

- तरलता अनुपात बचतका आधारमा कम्तिमा (२०%) हुनुपर्नेमा २२.३१% देखिएकोले ऋण लगानी बृद्धि गरि तरलता व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- कुल सम्पत्तिमा खुद संस्थागत पूँजीको अनुपात कम्तिमा १०% हुनु पर्नेमा ०.३३ % मात्र देखिएकोले संस्थागत पूँजी बृद्धि तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- कुल सम्पत्तिमा शेयर पूँजीको अनुपात (१०-२०%) हुनुपर्नेमा २.८३ % मात्र देखिएकाले शेयर पूँजी बृद्धि गर्नु पर्ने देखिन्छ ।
- कूल सम्पत्तिको बचत र शुद्ध को अनुपात (७०-८०%) हुनु पर्नेमा ऋणको ३२.४१ % र बचतको ९५.९२ % देखिएकोले शुद्ध ऋण र बचतको अनुपात मिलाउनु पर्ने देखिन्छ ।

७. आय-व्यय तथा कुल सम्पत्ती विवरण:

| सि.नं. | विवरण | आ.व. २०७९/०८० | | प्रतिशत |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | |
| १. | आम्दानी | १७६९३९६६६.७२ | १७६४२०७६३.८८ | ९९.७० |
| २. | खर्च | १५५३८०३०५.१ | १६३७७४७५५.२१ | १०५.४० |
| ३. | कुल सम्पत्ति | २०२२२५८१३७.७६ | २५१२०३७१४२.८५ | १२४.२२ |

लक्ष्य भन्दा बढी बचत संकलन हुनुका साथै ऋण लगानीमा लक्ष्य प्राप्त नभएकोले खर्चको लक्ष्य भन्दा बढी खर्च भएको देखिन्छ । बचत संकलन र ऋण लगानीमा सन्तुलन कायम गर्दा अपेक्षाकृत व्यवसायमा वृद्धि हुने भएकोले सो अनुरुप कार्य गर्न सुझाव गर्दछौं ।

८. आ.व. २०७९/०८० मा बसेको बैठक संख्या, निर्णयहरुको कार्यान्यिनको अवस्था:
संचालक समितिको ८ वटा वैठक बसी नियमित र विविध समेत गरी कूल ६० वटा प्रस्तावहरु उपर निर्णय गरेको देखियो । समितिले गरेको निर्णयहरुको सत्प्रतिशत निर्णय कार्यन्वयन भएको पाइयो ।

९. सहकारी ऐन, नियम, मापदण्ड, पालना सम्बन्धि अवस्था:
संघले सहकारी ऐन, नियम र सरकारी विभागबाट जारी गरिएको मापदण्डहरुको पालना गरेको पाइयो । त्यसै गरि संघले नियमनकारी निकायको निर्देशन समेत पालना गरेको पाइयो ।

१०. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण तथा धितो सम्बन्धि व्यवस्था:
संघले धितो र गैह्र धितो (दुबै प्रकारका) ऋण लगानी गरेको छ । संघले अन्तरलगानी नीति तथा धितो मूल्यांकन कार्यविधि अनुसार ऋण लगानी र असुलीलाई व्यवस्थित गरेको छ । अघिल्लो वर्षमा बिना धितोमा रहेको ऋणलाई यस आ.वमा धितो व्यवस्था गरी लगानी सुरक्षणमा ध्यान दिएको देखिन्छ ।

११. संघका संचालनक समिति र लेखा सुपरीवेक्षण समितिको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधाको विवरण :
संघले दोश्रो वार्षिक साधारण सभाले स्वीकृति गरेको देहाए बमोजिमको बैठक भत्ता उपस्थितिको आधारमा प्रदान गरेको देखिन्छ ।

| क्र.स | समिति/उपसमितिको नाम | बैठक भत्ता रकम | यातायात खर्च | |
|---|---|---|---|---|
| | | | उपत्यका | बाहिर |
| १ | सञ्चालक समिति | २५०० | ६०० | १५०० |
| २ | लेखा सुपरीवेक्षण समिति | २५०० | ६०० | १५०० |
| ३ | दुवै समितिको संयुक्त बैठक | २५०० | ६०० | १५०० |
| ४ | पदाधिकारीहरुको कार्यसम्पादन उपसमिति | २५०० | ६०० | १५०० |
| ५ | उपसमितिहरु | १५०० | ० | ० |

यस बाहेक संघको कृयाकलापहरुमा संघका पदाधिकारी र सञ्चालक एवम् लेखा सुपरीवेक्षण समितिलाई स्वीकृत भ्रमण आदेशको आधारमा दैनिक भ्रमणभत्ता र बीलको आधारमा यातायात खर्च स्वीकृत आर्थिक प्रशासनिक नीति बमोजिम उपलब्ध गराउने गरेको देखिन्छ ।

१२. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरु:

संघको मानव संशाधन व्यवस्थापन नीति २०७७ अनुरुप मानव संसाधन व्यवस्थापन गरिएको छ । कर्मचारी भर्ना सम्बन्धि व्यवस्थालाई चुस्त, पारदर्शी बनाउँदै उचित तलब, सुविधा, श्रम ऐन २०७४ तथा प्रदेश तथा स्थानीय सरकारको तहगत आधारभूत तलबमान बराबर हुने गरी उपलब्ध गराईको पाइयो । हाल संघमा प्रमुख कार्यकारी अधिकृत सहित जम्मा १० जना कर्मचारी करारमा नियूक्ती गरी कार्यसञ्चालन गरिरहेको पाइन्छ ।

१३. सहकारी संजालमा संघको सहभागिताको अवस्था :

संघले राष्ट्रिय तथा केन्द्रिय सहकारी संजालमा आवद्धता जनाई बहस पैरवी जस्ता कार्यक्रमहरुमा सक्रियता बढाउँदै आएको देखिन्छ । हाल यो संघ राष्ट्रिय सहकारी महासंघ लि., राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) र वागमती प्रदेश सहकारी संघ लि. को  सञ्जालमा आवद्ध भई समन्वय र सम्पर्क गरिरहेको देखिन्छ ।

१४. संघको सेवा कार्यालय सञ्चालनको अवस्था :

संघले सदस्य संस्थाहरुको माग र आवश्यकतालाई ध्यान दिदै काठमाडौ जिल्लाको नयाँ वानेश्वर स्थित प्रयाग मार्गमा मिति २०७९ असार ५ गतेबाट कर्पोरेट कार्यालयको रुपमा सञ्चालनमा रहेको कार्यालय सञ्चालन उपयुक्तताको आधारमा स्थानान्तरण गरी मिति २०७९ चैत्र ५ गते देखि मिनभवनको एल इन दि मार्टबाट सञ्चालनमा गरिरहेको छ । चालु आ.वको वर्तमान अवस्थामा सेवा कार्यालयमा जम्मा ६ जना कर्मचारी कार्यरत रहेका छन् । तुलनात्मक हिसाबले बचत तथा ऋण सहकारी संस्थाको बाहुल्यता भएको जिल्ला काठमाडौको सदस्यता बृद्धि र कारोबारमा समेत वृद्धि भएको देखिन्छ । सदस्यता प्राप्त गर्न बाँकी थप संस्थाहरुलाई पनि संघमा आवद्ध गरी संघको नीति नियम र प्रचलित ऐन कानुन बमोजिम सञ्चालनमा एकरुपता कायम भई संस्थाहरुमा व्यवसायिक कार्यकुशलतामा वृद्धि हुने हुँदा सो कार्यका लागि सुझाव गर्दछौं ।

संघको सञ्चालन प्रति लेखा सुपरीवेक्षण समितिको दृष्टीकोण :

- संघको हिसाब किताब नेपाल सरकारले जारी गरेको चार्टअफ एकाउन्टको आधारमा तोकिएको ढाँचामा राख्ने गरेको पाईयो ।
- परीक्षण गरिएको वर्षमा कुनै किसिमको अनियमिता भए गरेको पाइएन् ।
- संघको स्वीकृत योजना तथा बजेटमा कुनै कुनै शीर्षक रकमान्तर गरेको भए तापनि कानुनको परिधी भित्र नै रकमान्तर गरेको पाईयो । आगामी दिनमा कार्यक्रमहरु स्वीकृत बजेटको परिधी भित्र नै रही सम्पन्न गर्ने वातावरण निर्माण गर्नु पर्ने देखियो ।
- आन्तरिक लेखा परीक्षणका लागि व्यवस्थापन प्रमुखले तोकिदिएको कर्मचारी मार्फत समितिले खोजी गरेका सबै सूचनाहरु यथासमयमा प्राप्त गरियो ।
- आन्तरिक नियन्त्रण विधी र आन्तरिक सुशासन प्रगति उन्मुख रहेको पाईयो । आगामी दिनमा सुशासनका लागि अझै पारदर्शी बन्दैजाँदा संघको विश्वासमा वृद्धि हुने अवस्थाको विश्लेषण गरियो,
- परीक्षण अवधीमा कुनै नियामक निकायबाट अनुगमन भएको देखिएन् ।

➤ लेखा सुपरीवेक्षण समितिका सुझावहरु

क) संघको वित्तीय सूचकहरुको मापदण्ड पूरा गर्ने गरी व्यवसायमा ध्यान दिनु पर्ने देखिन्छ । पर्ल्सका सूचकहरु अनुसार मापदण्ड पूरा गर्न प्रयन्त गरेको भए तापनि केही सूचकहरु मापदण्ड अनुरुप रहेको छैन् । मापदण्ड कायम गर्न नसकेको सूचकहरुलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।

ख) वागमती प्रदेश भित्र रहेका सम्पूर्ण जिल्ला बचत तथा ऋण सहकारी संघ र प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था लि. लाई संघको सञ्जालमा आवद्ध गराई सुशासन कायम गर्ने लक्ष्यलाई मध्यनजर गर्दै सदस्यतालाई सरल र छरितो बनाउने तर्फ ध्यान पुऱ्याउन सुझाव पेश गर्दछौं ।

ग) संघको व्यवसायिक रणनीतिक योजनाको आधारमा वार्षिक कार्ययोजना तयार भएको भए तापनि सो योजनाको लक्ष्य पूर्ण रुपमा प्राप्त नभएकोले देखिएकोले संघको योजनाले लिएको लक्ष्य पूरा गर्ने गरी कार्यहरु गर्न सुझाव दिइन्छ ।

घ) संघको मूल कार्य संघको सञ्जालमा आवद्ध सदस्य सहकारी संघसंस्थाहरुको दीगो विकास, प्रर्वद्धन र बहस पैरवी रहेकोले आफ्नो उद्देश्यमा बढी ध्यान केन्द्रित गर्नका लागि सुझाव प्रदान गरिन्छ ।

ङ) कार्यक्षेत्र भित्र सबै जिल्लामा संघको बलियो उपस्थिति हुने गरी कार्यक्रमहरु आयोजना गर्न सुझाव दिइन्छ ।

च) सञ्जाल विस्तार र सञ्जाल सहकार्यमा विशेष योजना कार्यन्वयन गर्न सुझाव दिईन्छ ।

छ) संघको सञ्जालमा आवद्ध सदस्य सहकारी संस्थाहरुको गुण, क्षमता, वित्तीय सूचक, स्थानियता, स्वव्यवस्थापन, स्वनियन्त्रण विधी, स्वअनुशासन जस्ता मानकहरुको विकास गरी वर्गिकरण गर्दै सेवा दिने योजना बनाई कार्यन्वयन गर्न सुझाव दिइन्छ ।

अन्त्यमा, लेखा, सुपरीवेक्षण समितिलाई स्वतन्त्र रुपमा कार्य गर्ने वातावरण निर्माण गरी सहयोग पुऱ्याउनु हुने संचालक समिति, उप-समितिहरु तथा व्यवस्थापन प्रमुख लगाएत व्यवस्थापनमा रहेका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछौं । त्यसै गरि साधारण सभामा उपस्थित प्रतिनिधिज्यूहरुबाट प्राप्त सल्लाह, सुझावलाई स्वीकार गरी यस प्रतिवेदनमा उल्लेख गरिएका सम्पूर्ण सुझावहरु लाई कार्यान्वयनका लागि अनुरोध गर्दछौं । साथै लेखा, सुपरीवेक्षण समितिको प्रतिवेदन यस गरिमामय दोश्रो वार्षिक साधारण सभाबाट पारित गरिदिनुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

जय सहकारी !
जय बागमती प्रोस्कून !

संयोजक : श्री देवप्रसाद त्रिपाठी
सदस्य : श्री रमेश श्रेष्ठ
सदस्य : श्री रमिला श्रेष्ठ शाक्य

मिति : २०८०-०८-१५

R.BARAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS
Firm Registration No. 643
VAT No.: 605200009

# सदस्य महानुभावहरुमा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## वित्तीय विवरणको लेखापरिक्षणको प्रतिवेदन

हामीले श्री **बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)** ("संस्था")को संलग्न वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणमा २०८० आषाढ मसान्तको वित्तिय स्थितिको विवरण र सोही सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८०को नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आयको विवरण, नाफा वा नोक्सानको विनियोजन विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण, कर्जा जोखिम व्यवस्था, तथा प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु समावेश गरिएका छन् ।

## राय

हाम्रो रायमा र हामीलाई दिइएका स्पष्टीकरणहरु अनुसार वित्तीय विवरणले सारभूतरुपमा २०८० आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको करोबारको नतिजा र नगद प्रवाहले सामान्यतया स्वीकृत लेखा सिद्धान्त तथा नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

## रायको लागि आधार

हामीले नेपाल लेखापरिक्षण मापदण्ड अनुरुप लेखापरिक्षण गरेका थियौ.। ती मापदण्ड अन्तर्गत हाम्रो उत्तरदायित्व यस प्रतिवेदनको *वित्तीय विवरणको लेखापरिक्षणमा लेखापरिक्षकको उत्तरदायित्व* भागमा वर्णन गरिएका छन् । हामी वित्तीय प्रतिवेदनको लेखापरिक्षणलाई उपयुक्त नैतिक आवश्यकता तथा *नैतिकताको मापदण्ड (Code of Ethics)* बमोजिम संस्थासंग स्वतन्त्र छौं र तिनमा उल्लेख बमोजिम नैतिक जिम्मेवारी पूर्णरुपमा पालना गरेका छौं । हामी विश्वास गर्दछौं कि हामीले प्राप्त गरेका प्रमाणहरु हाम्रो रायको लागि आधार प्रदान गर्न पर्याप्त र उचित छन् ।

## प्रमुख लेखापरिक्षण मामिलाहरु

प्रमुख लेखापरिक्षण मामिलाहरु ती विषयहरु हुन, जुन हाम्रो व्यवसायिक निर्णयमा, यस लेखापरिक्षणमा सबैभन्दा महत्वपूर्ण थिए । यी विषयहरु हाम्रो लेखापरिक्षणको सन्दर्भमा सम्बोध नगरिएको थियो र ती विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं । हामीले यस प्रतिवेदन मार्फत संचार गर्नपर्ने प्रमुख लेखापरिक्षण मामिलाहरु रहेको छैन ।

## वित्तीय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

प्रचलित कानून तथा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु यस संस्थाको व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटिको कारण, रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणलीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको भविष्यमा संचालन हुने क्षमताको मूल्यांकन गर्ने दायित्व व्यवस्थापनको रहन्छ । व्यवस्थापनले संस्था दामसाह गर्ने वा संचालन बन्द गर्ने बाहेकका अन्य विकल्प नभएसम्म संस्था भविष्यमा पनि संचालन भइरहन्छ भन्ने सिद्धान्त बमोजिम लेखा पद्धति प्रयोग गर्ने दायित्व व्यवस्थापनको रहन्छ ।

Ramesh

R. Baral & Associates, Chartered Accountants
M. No.: 957
COP No.: 738

Kathmandu, Nepal
Email: rba957@gmail.com Mob: 9802825523

**वित्तीय विवरणको लेखापरिक्षणमा लेखापरिक्षकको उत्तरदायित्व**

प्रस्तुत वित्तीय विवरणहरु माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो। लेखापरिक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरिक्षण मानको आधारमा लेखापरिक्षण सम्पन्न गरिएको छ। वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याइ गर्न प्रमाणको छड्के परिक्षणलाई समेत लेखापरिक्षणमा समावेश गरिएको छ। संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरिक्षणमा समावेश गरिएको छ।

**सहकारी ऐन, नियमावली तथा मापदण्डको परीपालना उपर प्रतिवेदन**

१. हाम्रो लेखा परिक्षणमा हामीलाई आवश्यक जानकारी र स्पष्टीकरण प्राप्त गरेका छौं।
२. ऐनको आवश्यकता बमोजिम संस्थाले लेखा तथा खाता पाता राखेको छ।
३. वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) तथा ऐनको प्रावधान बमोजिम तयार पारिएको छ।
४. वित्तीय विवरण संस्थाको लेखा तथा खाता पातासंग सम्झौतामा छ तथा खाता पाता प्रचलित कानून बमोजिम राखिएको छ।
५. लेखापरिक्षणको क्रममा हाम्रो जानकारी र हामीलाई दिइएको स्पष्टीकरणको आधारमा लेखा सम्बन्धी धोखाधडीका मामिलाहरु भेट्टाएनौं। त्यस्ता केसहरुमा जहाँ व्यवस्थापक, संचालक वा कुनै पदाधिकारीहरुले ऐनको प्रावधान विपरीत कार्य गरेको तथा संस्थाको कोष दुरुपयोग गरेको पनि भेट्टाएनौं।

स्थान : काठमाण्डौं
मिति : २०८०/०६/३०

Ramesh Baral

रमेश बराल एफसिए
(प्रोप्राइटर)

Baral & Associates, Chartered Accountants, M. No.: 957, COP No.: 738, Nepal

UDIN: 231019CA00957Ld...

## वित्तीय स्थितिको विवरणपत्र (वासलात)

**३१ आषाढ २०८०**

| विवरण | लेखा टिप्पणी | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|---|
| **सम्पत्ति तथा जायदात** | | | |
| नगद तथा नगद सरह | ४.१ | २७१,४५५.३१ | ९०२,९९२.५० |
| बैंक तथा वित्तीय संस्थामा भएको मौज्दात | ४.२ | ५३७,३५७,६३२.२५ | ६१६,१६६,७२७.९८ |
| ऋण लगानी खुद | ४.३ | ८१४,३२५,४७२.१४ | ७२३,४२६,२१५.२४ |
| वित्तीय लगानी हिसाब | ४.४ | १,१३४,२२४,९१२.८९ | ९१,२२१,८७८.३३ |
| चालु सम्पत्ति | ४.५ | ६६७,५०९.९३ | २१५,६४३.७० |
| लगानी सम्पत्तिहरु | ४.६ | - | - |
| जायजेथा, सम्पत्ति तथा उपकरण | ४.७ | ६,०१०,४९८.९९ | ५,११५,३०७.३२ |
| अदृश्य सम्पत्ति | ४.८ | १९३,६१२.०५ | - |
| प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति) | ४.१४ | ५,८७२,५१३.१४ | - |
| चालु कर सम्पत्ति | ४.९ | १३,०७२,२८१.३२ | ३,६८७,७६९.२१ |
| स्थगन कर सम्पत्ति | ४.१० | ४१,२५४.८३ | - |
| **जम्मा** | - | **२,५१२,०३७,१४२.८५** | **१,४४०,७३६,५३४.२८** |
| **पूँजी तथा दायित्व** | | | |
| **दायित्वहरु** | | | |
| बचत तथा निक्षेप हिसाब | ४.११ | २,४०९,७१७,०२६.०३ | १,३१०,१८७,७१०.६० |
| बाह्य ऋण तथा सापटी | ४.१२ | - | ६३,०००,०००.०० |
| व्यवस्था | ४.१३ | - | - |
| पट्टा दायित्व | ४.१४ | ५,०७१,५२९.३९ | - |
| चालु दायित्व तथा व्यवस्था | ४.१५ | ८,९१६,७८९.८९ | २,७२१,३९०.७९ |
| चालु कर दायित्व | ४.९ | ५३१,००१.९८ | ४७६,०२५.१९ |
| स्थगन कर दायित्व | ४.१० | | २१,८९७.०७ |
| **कुल दायित्व** | | **२,४२४,२३६,३४७.२९** | **१,३७६,४०७,०२३.६५** |
| **पूँजीकोष** | | | |
| शेयर पूँजी | ४.१६ | ७१,२५९,८००.०० | ५२,७८४,७००.०० |
| साधारण जगेडा कोष | ४.१७ | ८,३४९,२६८.६२ | ४,१७४,७८१.४३ |
| अन्य कोषहरु | ४.१८ | ८,१९१,७२६.९४ | ७,३७०,०२९.२० |
| **कुल पूँजीकोष** | | **८७,८००,७९५.५६** | **६४,३२९,५१०.६३** |
| **कुल पूँजी तथा दायित्व** | - | **२,५१२,०३७,१४२.८५** | **१,४४०,७३६,५३४.२८** |
| ***सम्भावित दायित्व र प्रतिवद्धता*** | ४.१९ | - | - |
| ***प्रति शेयर खुद सम्पत्ति मूल्य*** | रु. | **१२३.२१** | **१२१.८७** |

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. रमेश बराल<br>आर बराल एण्ड एसोसिएटस्<br>चार्टड एकाउन्टेन्टस् |

## आयव्यय (नाफा नोक्शान हिसाब) विवरण
### मिति २०७९ श्रावण १ देखि आषाढ मसान्त २०८० सम्म

| विवरण | लेखा टिप्पणी | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|---|
| **वित्तीय कारोबारबाट आम्दानी/खर्च** | | | |
| ब्याज आम्दानी | ४.२० | १७२,५९७,९६१.४० | ७४,४५७,८७३.०१ |
| न्यून: ब्याज खर्च | ४.२१ | १४६,८६७,२६८.९० | ५७,२८७,९९७.५६ |
| **वित्तीय कारोबारबाट खुद आम्दानी/खर्च** | | **२५,७३०,६९२.५०** | **१७,१६९,८७५.४५** |
| शुल्क, कमिशन | ४.२२ | २,७०८,२५०.०० | ३,२०४,०००.०० |
| अन्य सञ्चालन आम्दानी | ४.२३ | १,११४,५५२.४८ | ३८,४१५.६४ |
| न्यून: शुल्क, कमिशन तथा अन्य सञ्चालन खर्च | ४.२४ | - | |
| **कुल सञ्चालन आम्दानी** | | **२९,५५३,४९४.९८** | **२०,४१२,२९१.०९** |
| न्यून: कर्जाको क्षती प्रभार तथा अन्य हानी | ४.२५ | ५,३७६,७७२.१० | २,५००,०००.०० |
| **खुद सञ्चालन आम्दानी** | | **२४,१७६,७२२.८८** | **१७,९१२,२९१.०९** |
| न्यून: **सञ्चालन खर्चहरु :** | | | |
| कर्मचारी खर्च | ४.२६ | ५,८९३,६१३.५४ | ३,०११,३९०.९२ |
| अन्य सञ्चालन खर्च | ४.२७ | ५,६३७,०९९.८९ | ३,९५१,४७२.९५ |
| ह्रासकट्टी तथा परिशोधन खर्च | ४.२८ | १,५००,२५५.१९ | ७३३,४१७.७४ |
| **सञ्चालन नाफा** | | **११,१४५,७५४.२६** | **१०,२१६,००९.४८** |
| गैर सञ्चालन आम्दानी | ४.२९ | - | - |
| न्यून: गैर सञ्चालन खर्च | ४.३० | - | - |
| कर्मचारी बोनस खर्च व्यवस्था | | ५५३,८९१.२६ | २८८,००२.५० |
| **आयकर अघिको खुद नाफा वा नोक्शान** | | **१०,५९१,८६३.००** | **९,९२८,००६.९८** |
| आयकर खर्च | ४.३१ | | |
| चालू कर | | (५३१,००१.९८) | (४९७,९२२.२६) |
| स्थगन कर | | ६३,१५१.९० | (२१,८९७.०७) |
| **खुद नाफा/नोक्शान** | | **१०,१२४,०१२.९२** | **९,४०८,१८७.६५** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | | **१४.२१** | **१७.८७** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

# आ. ब. २०७९/२०८० को नगद प्रवाहको विवरण

| विवरण | आ.व.२०७९/२०८० रकम (रु.) | | आ.व.२०७८/२०७९ रकम (रु.) |
|---|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | | |
| आय कर अघिको कुल नाफा (नोक्सानी) | १०,५९१,८६३.०० | | ९,९२८,००६.९८ |
| ह्रसकट्टी | १,५००,२५५.१९ | | ७३३,४१७.७४ |
| कर्जाको क्षती प्रभार तथा अन्य हानी | ५,३७६,७७२.१० | | २,५००,०००.०० |
| कर्मचारी बोनस व्यवस्था | ५५३,८९१.२६ | | २८८,००२.५० |
| **संचालन सम्पत्ति परिवर्तन अगाडिको संचालन मुनाफा** | | **१८,०२२,७८१.५५** | **१३,४४९,४२७.२२** |
| **संचालन सम्पत्तिमा बृद्धि तथा ह्रास** | | | |
| सदस्यहरुमा ऋण लगानी (बृद्धि)/न्युन | (९६,२७६,०२९.००) | | (३७४,६८८,४९०.५७) |
| चालु सम्पती हिसाबमा (बृद्धि)/न्युन | (९,८३६,३७८.३४) | | ९७१,८९३.२८ |
| **जम्मा संचालन सम्पत्तिमा बृद्धि वा ह्रास** | | **(१०६,११२,४०७.३४)** | **(३७३,७१६,५९७.२९)** |
| **संचालन दायित्वमा बृद्धि तथा ह्रास** | | | |
| सदस्यहरुको बचत बृद्धि/(न्युन) | १,०९९,५२९,३१५.४३ | | १२०,६८१,६२०.५५ |
| चालू दायित्वमा बृद्धि/(न्युन) | ६,१९५,३९९.१० | | ३,५७७,८२९.७२ |
| **जम्मा संचालन दायित्वमा बृद्धि वा ह्रास** | | **१,१०५,७२४,७१४.५३** | **१२४,२५९,४५०.२७** |
| **गत वर्षको कर भूक्तानी** | **(४७६,०२५.१९)** | **(४७६,०२५.१९)** | |
| **संचालनबाट खूद नगद प्रवाह** | - | **१,०१७,१५९,०६३.५५** | **(२३६,००७,७१९.८०)** |
| **लगानीबाट भएको नगद प्रवाह** | | | |
| लगानप्मा बृद्धि/(न्युन) | (१,०४३,००३,०३४.५६) | | १५९,२०४,५६९.०९ |
| स्थिर सम्पत्ति बिक्री /(खरिद) | (१,९८७,९३८.३२) | | (२,६३८,२१०.४८) |
| गैर चालु सम्पती हिसाबमा (बृद्धि)/न्युन | (६,४७३,६३३.७३) | | |
| **लगानिबाट भएको खूद नगद प्रवाह** | - | **(१,०५१,४६४,६०६.६१)** | **१५६,५६६,३५८.६१** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

| | | | |
|---|---|---|---|
| **वित्तीय कारोवारबाट भएको नगद प्रवाह** | | | |
| शेयर पूजीमा बृद्धि/(न्युन) | १८,४७५,१००.०० | १८,४७५,१००.०० | २५,६३४,७००.०० |
| बाह्य ऋणमा बृद्धि/(न्युन) | (६३,०००,०००.००) | (६३,०००,०००.००) | ६३,०००,०००.०० |
| दिर्घकालिन दायित्वमा बृद्धि/(न्युन) | ५,०७१,५२९.३९ | ५,०७१,५२९.३९ | |
| **जगेडा लगायत कोषहरुमा भएको परिवर्तन** | | | |
| जगेडा कोषमा भएको वृद्धि | - | | २९,७५०.०० |
| लाभासं वितरण | (३,६८८,३४१.८९) | | (४५१,९८३.६६) |
| संरक्षित पूँजी फिर्ता कोष वितरण | (१,७०५,३७४.८६) | | (२७४,५५५.२२) |
| कर्मचारी बोनस कोष वितरण | (२८८,००२.५०) | | |
| पुर्नवर्गिकरणका कारण अन्यकोषहरुमा भएको परिवर्तन | - | | (८,५३४,७०४.६०) |
| आन्तरिक व्यवस्थाबाहेक बाह्य श्रोतबाट अन्यकोषहरुमा भएको वृद्धि | | | |
| **कोषहरुमा खुद बृद्धि/न्युन** | **(५,६८१,७१९.२५)** | **(५,६८१,७१९.२५)** | |
| **वित्तीय कारोवारबाट भएको खूद नगद प्रवाह** | - | **(४५,१३५,०८९.८६)** | **७९,४०३,२०६.५२** |
| **यस बर्षको खूद नगद प्रवाह** | | (७९,४४०,६३२.९२) | (३८,१५४.६७) |
| शूरुको नगद तथा बैंक (अ.ल्या.) | | ६१७,०६९,७२०.४८ | ६१७,१०७,८७५.१५ |
| **बाकि नगद तथा बैंक** | - | **५३७,६२९,०८७.५६** | **६१७,०६९,७२०.४८** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएटस्
चार्टड एकाउन्टेन्टस्

## अन्य बिस्तृत आम्दानीको एकीकृत विवरण
### मिति २०७९ श्रावण १ देखि आषाढ मसान्त २०८० सम्म

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| यस वर्षको नाफा | १०,५८८,०३४.०८ | ९,९२८,००६.९८ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - |
| **क) नाफा वा नोक्सानमा पुनवर्गीकरण नगरिने वस्तु** | - | - |
| Fair Value मा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/ (नोक्सान) | - | - |
| पुनर्मूल्यांकन गर्दा खुग नाफा (नोक्सान) | - | - |
| परिभाषित लाभ योजनामा बिमंकिक नाफा / (नोक्सान) | - | - |
| माथिका विषय वस्तुसंग सम्बन्धित आयकर | - | - |
| **नाफा तथा नोक्सानका लागि पुनर्वार्गीकरण नगरिने अन्य विस्तृत आम्दानी** | - | - |
| **ख) नाफा वा नोक्सानमा पुनवर्गीकरण गरिने वा गर्न लायक वस्तु** | | |
| नगद प्रवाह हेज्मा नाफा (नोक्सान) | - | - |
| विनिमय नाफा (नोक्सान) (अन्तर राष्ट्रिय operation का वित्तीय सम्पत्ति रुपान्तरण गर्दा | - | - |
| माथिका बिषय बस्तुसंग सम्बन्धित आयकर | - | - |
| नाफा अथवा नोक्सानका लागि पुनर्वार्गीकरण | - | - |
| **नाफा अथवा नोक्सानमा लागि पुनर्वार्गीकरण हुन सक्ने अन्य विस्तृत खुद आम्दानी** | - | - |
| **ग) इक्विटी विधिबाट लेखांकन गरिएका सम्बद्ध संस्थाको हिस्सा** | | |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | - | - |
| **कूल जम्मा** | **१०,५८८,०३४.०८** | **९,९२८,००६.९८** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

## पूँजीमा भएको परिवर्तनको बिवरण

मिति २०७९/४/१ देखि २०८०/३/३१ सम्मको

| विवरण | शेयर पुंजी | जगेडा कोष | सहकारी ऐन २०७४ बमोजिम अनिवार्य कोषहरु | सहकारी ऐन २०७४ बमोजिम अन्य कोषहरु | संस्थागत ऐच्छिक कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| **शुरु मौज्दात** | ५२,७८४,७००.०० | ४,१७४,७८१.४३ | १,८१२,९६६.८७ | ५,२६९,०५९.८३ | - | **६४,०४१,५०८.१३** |
| लेखा नीतिमा भएको परिबर्तन | - | - | - | - | - | - |
| **परिबर्तित मौज्दात** | **५२,७८४,७००.००** | **४,१७४,७८१.४३** | **१,८१२,९६६.८७** | **५,२६९,०५९.८३** | - | **६४,०४१,५०८.१३** |
| चुक्तापुँजी थप/फिर्ता | १८,४७५,१००.०० | - | - | - | - | **१८,४७५,१००.००** |
| सम्पत्तिमा भएका पुन मुल्याकंन | - | - | - | - | - | - |
| कोषबाट भएको भुक्तानी तथा खर्च | - | - | (१,५६९,५३७.५४) | - | - | **(१,५६९,५३७.५४)** |
| विभिन्न कोषका समायोजन तथा वृद्धि | - | १,६४३,४८३.९६ | (१९८,६०३.३४) | (२,०४५,२४२.३६) | - | **(६००,३६१.७५)** |
| लाभांस वितरण | - | - | - | ३,२२३,८१७.४७) | - | **(३,२२३,८१७.४७)** |
| कोषहरुमा बाह्य श्रोतबाट भएको वृद्धि | - | - | - | - | - | - |
| यस आ. ब.को खुद नाफा बांडफाँड | - | २,५३१,००३.२३ | १,९३६,२१७.४७ | ५,६५६,७९२.२२ | - | **१०,१२४,०१२.९२** |
| **अन्तिम मौज्दात** | **७१,२५९,८००.००** | **८,३४९,२६८.६२** | **१,९८१,०४३.४६** | **५,६५६,७९२.२२** | - | **८७,२४६,९०४.२९** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. [illegible] बराल
आर बराल एण्ड एशोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

## जगेडा तथा अन्य कोषहरुको बाँडफाँड विवरण

नाफा नोक्सान हिसाबबाट सारिएको
खुद बचत रु. **१०,१२४,०१२.९२**

**जगेडा कोष विवरण**

| विवरण | प्रतिशत | गत बर्षको रकम | यस वर्षको थप | यस वर्षको खर्च | जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| गत वर्ष सम्मको जगेडा कोष | | ४,१७४,७८१.४३ | | - | ४,१७४,७८१.४३ |
| अन्य श्रोतबाट प्राप्त जगेडा रकम | | | - | | - |
| यस वर्षको बचत (नाफा) बाट | २५% | | २,५३१,००३.२३ | - | २,५३१,००३.२३ |
| अन्य कोषमा बाँकी रहेको रकमबाट | | | १,६४३,४८३.९६ | - | १,६४३,४८३.९६ |
| **जम्मा** | | **४,१७४,७८१.४३** | **४,१७४,४८७.१९** | **-** | **८,३४९,२६८.६२** |
| **बाँकी बचत (अन्य कोषहरुमा) रु.** | | **७,५९३,००९.६९** | | | |
| **अन्य कोषहरु (ऐन बमोजिम)** | **प्रतिशत** | **गत वर्षको रकम** | **यस वर्षको थप** | **यस वर्षको खर्च** | **यस वर्षको बाँकी** |
| संरक्षित पुँजी फिर्ता कोष | २५% | १,७६८,१४०.८८ | १,८९८,२५२.४२ | (१,७६८,१४०.८८) | १,८९८,२५२.४२ |
| सहकारी प्रबर्द्धन कोष | ०.५% | ४४,८२५.९९ | ३७,९६५.०५ | - | ८२,७९१.०४ |
| **जम्मा (क)** | | **१,८१२,९६६.८७** | **१,९३६,२१७.४७** | **(१,७६८,१४०.८८)** | **१,९८१,०४३.४६** |
| **बाँकी बचत (अन्य कोषहरुमा) रु.** | | **५,६५६,७९२.२२** | | | |
| शेयर लाभांश कोष | ७०% | ३,६८८,३४१.८९ | ३,९५९,७५४.५५ | (३,६८८,३४१.८९) | ३,९५९,७५४.५५ |
| सहकारी शिक्षा कोष | ५% | २६३,४५२.९९ | २८२,८३९.६१ | (२६३,४५२.९९) | २८२,८३९.६१ |
| कर्मचारी बोनस कोष | ०% | - | - | - | - |
| सहकारी विकास कोष | ५% | २६३,४५२.९९ | २८२,८३९.६१ | (२६३,४५२.९९) | २८२,८३९.६१ |
| घाटापूर्ति कोष | ५% | २६३,४५२.९९ | २८२,८३९.६१ | (२६३,४५२.९९) | २८२,८३९.६१ |
| सामुदायिक विकास कोष | ५% | २६३,४५२.९९ | २८२,८३९.६१ | (२६३,४५२.९९) | २८२,८३९.६१ |
| स्थिरीकरण कोष | ५% | २६३,४५२.९९ | २८२,८३९.६१ | (२६३,४५२.९९) | २८२,८३९.६१ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% | २६३,४५२.९९ | २८२,८३९.६१ | (२६३,४५२.९९) | २८२,८३९.६१ |
| **जम्मा (ख)** | १००% | **५,२६९,०५९.८३** | **५,६५६,७९२.२२** | **(५,२६९,०५९.८३)** | **५,६५६,७९२.२२** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएटस्
चार्टड एकाउन्टेन्टस्

## वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरु
## मिति : २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्म

**१. संघको सामान्य जानकारी**

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) बागमती प्रदेश अन्तरगत रहेका १३ जिल्ला र ११९ स्थानीय तहहरुमा रहेका प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरु र जिल्ला बचत तथा ऋण सहकारी संघहरुको साझा सञ्जाल हो । संघको स्वीकृति विनियम २०७६ को दफा २ को उपदफा (ख) बमोजिम संघको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा ७ मा र सोही दफा को उपदफा (ङ) को व्यवस्था अनुसार संघको कर्पोरेट कार्यालय काठमाडौ जिल्ला का.म.न.पा वडा नं. ३१, नयाँ बानेश्वरमा संचालन गरिएको छ। यस संघ सहकारी व्यावसायको विकास, प्रवर्द्धन र व्यावसायिकरण गर्ने उद्देश्यले संघको स्थापना गरिएको हो। बागमती प्रदेश, सहकारी महाशाखा हेटौडामा मिति : २०७७/०३/१४ (दर्ता नं ०००२/०७७/०७८ र पान ६१४९९०३७७) मा दर्ता भई संघले कार्यसञ्चालन गरिरहेको छ।

संघको कार्यक्षेत्र बागमती प्रदेश अन्तरगतका सम्पूर्ण जिल्ला र स्थानीय तहहरु रहेका छन्। संघले आफ्नो कार्यक्षेत्र वा बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संघसंस्थाहरुलाई आफ्नो सञ्जालमा आवद्ध गराई शिक्षा, तालिम मार्फत सञ्चालन क्षमता विकास, गुणस्तर सुनिश्चितता कार्यक्रम मार्फत दिगो बचत तथा ऋण सहकारी अभियान बनाउनका लागि क्रियाशिल भएको छ।

संघले प्रतिस्पर्धी मूल्यमा बचत संकलन र परिचालन गर्दै सदस्य संस्थाहरुको वित्तीय आवश्यकता पूरा गर्ने विश्वसनीय माध्यमको रुपमा जिम्मेवारी ग्रहण गरिरहेको छ । बागमती प्रदेशमा रहेका वित्तीय संस्थाहरुको छुट्टै पहिचान स्थापित गर्दै वित्तीय पहुँच नपुगेका सर्वसाधारणलाई सहकारी सञ्जालमा ल्याएर उनीहरुको सशक्तीकरण गर्न संघले आफ्नो बलियो उपस्थिति कायम राख्नेछ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सदस्यता :**

यस संघ राष्ट्रिय स्तरमा राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ( नेफ्स्कुन), राष्ट्रिय सहकारी बैंक लि.को सदस्य रहेको छ । चालु वर्षमा एशियाली ऋण महासंघ (ACCU) को सहयोगी सदस्य (Supporter Member) बन्ने योजना बनाएको छ।

**सदस्य तथा सेवाग्राही विवरण :**

संघले परीक्षण वर्षमा देहाए बमोजिमको संघसंस्थाहरुलाई आफ्नो सञ्जालमा आवद्ध गराई सेवा प्रवाह गर्दै आएको

| विवरण | आ.व. २०७९/०८० | आ.व. २०७८/०७९ |
|---|---|---|
| कूल सदस्य संख्या | ४५१ | ३४९ |
| प्रारम्भिक | ४३८ | ३३६ |
| जिल्ला बचत संघ | १३ | १३ |
| ऋणी सदस्य संख्या | २४ | २० |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव साफकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

२. लेखाका आधार

२.१ अनुपालन सम्बन्धी उद्घोषण

संघको आर्थिक वर्ष २०७९/८० को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal– ASBN) बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal– ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard–NFRS) भएका व्यवस्था अनुसार तयार गरिएका छन्। उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, सहकारी नियमावली २०७६ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन्। उक्त वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन्।

२.१.१ प्रतिवेदन उद्घोषण **(Reporting Pronouncement**)

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ। अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो। नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ। प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन्। गत आर्थिक वर्षको वित्तीय विवरणलाई तुलनात्मक रूपमा एकरुपता ल्याउन सो आर्थिक वर्षमा भएका व्यवस्थाहरु बमोजिम आवश्यकता अनुसार पूर्नवर्गीकरण तथा पूर्नलेखन गरिएका छन्।

२.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लेखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरुको लागि मात्र व्यवस्था गरिए तापनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ।

क) **(NFRS)** वित्तीय उपकरण:

पहिचान, लेखाकंन तथा मापन (ऋणनोक्सानी व्यवस्था सम्बन्धी) NFRS को Para 5.5 को व्यवस्था बमोजिम बैक तथा वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा 'Expected Credit Loss Model' अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ। संघले सहकारी विभागद्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था बमोजिम आएको ऋण नोक्सानी व्यवस्थालाई ऋण नोक्सानी व्यवस्था गरेको छ।

ख) **NFRS 9 –** वित्तीय उपकरण पहिचान तथा मापन (समायोजित ब्याज दर - **Effective Interest rate** सम्बन्धी)

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने व्याज आम्दानी गणना गर्दा सेवाशुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ। वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त व्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाइनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाइन गर्न सकिने छ। संघले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ।

२.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति

संघले नेपाली पात्रो अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०७९ श्रावण १ गते र अन्त्य २०८० असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ। संघको सञ्चालक समितिले आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण २०८०/०६/३० गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित सिफारिस गरिएको छ।

२.२. वित्तीय विवरणको उत्तरदायित्व

संघको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व संघको व्यवस्थापन तथा सञ्चालक समितिमा निहित रहेको छ। समितिले नेपाल राष्ट्र बैंकद्वारा निर्देशित वित्तीय विवरणको ढाँचा (इ. प्रा. निर्देशन नं ४/०७९ संग सम्बन्धित अनुसूची) बमोजिम वित्तीय विवरण अबलम्बन गर्दै आएको छ। समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ। वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन्।

(क) संघको आषाढ मसान्त, २०८० मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण ( Statement of Financial Position)

(ख) संघको आर्थिक वर्ष २०७९/०८० को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संघको आर्थिक वर्ष २०७९/०८० को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flow)

(घ) संघको आर्थिक वर्ष २०७९/०८० मा जेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा

(ङ) संघको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसंग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु। (Notes to Accounts)

२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरु संघको कार्यात्मक मुद्रा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ। वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ। विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ।

२.४. महत्वपूर्ण लेखा निर्णय र अनुमान

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए रमेश बराल<br>आर बराल एण्ड एसोसिएटस्<br>चार्टड एकाउन्टेन्ट्स |

बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ। सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ। वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non–Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (**Fair Value of Financial Instrument**)

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लेखित मुल्याङन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा Statistical Models को प्रयोग गरिन्छ।

२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (**Classification of Financial Asset and Liabilities**)

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएका,

Fair Value Through Profit or Loss -FVTPL मा वर्गीकरण गरिएका,

Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएका,

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाइन फरक पर्ने हुन सक्छ। सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याइकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ। वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ।

२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (**Impairment Losses on Financial Assets**)

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिम वा NFRS–9 को Para 5.5 को Expected Credit Model मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ। NFRS 9 को para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. [illegible] बराल<br>आर बेराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्टस |

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्ने प्रश्नहरु
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याकं औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ। संघको वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ।

२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था

संघले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ। यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ। यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ।

२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि

सघले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ।

२.४.६ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ।

चालु कर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो। आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन्। सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ।

स्थगन कर

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने अस्थाई भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाकंन गरिन्छ। भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएका स्थाई भिन्नतामा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व)को रुपमा पहिचान गरिदैन।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. [illegible] बराल<br>आर बेराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्टस |

.४.७ परिभाषित लाभ दायित्व (**Defined Benefit Obligation**)

संघले कर्मचारी प्रतिको निम्न दुई प्रकारका दायित्वहरुलाई परिभाषित लाभ दायित्व Defined Benefit Obligation को रुपमा पहिचान गरेको छः

- ✓ उपदान बापतको दायित्व
- ✓ सञ्चित विदा वापतको दायित्व

संघले उक्त दायित्वको मूल्याङ्कन खर्च स्वतन्त्र एकचुअरी (Actuary) बाट गराउन सकेको छैन । एक्चुरियल मूल्याङ्कनको लागि Discount दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलब बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरु (Assumptions) अबलम्बन गरिएको हुन्छ।

२.४.८ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु हुन जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा संघको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निक्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाइन नगरिएको दायित्वहरु पर्दछन्।

- ❖ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- ❖ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१९ मा प्रस्तुत गरिएको छ।

२.४.९ लगानी सम्पत्तिको वर्गीकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ। संघले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ। कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले संघले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरिन्छ। त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गीकरण गरिन्छ। संघले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ।

२.५ लेखा नीतिमा परिवर्तन

संलग्न वित्तीय प्रतिवेदनहरु NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन्। संघको पहिलो आ.व. देखि नै NFRS लागू गरिएकाले यस आ.व.मा लेखा नीतिमा कुनै परिवर्तन गरिएको छैन।

२.६ संघको निरन्तरता / अविछिन्नतामा आधारित लेखा नीति (**Going Concern**)

संघको व्यवस्थापनले यस प्रदेश बचत तथा ऋण सहकारी संघको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संघ अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ। साथै व्यवस्थापनले संघको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमातामा ह्रास पुर्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरणहरु संघको निरन्तरता र अबिछन्नतामा आधारित रहेर तयार पारिएको छ।

| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. प्रकाश बराल<br>आर बेराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्स |
|---|---|---|---|

२.७ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ। गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूनरवर्गीकरण गरिएका छन्।

२.८ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३१, २०८० को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुञ्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकूल वा प्रतिकूल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ।

३ प्रमुख लेखा नीतिहरु

३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ:

- ❖ अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS–9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ।
- ❖ कर्मचारीहरुको लागि व्यवस्था गरिएको परिभाषित लाभ दायित्व (Defined Benefit Obligation) तथा Long service leave लाई NAS–19 बमोजिम उचित मूल्यका आधारमा मापन गरिएको छ।
- ❖ परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ।

३.२ व्यवसाय प्राप्ति र साख

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS–3 बमोजिम "Acquisition Method" अनुसार लेखाइन गरिएने छ उक्त Acquisition Method को लागि:

- ✓ नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ।
- ✓ नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ।
- ✓ सम्पत्ति, दायित्व तथा Non–Controlling interest को मापन हुनु पर्छ।
- ✓ नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ। उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाइनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS –3 वमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाइनेछ।

संघले यस आ.व.मा कुनै व्यवसाय प्राप्ति गरेको छैन।

३.३ नगद र नगद समान

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा Placement गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. प्रकाश बराल
आर बेराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्स

अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा Placement लाई जनाउँदछ। प्रतिबन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line ltem) प्रस्तुत गरिएको छ।

३.४ वित्तीय सम्पत्ति तथा दायित्व

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अन्तंगत पर्दछ। वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ। वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन्।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ। वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन्।

३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ। नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ।

३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन

सबै वित्तीय सम्पति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ।

३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ। सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

- ➢ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- ➢ बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ:

- ✓ वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- ✓ वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

३.४.३.१ परिशोधित मूल्य (**Amortized Cost**) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गीकरण गरी मापन गरिन्छ।

१. **Business Model** परिक्षण :

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह सकलन गर्ने उद्धेश्य भएको।

२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. प्रकाश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने।
यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता सांवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुबै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिपोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ।
Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनरवर्गीकृत हुँदा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ।

३.४.३.२ बजार मूल्यमा (**Fair Value**) मापन गरिएका वित्तीय सम्पत्ति

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पतिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन्। बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति Fair Value Through Profit or Loss
२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति Fair Value Through Other Comprehensive Income

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा ने छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ। तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याइन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ।

३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (**FVTOCI**)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ। यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुन गर्छ। यो वर्गमा वर्गीकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभाश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ।
यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याकंन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ। उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये बिक्री निसर्ग गरिएको आ.ब. संग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएका छ।
तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुदा ५.१ मा प्रस्तुत गरिएको छ।

३.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन

NFRS–9 “वित्तीय उपकरण“ (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ। वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ

| केशबप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | एफ. सि. ए. प्रकाश बराल |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बेराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्टस |

- ➢ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- ➢ Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ। तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याकंन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ। प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन।

३.४.४.२ **Amortized Cost** मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ। शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाइन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिएको छ। सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाकंन गरिन्छ।

३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ। वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ। NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुनरवर्गीकरण गर्न बन्देज लगाएको छ। व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पुनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ। सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिंदैन। कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिंदा सो गर्दाको मितिको बजार मूल्यमा मापन गरी लेखाकंन गरिन्छ। यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ।

३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संघको वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाकंन गरिन्छ।

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएटस्
चार्टड एकाउन्टेन्टस्

३.४.६.२ वित्तीय दायित्वको निसर्ग
कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ। यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाइन गरिन्छ।

३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण
तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ। फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ। यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट' (छुट) गर्नु पर्दछ। यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (significantly) फरक पर्न सक्दछ। संघले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ। यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ।
स्तर-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।
स्तर-२:- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ
(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा
(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा
(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङबाट निरीक्षण गर्न सकिन्छ।
स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (significant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ । संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निक्यौंल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ।
३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी
संघले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ। उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ।
यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ। यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. प्रकाश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा सांवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

३.४.८.१ नोक्सानी व्यवस्था / नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाकंन गर्दा प्रयोग गरिएको समायोजित व्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ। नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ।

३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ। सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साख्यिकीय ( Statistical) पद्धतिको माध्यमबाट गरिन्छ। यस्तो सामुहिक ऋणमा विगतमा भएको नोक्सानी दरलाई 'Net Flow Rate' विधिबाट निर्धारण गरिन्छ। यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको ‘Default को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ।

३.४.८.४ पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संघले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ। यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संघ तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित व्याज दरकै आधारमा गरिन्छ। यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन। यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ।

३.४.८.५ **NFRS 9 –** वित्तीय उपकरण - पहिचान, लेखाकंन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२ (क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. रमेश बराल<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्स |

तदानुरूप, संघले कर्जा लगानीमा रु. ८,२२५,५०९.८२ कर्जा नोक्सानी व्यवस्था गरेको छ।

३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी

संघले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत व्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ। कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ। ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortized Cost मा मापन गर्ने गरी लेखाकंन गरिएको छ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ। सो ऋणको बजार मूल्यमा समायोजित व्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाकंन गरिएको छ।

३.४.१० **Amortized Cost** को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ। कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त व्याज दरलाई समायोजित व्याजदर भनिएको छ। संघले समायोजित व्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ।

३.५ लगानी सम्पत्ति (**Investment Properties**)

NFRS–16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS–5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन्। संघले गैर बैकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुवैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण न गर्ने नीति लिएको छ। संघले लगानी सम्पत्तिलाई NAS– 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाकंन गर्ने नीति लिएको छ।

३.६ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संघको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन्। संघले NAS 16 – 'Property, Plant & Equipment' को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाकंन गर्ने गरेको छ। संघको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ।

३.६.१ पहिचानको आधार

संघलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना

| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ्. सि. ए. प्रकाश बराल<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्स |
|---|---|---|---|

रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संघले रु २,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरुलाई पूजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संघले NFRS–16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू सम्पत्ति लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ।

३.६.२ मापनको आधार

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाकंन गरिन्छ। लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाकंन गरिन्छ। उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाकंन गरिन्छ।

३.६.३ लागत विधि (**Cost Model**)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "लागत Model" लेखाकंन तथा प्रस्तुत गर्ने संघको लेखा नीति रहेको छ। यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ।

३.६.४ पूनरमूल्याकंन विधि (**Revaluation Model**)

संघले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनरमूल्याइन Model अपनाएको छैन।

३.६.५ निसर्ग (**Derecognition**)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिंदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

३.६.६ पुंजीकृत नगरिएका स्थिर सम्पत्ति

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरि पूँजीकृत गरिन्छ।

३.६.७ ह्रासकट्टी

संघले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ। लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संघले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घट्दो ह्रासकट्टी प्रणाली (Written Down Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन गर्ने नीति अपनाइएको छ। संघका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. ... बराल<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्टस |

तपसिल

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| विधुतिय सामग्री | ५ वर्ष |
| परिवहन साधन | १० वर्ष |
| फर्निचर तथा फिक्स्चर | १० वर्ष |
| मेटल एण्ड स्टिल सम्पत्ति | १० वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |
| आर. ओ. यू सम्पत्ति | पट्टाको अवधि |
| लिज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ। यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सो मा ह्रासकट्टी गरी राखिन्छ। ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

३.७ साख तथा अभौतिक सम्पत्ति लेखाकंन

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ। अमूर्त सम्पत्तिको लेखाकंन त्यस वखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ। शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाकंन गरिन्छ। अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडि कै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाकंन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिदैन।

३.७.१ साख (**Goodwill**)

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संघ प्राप्तिको लागि तिरेको मूल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व ( Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्व को योगफलबाट उक्त प्राप्ति गर्न लागेको संघको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ। साखलाई सो को लागत मूल्यबाट सो मा भएको सञ्चित क्षयीकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ। साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ।

- ❖ वार्षिक अथवा
- ❖ हानीको कुनै संकेत भेटिएमा

साखको क्षयिकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ति योग्य रकमसंग इकाईको किताबी मूल्यसँग तुलना गरी गर्ने गरिन्छ। यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मूल्य भन्दा बढी भएको अवस्थामा साखमा क्षयीकरणको पहिचान गरिछ। प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक इकाईको उचित मुल्य रहित लागत को निपटान (Fair Value less cost to sell) र उपयोग को मूल्य

| केशबप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | एफ. सि. ए. [illegible] बराल |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएटस्<br>चार्टड एकाउन्टेन्टस |

मध्ये जुन बढी हुन्छ त्यसलाई मान्ने गरिन्छ।

३.७.२ अभौतिक सम्पत्ति

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संघले NAS 38 को प्रावधानलाई अपनाएको छ । संघले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाकंन गर्ने गरेको छ।

- लागतको मापन गर्ने सकिने भएको
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि सघाको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संघले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रुपमा लेखाकंन गरिएको छ।

३.७.३ कम्प्युटर सफ्टवेयर

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ। आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन ( Amortization) गरिन्छ।

३.७.४ अभौतिक सम्पत्तिको निसर्ग

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ। यसरी अभौतिक सम्पत्ति निसर्ग गरिंदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

३.७.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख ( Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ। अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पूनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ। संघले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक सम्पत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर | ५ वर्ष |

३.८ आयकर

संघले आयकर लेखाकंन NAS 12–Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ। आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ। जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सिर्जित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खाता मै प्रस्तुत गरिएको छ। चालु आयकर सम्बन्धी थप जानकारी बूँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.१० मा प्रस्तुत गरिएको छ।

३.८.१ वित्तीय विवरण अवधिको कर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

बमोजिम वासलात मितिमा लागू भएका दर हुन्। सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ ( संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ।

.८.२ स्थगन कर

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने अस्थाई भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाइनगरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखाकंन गरिन्छ। भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएका स्थाई भिन्नतामा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व)को रुपमा पहिचान गरिदैन। स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

यस कारण आर्थिक वर्ष २०७९/८० को लागि यस संघलाई आगामी आर्थिक वर्षबाट लागू हुने परिवर्तित आयकर दर ५% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ। संघको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याईएको छ।

३.९ पट्टा दायित्व

संघले पट्टा (Lease)को पहिचान, मापन तथा लेखाकंन NFRS 16 Lease को प्रावधान बमोजिम गरेको छ। NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ। NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाकंन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाकंन गर्ने गरेको छ। यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.१४ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२७ अन्तर्गत व्याज खर्चमा देखाइएको छ।

पहिचान

पट्टाको प्रारम्भिक मितिमा संघले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ। NFRS–16 अनुसार पट्टामा लिने संघले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर. ओ. यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ।

छुटको सुविधा लिन सकिने पट्टाहरु

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

प्रारम्भिक मापन

पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ। संघले पट्टेदारका वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ्. सि. ए. ... बराल
आर बराल एण्ड एसोसिएटस्
चार्टड एकाउन्टेन्स

आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाकंन गरिन्छ। आर. ओ. यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन्। आर.ओ.यू सम्पत्ति =प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी प्राप्त पट्टा प्रोत्साहनको सुत्र अनुसार मापन गरिन्छ।

पछिको मापन (**Subsequent Measurement**)

आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याइन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टी र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ। संघले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाकंन गर्ने गरिएको छ।

पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाकंन गर्ने गरिन्छ। पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसावले मापन गरिन्छ :

- ➢ पट्टा दायित्वमा प्रतिविम्वित हुने व्याज खर्चले वृद्धि गर्ने
- ➢ पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- ➢ कुनै प्रकारको पुनर्मूल्याइन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

खर्चको पहिचान र मापन

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ।

- ➢ आर.ओ.यू सम्पत्तिको ह्रासकट्टी
- ➢ पट्टा दायित्वमा व्याज खर्च
- ➢ आर.ओ.यू सम्पत्तिको हानी
- ➢ परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रासकट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा व्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२७ अन्तर्गत प्रस्तुत गरिएको छ।

३.१० सम्भावित दायित्वहरु

संघले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाइन NAS–37– Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संघको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निक्यौल गर्दछ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- ➢ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- ➢ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. रमेश बराल<br>आर बराल एण्ड एसोसिएटस्<br>चार्टड एकाउन्टेन्टस |
|---|---|---|---|

संघको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ। सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ।

**३.११ आयको पहिचान**

अन्यथा उल्लेख भएकोमा बाहेक, संघले आम्दानीलाई NFRS–15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाकंन गर्ने गरेको छ।

**३.११.१ ब्याज आम्दानी**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संघमा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त व्याज रकमहरु समावेश हुन्छ। यसरी ब्याज आम्दानी जनाउँदा संघले माथि उल्लेखित बुँदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ।

संघले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा व्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन। ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४ २० मा प्रस्तुत गरिएको छ।

**३.११.२ शुल्क तथा कमिशन आय**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाकंन गरिन्छ। ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाकंन गरिन्छ। यस सम्बन्धमा संघले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ। शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२२ मा प्रस्तुत गरिएको छ।

**३.११.३ लाभांश आम्दानी**

संघलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाइन गरिन्छ।

संघले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ।

**३.११.४ खुद व्यापारिक आम्दानी**

संघले व्यापारिक लगानी तथा दायित्वमा हुने व्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ। हाल संघ कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन। यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ।

**३.११.५ अन्य सञ्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ। विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ। यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ।

**३.११.५.१ विदेशी मुद्राका कारोबारबाट हुने नाफा नोक्सानी**

विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वको दिनानु दिन सो विदेशी मुद्राको विनिमयमा भएको परिवर्तनको कारणले हुने नाफा वा नोक्सानीलाई नाफा नोक्सान खातामा प्रस्तुत गर्ने गरिएको छ।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. एस. बराल<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्स |

**३.११.५.२ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ। यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ।

**३.१२ ब्याज खर्च**

सदस्यहरुको निक्षेप खाता, संघले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा ( Accrual Accounting) लेखाङ्कन गरिन्छ। यस सम्बन्धी थप जानकारी बुँदा नं ४.२१ मा प्रस्तुत गरिएको छ।

**३.१३ कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले संघलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन्। कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संघले NAS 19 – "Employce Benefits" को प्रावधान बमोजिम गरेको छ । संघले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ। कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन्।

**३.१३.१ अल्पकालीन कर्मचारी खर्चहहरु**

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन्।

अल्पकालीन कर्मचारी खर्चको लेखाकंन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ। सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाकंन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ।

**३.१२.१.१ कर्मचारी बोनस खर्च**

संघले बोनस ऐन, आफ्नो विनियम तथा मानव संशाधन व्यवस्थापन नियमावली बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ। संघले वास्तविक तलब खर्चका आधारमा कर्मचारी बोनस व्यवस्था गरेको छ।

**३.१३.२ रोजगार पछिको सुविधा जस्तैः**

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ (रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा)

**३.१३.२.१ परिभाषित योगदान योजना**

NAS–19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संघले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन। परिभाषित योगदान योजनामा कर्मचारीले संघलाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाकंन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ। संघले १ वर्ष प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ। माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ।

**३.१३.२.२ परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. प्रकाश बराल<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स |

यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ। संघको नीति अनुसार नियुक्त भएका कर्मचारीहरुको सेवा अवधिको आधारमा उपदानको निम्ति व्यवस्था गरिन्छ। उपदान अन्तर्गत पुरा दायित्वको हिसाब निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन गरिन्छ।

संघको परिभाषित लाभ दायित्व गणना गर्नको निम्ति कर्मचारीले वर्तमान तथा पूर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसमा योजना सम्पत्तिको उचित भ्यालु घटाएर खुद रकम वित्तीय अवस्थाको विवरणमा देखाइन्छ। योजना सम्पत्तिको मूल्य आर्थिक लाभको आजको मूल्य योजनाबाट रिफण्डको रुपमा प्राप्त हुने अथवा भविष्यको योजना योगदानबाट घट्ने रकममा सिमित हुन्छ। आर्थिक लाभको आजको मूल्य निर्धारण गर्न संघको कुनै योजनामा लागू हुने न्युनतम लगानी आवश्यकतालाई विचार गरिन्छ। योजना दायित्वको राफसाफ गर्दा वा योजनाको समयावधिमा लाभ प्राप्त भएमा संघलाई आर्थिक लाभ उपलब्ध हुन्छ। वार्षिक अवधिको शुरुवातमा हिसाब गरिने परिभाषित लाभ दायित्वको Discount दर लागू गरी संघले निर्धारित लाभ दायित्वको व्याज खर्चको निर्धारण गर्छ। सरकारी ऋणपत्र जसको अवधि परिभाषित लाभ योजनाको अवधि समान हुन्छ त्यसको औषत Yield लाई आधार मानेर Discount दरको निर्धारण गरिन्छ। कर्मचारीले सेवा दिए वापत उपदान दायित्वको वृद्धिलाई नाफा नोक्सान विवरणको कर्मचारी खर्च अन्तर्गत खुद व्याज खर्चका

साथ देखाइएको छ। संघको दायित्वको हिसाब गर्दा उपदानमा आउने कुल विमाणिक नाफा नोक्सानलाई अन्य विस्तृत आम्दानीमा देखाइएको छ। मूल्याङ्कन गर्दा Demographic assumptions स्वरुप सेवा निवृत्ति उमेर ६० वर्ष वा ३० वर्षको सेवा अवधि, सेवाबाट पूर्ण अवधि अवकाश, स्वेच्छिक अवकाश र स्वास्थ्यका कारण अवकाश जस्ता निवृत्तिहरु व्यवस्था भएपनि हालसम्म त्यस्ता अवकास भएका छैनन् ।

**३.१३.३ अन्य दिर्घाकालिन कर्मचारी सुविधा**

कर्मचारी बिदा वापतको खर्च

(क) संघको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्

१. सञ्चित हुने, र

२. सञ्चित नहुने।

ग) संघले बिदा वापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ

- सञ्चय गर्न सकिने विदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा,
- सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा।

(घ) घर बिदा बढीमा ९० दिन र बिरामी बिदा बढीमा ४५ दिन प्रत्येक शिर्षकमा सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ। कुल बढीमा सञ्चित गर्न सकिने दिनको अवधिभन्दा बढी सञ्चित भएको विदा वापतको रकमलाई प्रत्येक वर्षको वैशाख महिनामा नगदमा भुक्तानी गरिन्छ। प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको विदा मध्ये उपयोग नभई बाँकी रहेको विदा अवधिलाई संघको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो वापतको खर्च व्यवस्था गरिन्छ।

ङ) विदा वापतको दायित्वको गणना गर्दा संघले Actuarial Valuation गरेको छैन।

**३.१४ पट्टा**

संघले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

छ। जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाकंन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाकंन गर्ने गरेको छ। यसरी पहिचान भएको आर ओ यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२७ अन्तर्गत ब्याज खर्चमा देखाइएको छ।

**३.१५ विदेशी विनिमय कारोबार**

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ। वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ। संघमा विदेशी विनिमय मुद्रामा कारोबार भएको छैन।

**३.१६ शेयर पूँजी र जगेडा कोषहरु**

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ। सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संघको कार्यक्षेत्र भित्र दर्ता भएका प्रारम्भिक बचत तथा ऋण सहकारी संघ तथा जिल्लास्तरिय बचत तथा ऋण सहकारी संघ कम्तिमा दश थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ। हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन्। संघको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन। संघले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ।

**३.१७. कोषहरु**

कोष अन्तर्गत साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रर्वद्धन कोष, सहकारी शिक्षा कोष, शेयर लाभाँस कोष, कर्मचारी बोनसकोष, सहकारी विकास कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष, अन्य जोखिम व्यवस्थापन कोष पर्दछन्।

**३.१७.१ साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संघले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ।

**३.१७.२ संरक्षित पूंजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ। संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने हुनाले उक्त रकमलाई ४.१९ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ।

**३.१७.३ सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ। सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१९ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ।

**३.१७.४ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष**

सहकारी नियमावली, २०७५ को नियम २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. प्रमोद बराल<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्टस |

निम्न लिखित कोषहरुः सहकारी शिक्षा कोष, शेयर लाभाँस कोष, कर्मचारी बोनसकोष, सहकारी विकास कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष, अन्य जोखिम व्यवस्थापन कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ।

**३.१७.५ विमाङ्किक कोष**

NAS–19 Employee Benefit अन्तर्गत परिभाषित कर्मचारी दायित्व मापनमा एक्च्युरियल धारणा ( Actuarial Assumption) मा भएको परिवर्तनको कारणले हुने फरकलाई यस शिर्षकमा समायोजन गरिन्छ। यो कुनै जगेडा कोष हैन । यस शिर्षकको रकममा हुने परिर्वतनलाई अन्य विस्तृति नाफा नोक्सान खातामा प्रस्तुत गरी यस शिर्षकमा समायोजन गरिन्छ।

**३.१८ प्रतिशेयर आम्दानी**

संघले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ। आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ। Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औषत शेयरधनीको संख्यामा Delusive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ।

**३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था**

संघले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ। उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढी भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ। नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ। यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ। एक बर्ष भन्दा कम अवधिको गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था नगर्ने नीति अवलम्बन गरिएको छ।

**३.२० नगद प्रवाह विवरण**

संघले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को Direct method अनुसार तयार गरेको छ। नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रण गरेको हुन्छ। प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ

१. सञ्चालन कारोबारबाट भएको नगद प्रवाह

२. लगानीबाट भएको नगद प्रवाह

३. वित्तीय कारोबारबाट भएको नगद प्रवाह

**३.२१ प्रस्तावित लाभांश**

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाकंन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि संघको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ।

**३.२२ तुलनात्मक रकम**

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुनः वर्गीकरण गरिएका छन्।

**३.२३ आन्तरिम वित्तीय रिपोर्टिङ्ग**

वित्तीय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ। ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | एफ. सि. ए. रमेश बराल<br>आर बराल एण्ड एसोसिएटस्<br>चार्टड एकाउन्टेन्टस् |

१ श्रावण २०७९ देखी आषाढ मसान्त २०८० सम्मको वित्तीय विवरणका अनुसूचीहरुनगद तथा नगद सरह अनुसूची-४.१

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| ढिकुटीमा भएको नगद नेपाली मुद्रा | २७१,४५५.३१ | ९०२,९९२.५० |
| जम्मा | २७१,४५५.३१ | ९०२,९९२.५० |

नगदको फेयर भ्यालू नै किताबी मूल्य रहेको छ। ढिकुटीमा रहेको नगदलाई भौतिक तथा वित्तीयबाट पर्न सक्ने जोखिमका लागि पर्याप्त बीमा गरिएको छ। नियमनकारी निकायले तोकेको तरलताको मापदण्ड तथा व्यवसायिक आवश्यकता अनुसार ढिकुटीमा नगद राखिएको छ।

बैंक तथा वित्तीय संस्थामा भएको मौज्दात अनुसूची-४.२

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| 'क' तथा 'ख' वर्गका बैंकमा रहेको मौज्दात | १४७,८६६,१००.४७ | ८०,५७७,६५९.६३ |
| प्राइम कर्मशियल बैंक (०५२०१०६५CA) | ३५,५१२,३८८.६२ | ४८,१४८,५६८.९२ |
| मुक्तिनाथ विकास बैंक (०८९१०२००७५२७००००००००१) | ३४,५४५,५३२.६५ | २,८३७,२३३.५६ |
| ज्योति बिकास बैंक (०८२००१००३८१६१२००००१) | १८,६७०,९८०.९५ | १७,७७७,८०७.६५ |
| कुमारी बैंक लि. (२३५०२८१७०४२००००१) | १६,७५०,८३८.२२ | – |
| प्रभू बैंक (२३१७०८९६३९८०००१८) | २९,६७८,५३२.२४ | ६,६६१,३३५.११ |
| सीन्धु बिकास बैंक (००२००६००SP) | १२,७०७,८२७.७९ | ५,१५२,७१४.३९ |
| संघमा रहेको मौज्दात | ३१३,४६४,५२४.५८ | ४१३,१४३,१२३.७२ |
| नेफस्कून केन्द्रिय कार्यालय (३००३०००११४६) | ६२,२३६,०१५.७५ | १५,६५८,६६२.५३ |
| नेफस्कून फिल्ड कार्यालय, बनेपा (३००३०००११५०) | १५४,१८३,४८६.९१ | १३४,८४३,६८०.४८ |
| नेफस्कून फिल्ड कार्यालय, दोलखा (३००३०००११५१) | ४४,१०५,३०६.१२ | ८०,४०६,००८.६३ |
| नेफस्कून फिल्ड कार्यालय, मकवानपुर (३००३००००१२१७) | ३५,८५४,९५३.९३ | ७०,५१०,१३३.७७ |
| नेफस्कून फिल्ड कार्यालय, चावहिल (३००३०००१२६३) | १,४९८,८२३.४५ | ४६,००२,६१२.९४ |
| नेफस्कून फिल्ड कार्यालय, ललितपुर (३००३०००१८४१) | ४,४०५,३७६.८२ | १५,००५,९०९.२४ |
| नेफस्कून फिल्ड कार्यालय, मन्थली (३००३०००१३३८) | १,१५६,२९९.४२ | १०,५६३,२२९.८२ |
| नेफस्कून फिल्ड कार्यालय, भक्तपुर (३००३०००१२६१) | ३,७४१,८६५.०३ | ४०,१०६,४१४.२८ |
| नेफस्कून फिल्ड कार्यालय, धादिङ (३००३०००१९७२) | ६,२७९,४३०.०५ | – |
| नेफस्कून लाभांस बचत खाता (३०१००५९६१) | २,९६७.१० | ४६,४७२.०३ |
| सहकारी बैंकमा भएको मौज्दात | ७६,०२७,००७.२० | १२२,४४५,९४४.६३ |
| राष्ट्रिय सहकारी बैंक, बनेपा (३३-०००२९-१) | ५,४२६,९३४.३० | २७,७१६,६०१.६२ |
| राष्ट्रिय सहकारी बैंक, समुन्नत बचत बनेपा (०१५३९०००२२१) | १६,६६३,१०७.९९ | – |
| राष्ट्रिय सहकारी बैंक, ललितपुर (००४-३३-०००५०-७) | ४,२८२,०५५.७३ | ३५,१९४,०३८.८५ |
| राष्ट्रिय सहकारी बैंक, मकवानपुर (०१९-३३०००००८-१) | १,१०६,४६८.२५ | २०,१६८,४७४.४६ |
| राष्ट्रिय सहकारी बैंक, नयाँबानेश्वर (०२० ३९-०००३१-२) | ४७,०८२,३१८.९६ | १९,२०६,२९१.६७ |
| राष्ट्रिय सहकारी बैंक, चरीकोट (००८-१५-०००३३-५) | १,१३२,१२७.५४ | १५७,८५९.९५ |
| राष्ट्रिय सहकारी बैंक, सुर्यविनायक (०५३-१५-००१०४०) | ३३३,९९४.४३ | २०,००२,६७८.०८ |
| जम्मा | ५३७,३५७,६३२.२५ | ६१६,१६६,७२७.९८ |
| न्यूनः प्रभारका लागि व्यवस्था | – | – |
| खूद बैंक मौज्दात | ५३७,३५७,६३२.२५ | ६१६,१६६,७२७.९८ |

बैक तथा वित्तीय संस्थामा रहेको सम्पत्तिलाई परिशोधित लागतमा गणना गरिएको छ, र सो सम्बन्धि जोखिमलाई निरन्तर रुपमा मूल्याकँन गरिन्छ। सम्पत्तिबाट प्राप्त व्याजलाई व्याज आम्दानीमा लेखाकंन गरिएको छ।

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए रमेश बराल
आर बराल एण्ड एशोसिएटस्
चार्टड एकाउन्टेन्ट्स

ऋण लगानी हिसाब

अनुसूची-४.३

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| अपलेखित मूल्यमा मुल्याकंन गरिएको कर्जा तथा सापटी | | |
| सदस्यलाई ऋण लगानी (क) | ८२०,०१२,५४५.९६ | ७२३,५११,०८३.९६ |
| साकोस स्तरीकरण तथा सुशासन ऋण | ४९५,४९५,५५२.९६ | ६६१,५११,०८३.९६ |
| उत्पादन तथा व्यवसायिक थोक ऋण | - | २,५००,०००.०० |
| मद्धती निक्षेप धितो ऋण | ७२,०००,०००.०० | १८,०००,०००.०० |
| तरलता व्यवस्थापन ऋण | ५४,०१६,९३०.०० | ११,६६६,६६८.०० |
| व्यवसाय निरन्तरता ऋण | ६२,७३३,६१५.०० | १५,८३३,३३२.०० |
| व्यवसाय ऋण | १३५,७६६,४४८.०० | १४,०००,०००.०० |
| कर्मचारीलाई सुविधा ऋण लगानी (ख) | २,५३८,४३६.०० | २,७६३,८६९.०० |
| सवारी साधन खरिद ऋण | २,५३८,४३६.०० | २,७६३,८६९.०० |
| लगानी भएको ऋणमा असुल हुन बाँकी ब्याज (ग) | - | - |
| जम्मा ऋण लगानी हिसाब (क+ख+ग) | ८२२,५५०,९८१.९६ | ७२६,२७४,९५२.९६ |
| न्यून: प्रभार व्यवस्था | | |
| सामूहिक प्रभार | ८,२२५,५०९.८२ | २,८४८,७३७.७२ |
| एकल प्रभार | - | - |
| खूद ऋण लगानी हिसाब | ८१४,३२५,४७२.१४ | ७२३,४२६,२१५.२४ |
| FVTPL मा मूल्याङ्कन गरिएको कर्जा तथा सापटी | - | - |
| जम्मा ऋण लगानी हिसाब | ८१४,३२५,४७२.१४ | ७२३,४२६,२१५.२४ |

धितो सुरक्षणका आधारमा ऋण तथा सापटीको विश्लेषण

अनुसूची-४.३.१

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| चल अचल सम्पत्ति धितो | ७५०,५५०,९८१.९६ | २६५,६८०,५३४.०० |
| मुद्धती निक्षेप धितो | ७२,०००,०००.०० | १८,०००,०००.०० |
| बचत निक्षेप धितो | - | - |
| सामुहिक जमानत | - | - |
| सुरक्षण नगरिएको | - | ४४२,५९४,४१८.९६ |
| कुल जम्मा ऋण | ८२२,५५०,९८१.९६ | ७२६,२७४,९५२.९६ |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

एफ. सि. ए. रमेश बराल
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्टस

प्रभारका लागि व्यवस्था

अनुसूची-४.३.२

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| सामूहिक प्रभारका लागि व्यवस्था | | |
| श्रावण १ गतेको मौज्दात | २,८४८,७३७.७२ | ३४८,७३७.७२ |
| यस वर्षको प्रभार: | | |
| यस वर्ष थप | ५,३७६,७७२.१० | २,५००,०००.०० |
| यस वर्ष अशुली वा विपर्यय | – | – |
| ऋण अपलेखन | – | – |
| आषाढ अन्त्यको मौज्दात | ८,२२५,५०९.८२ | २,८४८,७३७.७२ |
| एकल प्रभारका लागि व्यवस्था | | |
| श्रावण १ गतेको मौज्दात | – | – |
| यस वर्षको प्रभार: | | |
| यस वर्ष थप | – | – |
| यस वर्ष अशुली वा विपर्यय | – | – |
| ऋण अपलेखन | – | – |
| आषाढ अन्त्यको मौज्दात | – | – |
| प्रभारका लागि जम्मा व्यवस्था | ८,२२५,५०९.८२ | २,८४८,७३७.७२ |

वित्तीय लगानी हिसाव

अनुसूची-४.४

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| परिशोधित मुल्यमा गरिएको लगानी | १,१३०,०२४,९१२.८९ | ९०,०११,८७८.३३ |
| FVTOCI मा गरिएको लगानी | ४,२००,०००.०० | १,२१०,०००.०० |
| कुल लगानी | १,१३४,२२४,९१२.८९ | ९१,२२१,८७८.३३ |

परिशोधित मुल्यमा गरिएको लगानी

अनुसूची-४.४.१

| विवरण | आ.व २०७९/०८० आषाढ मसान्तको | आ.व २०७८/०७९ आषाढ मसान्तको |
|---|---|---|
| आवधिक बचतमा लगानी | | |
| नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | ७३५,०००,०००.०० | ९०,०००,०००.०० |
| सहकारी बैंक | ३९५,०००,०००.०० | |
